# इन्सेक बुलेटिन

वर्ष ३ अङ्क १७ वैशाख-असार २०८० (संयुक्ताङ्क)




## सशस्त्र प्रहरी अधिकृतका लागि आयोजित मानव अधिकार प्रशिक्षक प्रशिक्षण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयको संयुक्त आयोजनामा सञ्चालित मानव अधिकार प्रशिक्षक प्रशिक्षण तालिम असार २९ गते काठमाडौँमा सम्पन्न भएको छ । एक सातासम्म सञ्चालित उक्त तालिममा सशस्त्र प्रहरीका डिएसपी, इन्स्पेक्टर, सई र असई गरी २५ जनाको सहभागिता रहेको थियो ।

सशस्त्र प्रहरी बल प्रधान कार्यालय हलचोकमा सञ्चालित तालिमको समापन सत्रमा सशस्त्र प्रहरीका एआइजी नारायणदत्त पौडेलले तालिममा सिकेका कुरालाई मानव अधिकार संरक्षणका लागि उपयोग गर्न सहभागीलाई अनुरोध गर्नु भएको छ । उहाँले कार्यस्थलमा खटिने क्रममा मानव अधिकार पालनाका लागि यो तालिम फलदायी हुने विश्वास पनि व्यक्त गर्नु भयो ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले मानव अधिकार शिक्षाका लागि काम गर्दै आएको इन्सेकले सरकारका विभिन्न निकायसँग सहकार्य गर्दै सहकार्य गर्दा विभिन्न निकायस शियन आएको बताउनु भयो । उहाँले यस्ता तालिमले मानव अधिकारको संरक्षणका लागि सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नु भयो ।

मानव अधिकार शिक्षाका लागि इन्सेकसँग थुप्रै अनुभव रहेको बताउँदै इन्सेकका सूचना अधिकारी कृष्ण गौतमले सशस्त्र प्रहरीसँगको सहकार्यमा मानव अधिकार प्रशिक्षक प्रशिक्षण सञ्चालनले सहकार्यको ढोका खोलेको बताउनु भयो ।

तालिममा मानव अधिकारः अवधारणा, प्रकृति र विकास, मानव अधिकारका राष्ट्रिय

### यसभित्र ....


- सशस्त्र प्रहरी अधिकृतका लागि आयोजित मानव अधिकार प्रशिक्षक प्रशिक्षण सम्पन्न/१
- सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिका परिवारका लागि शीघ्र न्याय आवश्यकतामा जोड/३
- वातावरणीय अधिकार रक्षकहरूको अवस्था विषयक अन्तरक्रिया/५
- कोशी प्रदेश/६
- मधेश प्रदेश/२
- बागमती प्रदेश/१७
- गण्डकी प्रदेश/२०
- लुम्बिनी प्रदेश/२१
- कर्णाली प्रदेश/२६
- सुदूरपश्चिम प्रदेश/३६
- प्रेस विज्ञप्ति/४४




संस्थाको भूमिका र कार्य, मानव अधिकार र मानवीय कानुनका मुद्दाहरू, नेपालमा यातना र यसको अभ्यास, नेपालमा मौलिक मानव अधिकारः संरक्षण संयन्त्र र उपचार, नेपालमा संक्रमणकालीन न्याय र शान्ति प्रक्रिया, मानव अधिकार र नेपालको अन्तर्राष्ट्रिय दायित्वहरू, अत्यधिक बल प्रयोगको सिद्धान्त र अभ्यास, निष्पक्ष परीक्षण र न्यायिक प्रशासनमा प्रहरीको भूमिका, लैङ्गिक न्याय र महिला विरुद्ध हिंसा, बाल अधिकार र बाल न्याय, प्रहरी र मानव अधिकारः सम्भावना र चुनौतीहरू, नेपालमा मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि नागरिक संस्थाको भूमिका, प्रकोप र मानव अधिकार, शरणार्थी र सीमापार मुद्दा र सशस्त्र प्रहरी बल-नेपालको भूमिका, मानव अधिकार प्रलेखीकरणलगायतका विषय समेटिएको थियो ।

उक्त विषयहरूमा इन्सेकका संस्थापक अध्यक्ष एवम् राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य सुशील प्याकुरेल, इन्सेकका पूर्व अध्यक्ष सुबोधराज प्याकुरेल, उच्च अदालतका न्यायाधीश टेकनारायण कुँवर, राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव यज्ञप्रसाद अधिकारी, गैरसरकारी संस्था महासङ्घ नेपालकी उपाध्यक्ष भावना भट्ट, सञ्चारकर्मी आरती चटौत, सशस्त्र प्रहरीका एसएसपी युवराज अर्याल, मानव अधिकार विज्ञ अच्युत आचार्य, अधिवक्ता रविन्द्र भट्टराई, मानवअधिकारकर्मी शोभाकर बुढाथोकी, तारक धिताल, श्रीराम अधिकारी, सम्झा श्रेष्ठ, मदन पौडेल, कृष्ण गौतम, रमेशप्रसाद तिमल्सिना, दीपा दिक्षितलगायतले सहजीकरण गर्नु भएको छ ।



# वातावरणीय अधिकार रक्षकहरूको अवस्था विषयक अन्तरक्रिया




अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजना तथा डिसिएको सहयोगमा नेपालमा वातावरणीय मानव अधिकार रक्षकहरूको अवस्था विषयक अन्तरक्रिया ०८० असार ५ गते सम्पन्न भएको छ ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले वातावरण अधिकार मानवको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने भएपनि सरकारको प्राथमिकतामा नपारेकोले इन्सेकले वातावरण संरक्षणको सवालमा काम गरिरहेको बताउनु भयो ।

डा. अर्यालले जयवायु परिवर्तन, जयवायु परिवर्तनका असर, चुनौती र समाधानका उपायको खोजीसँगै वातावरणीय अधिकार रक्षकको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै जलवायु परिवर्तनले मानव स्वास्थ्य, खाद्य अधिकारमा पारेको असर, वातावरण अधिकारको कानुनी व्यवस्थासँगै पहुँचवालाबाट चुनौती रहेकोले कसले कहाँ के विषयमा चुनौती दिएको भन्ने बारे अधिकारकर्मीहरूले स्पष्ट हुनु पर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका का.मु. सचिव मुरारी प्रसाद खरेलले वातावरणीय अधिकार अभियानलाई प्रभावकारी एवम् परिणाममुखी बनाउन रक्षकहरूको पहिचान, मर्यादा, संरक्षण र सुरक्षा उपर मानव अधिकार रक्षक कानुन निर्माण गर्न निरन्तर पैरवी र सहकार्यमा जोड दिनुभयो । उहाँले वातावरण अधिकारको सवालमा सचेतना तथा नीतिगत पैरवी गर्ने अधिकारकर्मीहरूको अधिकारका सवालमा राज्यलाई जवाफदेही बनाउनु पर्ने बताउनु भयो ।

कार्यक्रममा इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले वातावणका सवालहरू प्रत्यक्ष अप्रत्यक्षरूपमा अधिकारसँग जोडिएको उल्लेख गर्दै वातावरण अधिकारका सवालमा मानव अधिकार रक्षकहरूले नीतिगत तहबाट पैरवी गर्नुपर्ने बताउनु भयो ।

इन्सेकले विगत लामो समयदेखि आवश्यकताको आधारमा शिक्षा, स्वास्थ्य, खाद्य, लैङ्गिक विभेदविरूद्ध अभियान सञ्चालन गरिरहेको बताउदै मानव स्वास्थ्यको लागि वातावण संरक्षण आवश्यक रहेकोले आगामी दिनमा वातावरणका सवालमा पनि निरन्तर काम गर्ने कार्यकारी निर्देशक गौतमले बताउनु भयो ।

नाष्टका वैज्ञानिक डा. दिनेश भुजुले वातावरणीय अधिकार बारे पैरवी गर्ने मानव अधिकार रक्षकहरूको पहिचान र सुरक्षासम्बन्धी कानुनी व्यवस्था नहुँदा चुनौती रहेको बताउनु भयो । उहाँले वातावरण विज्ञान र समाज विज्ञानमा भिन्नता रहेको उल्लेख गर्दै इन्सकले तयार गरेको अध्ययन प्रतिवेदन थप परिमार्जन गर्न सुझाव दिनुभयो ।

डिसिएका कार्यक्रम प्रमुख सम्झना विष्टले वातावरणीय अधिकार रक्षकको अधिकार संरक्षणसम्बन्धी कुनै संरचनाको स्थापना हुन नसकेको, उनीहरूको क्षमता अभिवृद्धि सम्बन्धमा राज्यको तर्फबाट सम्बोधन हुन नसकेको विषयलाई इन्सेकसँग सहकार्य गरी समाजमा वातावरणीय अधिकार रक्षकहरू अवस्थाका बारेमा अध्ययन गरिएको बताउनु भयो । उहाँले वातावरणीय मानव अधिकार रक्षकहरूको सामाजिक सुरक्षा हुन नसकेको,






सरकारको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सन्दर्भमा समस्या भएको अवस्थामा इन्सेकको पहल महत्वपूर्ण भएको चर्चा गर्नुभयो ।

कार्यक्रमका सहभागीहरूले वातावरणीय मानव अधिकार रक्षक र अन्य क्षेत्रमा आबद्ध व्यक्तिबीचको पहिचान र अन्तरसम्बन्धको दायरालाई स्पष्ट पार्दै उनीहरूको मर्यादा, सम्मान र सुरक्षाको लागि सङ्घीय, प्रादेश र स्थानीय तहबाट अधिकार रक्षकसम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा इन्सेकको व्यवस्थापन प्रमुख सुभेक्षा खड्काले अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा गरिएको तथ्याङ्क सङ्कलन र त्यसबाट पाइएका वातावरणीय अधिकार रक्षकको पहिचान, सम्मान, संरक्षण, सम्बर्धदन र नियमको लागि राज्यले खेल्नु पर्ने भूमिकाका बारेमा प्रकाश गर्नु भएको थियो ।

प्रतिवेदनमा वातावरण संरक्षणका लागि काम गरिरहेका महिलाहरूले आफूहरू अधिकार रक्षक हो वा होइन भन्ने अन्यौलमै रहेको उल्लेख गर्दै महिलाहरूलाई घर, परिवार र समाजमै चुनैती रहेको बताइएको छ । वातावरणीय अधिकार अभियानलाई प्रभावकारी एवम् परिणाममुखी बनाउन रक्षकहरूको पहिचान, मर्यादा, संरक्षण र सुरक्षा उपर मानव अधिकार रक्षक कानुन निर्माण गर्नु पर्ने प्रतिवेदनमा उल्लेख छ ।

सहभागीहरूले वातावरणीय अधिकार रक्षकको सवालमा नयाँ पुस्तालाई सामेल एवम् क्रियाशील बनाएर मानव अधिकारका नविनतम आयामहरूमा सचेतना जगाउनु पर्ने बताए ।

कार्यक्रममा महिला, महिला मानव अधिकार रक्षक, एकल महिला, बालबालिका, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, यौनिक तथा लैंगिक अल्पसङ्ख्यक, सीमान्तकृत समुदाय, वातावरण र विकास, विकास र मानव अधिकार, व्यावसाय र मानव अधिकार, उपभोक्ता र मानव अधिकार लगायतका मानव अधिकारका नविनतम विषयमा सचेतना जगाउनु पर्नेमा जोड दिएका थिए ।



# सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिका परिवारका लागि शीघ्र न्याय आवश्यकतामा जोड



बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूका परिवारका लागि शीघ्र न्याय हुनुपर्नेमा इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले जोड दिनु भएको छ ।

इन्सेकद्वारा वैशाख १४ र १५ गते धुलिखेलमा आयोजित बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूका परिवारका लागि निश्पक्ष र शीघ्र न्यायसम्बन्धी परियोजनाको अभिमूखीकरण कार्यशालामा बोल्दै इन्सेकका अध्यक्ष डा. अर्यालले सो कुरामा जोड दिनु भएको हो ।

उहाँले द्वन्द्वको समयमा राज्य र तत्कालीन विद्रोही पक्ष माओवादीबाट व्यक्ति बेपत्ता पार्ने काम भएको र वर्षौं बित्दासमेत उनीहरूको अवस्था सार्वजनिक नगरिएकोप्रति चिन्ता व्यक्त गर्दै शीघ्र न्यायका लागि सरकार र सरोकारवालाको ध्यानाकर्षण गराउनु भयो ।

इन्सेकको अभिलेख अनुसार सशस्त्र द्वन्दवको क्रममा ९ सय ३१ जनालाई राज्य र विद्रोही पक्षबाट बलपूर्वक बेपत्ता पारिएको छ ।

०६३ मङ्सिर ५ गते गरिएको विस्तृत शान्ति सम्झौतामा ६० दिनभित्र बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्ने भनी उल्लेख गरिएको भएपनि अहिलेसम्म पनि उनीहरूको अवस्था सार्वजनिक गरिएको छैन ।

बेपत्ता पारिएका व्यक्तिको परिवारको अवस्थाको अध्ययन गरी उनीहरूलाई आवश्यक सहयोग गर्नका लागि यो परियोजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले बताउनु भयो ।

कार्यक्रममा आर्जु कार्कीले परियोजनाको परिचय दिनु भएको थियो भने सातै प्रदेशका संयोजकहरूले प्रदेशगत आधारमा बेपत्ता पारिएका व्यक्तिका परिवारका वर्तमान अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो ।

मानव अधिकार स्रोत केन्द्र र नेपाल मानव अधिकार वर्ष पुस्तकबारे मानव अधिकार प्रलेख तथा प्रसार विभाग प्रमुख मदन पौडेलले र मानव अधिकार शिक्षा कार्यक्रमबारे समीक्षा तथा कार्ययोजना प्रस्तुत गर्नु भएको थियो ।



# कानुन कार्यान्वयन आवश्यकः उपसभामुख दनुवार



कोशी प्रदेशसभाकी उप-सभामुख सृजना दनुवारले नेपालमा कानुन निर्माण हुने तर, कार्यान्वयनमा ध्यान नदिने प्रवृतिका कारण मानव अधिकारको उचित सम्बोधन हुन नसकेको बताउनु भएको छ ।

द लुथरन वर्ल्ड फेडेरेशन नेपालको सहयोगमा इन्सेक कोशी प्रदेश कार्यालयले जेठ १२ गते विराटनगरमा आयोजना गरेको मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा(यूपीआर) को मध्यावधिक समीक्षासम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उपसभामुख दनुवारले भएका कानुनको कार्यान्वयन भएमात्र मानव अधिकारको सम्बोधन हुने बताउनु भयो ।

उपसभामुख दनुवारले नेपाललाई संयुक्त राष्ट्रिय सङ्घीय मानव अधिकार परिषद्बबाट प्राप्त भएका सुझावहरूलाई हेर्दा नेपालको कानुनमा ति सुझावका विषयहरू समावेश भएको तर सुझाव सम्बोधनका लागि काननुको कार्यान्वयन नहुँदा मानव अधिकारको सम्बोधन अझै हुन नसकेको बताउनु भयो ।

उपसभामुख दनुवारले कानुन कार्यान्वयनको अवस्था अध्ययन गरी आवश्यक नपर्ने कानुनहरू भए त्यस्ता कानुन खारेज गर्ने, संशोधन आवश्यक पर्नेभए संशोधन गर्ने र थप कानुन आवश्यक भएमात्र नयाँ कानुन बनाउने काममा प्रदेशसभाले ध्यान पुर्याउन आवश्यक रहेको बताउनु भयो । उहाँले भन्नुभयो,'पहिले भएका काननुको पूर्ण कार्यान्वयन गरौं, अनावश्यक कानुन भए खारेज गरौं, संशोधन गर्नुपर्ने भए गरौं, तर कानुन खात लगाएर मात्रै नराखौं, कार्यान्वयनमा लैजाउँ ।'



उपसभामुख दनुवारले नेपालमा कानुन निर्माण हुने तर, कार्यान्वयनमा ध्यान नदिने प्रवृत्तिका कारण मानव अधिकार सवालमा आशा गरिएको जस्तो नजिता राज्यले दिन नसकेको बताउनु भयो । उहाँले कानुन कार्यान्वयनमा नागरिक समाजका तर्फबाट निरन्तर खवरदारी आवश्यक रहेको बताउनु भयो ।

अन्तरक्रियामा प्रदेशसभा सदस्य जयप्रकाश चौधरीले कार्यक्रममा उठेका सवालहरूलाई प्रदेशसभामा पुऱ्याउने र प्रदेशको क्षेत्राधिकारका सवाललाई सम्बोधन गर्न भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति उपप्रमुख उषा झाले नेपालमा कानुनी रूपमा सबैलाई समानता भएपनि व्यवहारमा समानता नरहेको बताउनु भयो । उहाँले मानव अधिकारमैत्री, श्रमिकमैत्री, बालअधिकारमैत्री समाज निर्माणका लागि सबैको साझा सहभागिता आवश्यक रहेको धारणा राख्नु भयो ।

मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयका निर्देशक पवन भट्टले सबै क्षेत्रमा महिला र पुरूषबिच श्रम शोषण, पारिश्रमिकमा विभेदलगायतका समस्याहरू देखिइरहेको बताउनु भयो । उहाँले मानव अधिकार विविध सवालमा राज्यले मानव अधिकार संरक्षण, सम्वर्दन र प्रर्वद्धनका लागि गरेका विविध प्रयासहरूको लेखाजोखा मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षामा हुने भएकाले सत्यतथ्य विवरणहरू प्रस्तुत गर्न आवश्यक रहेको बताउनु भयो ।

गैरसरकारी संस्था महासङ्घ केन्द्रीय सदस्य सीता शर्माले दण्डहीनताका कारण हिंसाका घटना बढिरहेकाले त्यसतर्फ राज्य सचेत हुन अवेर भएको बताउनु भयो । उहाँले दण्डहीनता अन्त्य गरेको खण्डमा मात्र नेपाललाई महिला र बालबालिकाका सवालमा मानव अधिकार परिषद्बाट प्राप्त भएका सुझावको कार्यान्वयनमा सहजता हुने बताउनु भयो ।

महिला अधिकारकर्मी साधना झाले अझै समाजले महिलालाई फरक दृष्टिकोणले हेरेको बताउनु भयो । संविधानमा महिला र पुरूष समान भनिएपनि व्यवहारमा समानता नभएको बताउनु भयो ।

सन्थाल समुदायका अगुवा त्रिभुवन टुडुले जन्मसिद्ध नागरिकता पाएका बाबु आमाका सन्तानलाई नागरिकता नदिँदा समस्या भएको बताउनु भयो । उहाँले जन्मसिद्ध नागरिकका सन्ततिलाई तत्काल नागरिकता पाउने कानुनी व्यवस्था गर्न माग गर्नुभयो ।

विश्वेश्वर ऋषिदेवले मुसहर

समुदाय खोला किनारा, सडकको किनारमा बसोवास गर्दै आएको तर, पछिल्लो समय स्थानीय सरकारले घर भत्काइदिने, उठिवास लगाइदिने गरेका कारण समस्यामा परेको गुनासो गर्नुभयो । उहाँले ऋषिदेव समुदायले भोगिरहेको नागरिकताको समस्या, बसोवासको समस्या समाधानका लागि ध्यानदिन आग्रह गर्नुभयो ।

मुस्लिम समुदायका अगुवा इमाम हैदरले मुस्लिम समुदायलाई राजनीतिको मूलधारमा ल्याउन आवश्यक रहेको बताउनु भयो। उहाँले मुलुकमा राजनीतिक परिवर्तन आएपनि राजनीतिक मुलधारमा मुस्लिम समुदाय पुग्न नसकेको गुनासो गर्नुभयो ।

परिवर्तनशील समाज मोरङकी अध्यक्ष मुस्कान श्रेष्ठले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूलाई परिचयपत्र पाउन पनि गाह्रो भइरहेको बताउनु भयो । उहाँले परिचयपत्रका लागि झण्झटिलो प्रावधान राखिएका कारण समस्या आएकाले सहज परिचयपत्र पाउने व्यवस्था गर्न आग्रह गर्नुभयो ।

इन्सेक प्रदेश कार्यालय प्रमुख सोमराज थापाको अध्यक्षतामा भएको कार्यक्रममा इन्सेक वहस तथा पैरवी विभाग प्रमुख सम्झा श्रेष्ठले मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

# मधेश प्रदेश

## प्रदेश प्रमुखलाई नेपाल मानव अधिकार वर्ष पुस्तक हस्तान्तरण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष डा. कुन्दन अर्यालले मधेस प्रदेश प्रमुख माननीय हरिशन्चन्द्र मिश्रलाई २०८० जेठ २२ गते नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ हस्तान्तरण गर्नु भएको छ ।

वर्ष पुस्तक हस्तान्तरण गर्दै अध्यक्ष अर्यालले मधेस प्रदेशका सामाजिक र साँस्कृतिक सवालहरूलाई समाधानका लागि प्रदेश सरकारसँग इन्सेकको साझेदारी र समन्वय सदैव रहिरहने बताउनु भयो ।

उहाँले मधेश प्रदेशमा मानव अधिकारका सवालहरूलाई संवोधनका लागि इन्सेकले थप जिम्मेवारीका साथ कार्यहरू गर्न तयार रहेको र यसमा प्रदेश सरकारको सहकार्य र सुझाव आवश्यक रहेको बताउनु भयो ।



मधेस प्रदेश प्रमुख मिश्रले प्रविधिको गलत प्रयोगका कारण सिर्जित सामाजिक समस्याहरूले समाजमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको संख्यामा वृद्धि भएका कारण इन्सेकले यस्ता खालका समस्याहरूको उजागर गर्दै नागरिक सचेतनामा वृद्धि गर्नु पर्ने सुझाव व्यक्त गर्नु भयो ।

इन्सेकका सुचना अधिकारी कृष्ण गौतमले मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि इन्सेकले नेपाल भरिका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूलाई अभिलेख, मानव अधिकारको अवस्था विश्लेषण र सामाजिक न्यायको स्थापनार्थ कार्य गर्दै आएको बताउनु भयो ।

इन्सेक मधेश प्रदेश कार्यालय संयोजक राजु पासवानले मानव अधिकार शिक्षा कार्यक्रम, पीडितलाई न्यायीक प्रक्रियामा सहयोग, आर्थिक सहायता प्रदान र विभिन्न जनचेतनामूलक अभियानमार्फत इन्सेक मधेस प्रदेशमा सक्रिय रहेर कार्य गर्दै आएको बताउनु भयो ।

# इन्सेकद्वारा अभिमुखिकरण कार्यक्रम शुरु



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश कार्यालयको आयोजनामा जेठ २१ गते मधेस प्रदेशको मानव अधिकार अवस्था विषयक अन्तरक्रिया कार्यक्रम जनकपुरधाममा सम्पन्न भएको छ ।

कार्यक्रममा मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले स्वतन्त्रता नै मानव अधिकारको सुन्दर पक्ष रहेको भन्दै मानव अधिकार प्रति हामी सबै गम्भीर हुनुपर्ने बताउनुभयो । उहाँले साधन स्रोतलाई सीमित जातिमा केन्द्रित गरियो भने विद्रोह हुने गरेको भन्दै मानव अधिकारका प्रतिपादित सिद्धान्तलाई सबैले पालना गर्नुपर्ने बताउनु भयो । उहाँले भन्नुभयो, "समस्यै समस्याले समाज घेरिएको छ । तर ती समस्याले एउटा दिशा पनि दिन्छ ।"

उहाँले देशमा शासन व्यवस्था फेरिएर गणतन्त्र आएपछि जनताले मानव अधिकारको अभाष गरेको भन्दै मानव अधिकारको पूर्ण पालनाका लागि शिक्षामा जोड दिनुपर्ने बताउनुभयो। उहाँले शिक्षामा जोड दियौं भने युगान्तकारी परिवर्तन हुनसक्ने बताउनुभयो ।

सभामुख मण्डलले हामी अधिकारको विषयवस्तुमा मात्रै केन्द्रित हुनेगरेको भन्दै अधिकारका साथसाथै दायित्व निर्वाह गर्नेतर्फ समेत हामीले जोड दिनुपर्ने बताउनुभयो ।




सभामुख मण्डलले संविधान र राज्यले प्रत्याभुत गरेको हक अधिकार सबै तह, बर्ग, क्षेत्र र लिंगका व्यक्तिहरूले अनुभुती गर्न पाउनु पर्ने र राज्यले यसको संरक्षण र संबर्द्धन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्र ठाकुरले मधेश प्रदेशमा मानव अधिकार पालनाको अवस्थामा विगत भन्दा धेरै सुधार भएको बताउनु भयो । उहाँले आफू मुख्य न्यायाधिवक्तामा नियुक्त भएपछि प्रदेशका जेल, प्रहरी हिरासत सहितको ठाउँमा अनुगमन गरेको चर्चा गर्नुभयो । विगतभन्दा धेरै सुधार भएको आभाष आफूलाई भएको उहाँको भनाइ रहेको थियो । सामाजिक सुधारको सूचकाङ्कलाई कायम राख्न मानव अधिकारको पूर्ण पालना जरुरी रहेको उहाँले बताउनु भयो ।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले मानव अधिकारको उलङ्घन नहुनेगरी स्थानीय प्रशासनले सजग भएर कामकाज गरिरहेको बताउनु भयो ।

धनुषामा एसपी विश्वराज खड्काले मानव अधिकार संरक्षणको सबालमा प्रहरी प्रशासन संवेदनशील रहेको बताउँदै उहाँले प्रहरीले अनुसन्धान प्रकृया अगाडी बढाउँदा यस तर्फ विशेष ध्यान दिने गरेको बताउनु भयो ।

इन्सेकका अध्यक्ष कुन्दन अर्यालले नागरिक समाज, मानव अधिकार रक्षक र राज्य बीच मानव अधिकारको रक्षाका लागि काम गर्ने बेला साझेदारीको आवश्यकता भएको बताउनु भयो ।

उहाँले इन्सेक गैरसरकारी संस्था मात्र नभएको बताउँदै उहाले इन्सेक ३१ वर्ष देखि मानव अधिकारको क्षेत्रमा काम गर्दै आएको एक अभियान पनि हो बताउनु भयो । साथै इन्सेकले मानव अधिकारको क्षेत्रमा काम गर्ने एक व्यक्तिलाई पुरस्कार समेत प्रदान गर्दै आएको बताउनुय भयो ।

इन्सेक मधेस प्रदेश कार्यालयका संयोजक राजु पासवालले कार्यक्रममा मधेस प्रदेशमा मानव अधिकारको अवस्था बारे प्रकाश पार्नु भएको थियो ।

सोही क्रममा इन्सेकका सप्तरी जिल्ला प्रतिनिधि मनोहर पोखरेललाई नगद पुरस्कार र प्रमाणपत्रसहित २०२२ को उत्कृष्ट प्रतिनिधिको रुपमा सम्मानित गरिएको थियो ।

कार्यक्रममा सहभागी भएकाहरूले मधेश प्रदेशमा दलित र पछि पारिएका



समुदायहरूले मानव अधिकारसँग सम्बन्धित विभिन्नखालका समस्याहरू भोग्न बाध्य भए पनि राज्यको ध्यान नगएको बताउनुभयो ।

कार्यक्रममा सहभागी न्यायाधिवक्ता राजकुमार महासेठले राज्यले निर्वाह गर्नुपर्ने दायित्व निर्वाह गर्न नसकेको आरोप लगाउनु भयो ।

मानव अधिकार सञ्जालका पूजा साहले विद्यालयहरूमा भर्ना भएका विद्यार्थीहरूले पढाइ छोड्ने क्रम बढ् दो भएको बताउँदै उनले यसका पछाडी बालविवाह, दुर्व्यसन कुलतमा किशोर किशोरीहरू लाग्ने हुनाले पठनपाठन प्रभावित भएको बताउनु भयो ।

ब्लु डाइमन्ड सोसाइटीका प्रदीप यादवले यौनिक अल्पसंख्यकहरू हिंसामा पर्ने गरेको र आफ्नो पहिचानको सबालमा नै ठूलो समस्या झेली रहेको बताउनु भयो ।

नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामतले स्थानीय जनप्रतिनिधिहरूले स्थानीय तहमा हुने उपभोक्ता समिति मार्फत हुने विकास निर्माणका कामहरूमा आफ्नो जातको आधारमा बनाएर सिमान्तकृत समुदायसँग विभेद गरिरहेको बताउनुभयो ।

अधिवक्ता किशोरी साहले स्थानीय तह र अदालतबाट मानव अधिकार उल्लङ्घन भईरहेको बताउँदै उनले सडक निर्माणको क्रममा जग्गाको उचित मुआब्जा नदिने र अदालतले पनि त्यस्ता पीडितलाई भर्पाई गराउन नसकेको बताउनुभयो ।

# मुख्यमन्त्रीलाई मानवअधिकार रक्षकको सुरक्षा र संरक्षणसम्बन्धी मस्यौदा विधेयक हस्तान्तरण



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्षडा.कुन्दन अर्याल नेतृत्वको टोलीले जेठ २१ गते मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई भेटि मानव अधिकारको सुरक्षा र संरक्षणसम्बन्धी मस्यौदा विधेयक हस्तान्तरण गरेको छ ।

उक्त भेटवार्ताका क्रममा अध्यक्ष अर्यालले मानव अधिकारको संरक्षण र संवर्धनमा सरकार, राज्यपक्ष, नागरिक समाज र सामाजिक संघ संस्थाहरूले संयुक्त रुपमा साझेदारी मुलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक रहेको बताउनु भयो ।

यससँगै नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ र मानव अधिकार रक्षकहरूको संरक्षण र सुरक्षा सम्बन्धी मस्यौदा विधेयक २०७८ हस्तान्तरण गर्दै अध्यक्ष अर्यालले उक्त विधेयकलाई प्रदेश सरकारमार्फत पारित गरेर मानव अधिकार र मानव अधिकार रक्षकहरूको अधिकारलाई सुरक्षितगर्नु पर्नेमा जोड दिनु भयो ।

मधेस प्रदेश सरकारका मुख्यमन्त्री यादवले मधेस प्रदेश अन्य प्रदेश भन्दा अत्यन्तै पृथक रहेको बताउनु भयो । साक्षरता दर न्यून रहेकै कारण नागरिक सचेतना र ज्ञानमा कमीरहेकाले विभिन्न आन्दोलन, राजनीतिक पूर्वाग्रह हुने गरेको उहाँले बताउनु भयो ।

शिक्षा र स्वास्थ्य लगायतका आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक र राजनीतिक जटिलताका कारण दलित र सीमान्तकृत समुदायका अधिकारहरू कुण्ठित भइरहेको विषयप्रति सरकार संवेदनशिल भएर लाग्नु पर्ने उहाँले बताउनु भयो ।

कानुनले प्रदत्त गरेका हक अधिकारहरूको प्रत्याभूति दिलाउनका निम्ती प्रत्येक व्यक्तिले आफ्नो र आफ्नो परिवारको व्यवहारमा परिवर्तन ल्याउनु आवश्यक रहेको उहाँले बताउनु भयो ।

यसैबिच इन्सेक अध्यक्ष अर्यालको टोलीले मधेस प्रदेश प्रहरी कार्यालयका प्रमुख जनक भट्टराईसँग भेटि मानव अधिकार अवस्थाका बारेमा छलफल गर्नु भएको छ । छलफलका क्रममा प्रदेश प्रहरी प्रमुख भट्टराईले मानव अधिकारको रक्षार्थ सबै निकायले समन्वयात्मक भूमिका निर्वाह गरेर अधिकारको प्राप्तिका लागि नागरिकहरूलाई सहयोग पुऱ्याउनु पर्ने आवश्यकता रहेको बताउनु भयो ।

उच्च अदालत जनकपुरधामका न्यायाधिश डालकुमार खड्का, रामेश्वर रेग्मी, रेखा थापा पाण्डे र सागर विष्ट लगायतको टोलीले नागरिकता सम्बन्धी मुद्दाहरूका परमादेश जारी गरी समाधान गर्ने गरेको भए तापनि नागरिकता प्राप्तिमा नागरिकहरूले जटिलता खेप्नु परेको बताउनु भयो ।

न्याय र न्यायिक प्रक्रियामा दलित, सीमान्तकृत र पछाडी परेका तथा पारिएका समुदायहरूको पहुँच पुऱ्याउनका निम्ती सचेतना र सशक्तिकरण सँगै आर्थिक वा रोजगारजन्य सहायता प्रदान गर्नु पर्नेमा न्यायाधिश डालकुमार खड्काले जोड दिनु भयो ।

इन्सेक अध्यक्षडा. अर्याल नेतृत्वको टोलीमा इन्सेकका कोषाध्यक्ष गिता बराल, सुचना अधिकारी कृष्ण गौतम, इन्सेक मधेस प्रदेश संयोजक राजु पासवान, प्रलेख अधिकृत मोहनकुमार चौधरी र सहायक अधिकृत बरुण बस्याल रहेको थियो ।

# देश सभामुख र मुख्य न्यायधिवक्तासँग मानव अधिकार अवस्थाबारे छलफल

अनौपचारिक क्षेत्र सेवा केन्द्र( इन्सेक) का अध्यक्ष डा. कुन्दन अर्याल लगायतको टोलिले ०८० जेठ २० गते मधेस प्रदेश सभाका सभामुख रामचन्द्र मण्डल र मधेस प्रदेश सरकारका मुख्य न्यायधिवक्ता बीरेन्द्र कुमार ठाकुरसँगको भेटघाटमा मानव अधिकार अवस्थाबारे छलफल गरेको छ ।

सभामुखसँगको छलफलमा इन्सेक अध्यक्ष डा. कुन्दन अर्यालले समग्र मानव अधिकारको अवस्था र मानव अधिकार रक्षकहरूको संरक्षण र सुरक्षा सम्बन्धी विधयेकका सन्दर्भमा छलफल गर्नुभएको थियो । सोही क्रममा उहाँले मानव अधिकारको क्षेत्रमा काम गर्ने शैलीलाई परिवर्तन गर्न र मानव अधिकार प्रति सरकारलाई दायित्व बोध गर्न इन्सेकले विगत, वर्तमान र भविष्यमा सक्रिय रहेर आफ्नो भूमिका निर्वाह गर्ने बताउनु भयो ।

यसमा सरकार र नागरिक समाज एकासाथ उभिनु पर्ने उहाँले बताँउनु भयो । उहाँले इन्सेकले तयार पारेको मानव अधिकार रक्षकहरूको संरक्षण र सुरक्षा सम्बन्धी मस्यौदा विधयेक अध्ययन गरी आवश्यक संशोधन र सुझावहरू सहित मधेस प्रदेश सभा मार्फत पारित गरी मानव अधिकार रक्षकहरूको अधिकारसँगै समग्र मानव अधिकारको संरक्षण हुनुपर्नेमा जोड दिनु भयो ।

छलफलमा मधेस प्रदेश सभाका सभामुख मण्डलले जातिय छुवाछुतको अभ्यास परम्पराका रुपमा समाजमा व्याप्त भएकै कारण हालसम्म पनि पूर्ण रुपमा अन्त्य नभएकोले यसको समाधान तर्फ सबै निकायको ध्यान केन्द्रित हुनुपर्ने बताउनु भयो ।

उहाँले कानुन र संविधानमा समानताको हक प्रदान गरिए पनि कानुनको अक्षरांश पालना नभएका कारण राज्य पक्षद्वारा गरिने जनकल्याणकारी कार्यले मूर्तरुप नपाएको बताउनु भयो ।



तसर्थ गुणस्तरीय शिक्षा, नागरिक सचेतना र मानव अधिकार शिक्षा समुदाय र परिवार स्तरसम्म पुग्न आवश्यक रहेको उहाँले बताँउनु भयो ।

उहाँले भन्नुभयो "जबसम्म समस्याको उठान र पहिचान हुँदैन तबसम्म पीडित पक्षका अधिकारहरू कुण्ठित हुन्छन्, त्यसैले जनसमुदाय समक्ष कानुनी शासन र लोकतन्त्रका समबन्धमा जनचेतना अभिवृद्धि हुनु आवश्यक छ "।

साथै उहाँले इन्सेकले तयार पारेको मानव अधिकार रक्षकको संरक्षण र सुरक्षा सम्बन्धि मस्यौदा विधेयकलाई अध्ययन गरी आवश्यक संशोधन र सुझावहरू सहित प्रदेश सरकार मार्फत अनुमोदन गाराउनका लागि पहल गर्ने बताउँदै इन्सेकले पनि प्रदेश सरकारका प्रतिनिधिहरूलाई यसबारेमा जानकारी गराउनु पर्नेमा जोड दिनु भयो ।

यसैबिच मधेस प्रदेशका मुख्य न्यायधिवक्ता बीरेन्द्र कुमार ठाकुरलाई इन्सेकका अध्यक्ष अर्याल लगायतको टोलिले मानव अधिकार रक्षकको संरक्षण र सुरक्षा सम्बन्धि विधेयकको मस्यौदा हस्तान्तरण गर्नु भयो । मस्यौदा विधेयक ग्रहण गर्दै मुख्य न्यायधिवक्ता ठाकुरले मानव अधिकारको संरक्षण कै लागि कानुनहरूको निर्माण हुने हुँदा कानुन तर्जुमा र पारित भन्दा बढि कानुनको कार्यान्यवनमा ध्यान दिनुपर्ने र नियमित नियमन हुनुपर्नेमा जोड दिनु भयो । साथै इन्सेकले तयार पारेको मानव अधिकार रक्षकको संरक्षण र सुरक्षा सम्बन्धि मस्यौदा विधेयकलाई अध्ययन गरी आवश्यक संशोधन र सुझावहरू सहित यसलाई अगाडी बढाउन तयार रहेको बताउँनु भयो ।

उक्त छलफलमा इन्सेक कोषध्यक्ष गिता बराल, इन्सेकका सुचना अधिकारी कृष्ण गौतम, इन्सेक मधेस प्रदेश कार्यालय संयोजक राजु पासवान, प्रलेख अधिकृत मोहन कुमार चौधरी र सहायक अधिकृत बरुण बस्यालको सहभागिता रहेको थियो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) का अध्यक्ष डा. कुन्दन अर्याल लगायतको टोलिले ०८० जेठ २० गते मधेस प्रदेशका मानव अधिकार रक्षक, नागरिक समाज र सरोकारवालाहरूसँग छलफल गरेको छ ।

उक्त छलफलमा अध्यक्ष अर्यालले मधेस प्रदेशलाई मानव अधिकार मैत्री प्रदेश बनाउन नयाँ शैली र नवीनतम सोचका साथ सबै सरोकारवालाहरू सक्रिय भएर लाग्न आवश्यक रहेको बताउनु भयो ।

समाजमा व्याप्त असमानता र विभेदको अन्त्य गर्दै प्रत्येक व्यक्ति र घरलाई मानव अधिकारमैत्री बनाउन सके मात्र मानव अधिकार शब्दले सार्थकता पाउने उहाँले बताउनु भयो । उहाँले मानव अधिकारको विषयलाई थप बलियो बनाउन सरकारसँग साझेदारी कार्यक्रमहरू सञ्चालन हुनु पर्नेमा जोड दिनु भयो ।

उहाँले बढ्दो साइबर अपराधलाई नियन्त्रण गर्नका लागि मानव अधिकारकर्मीहरूले सरकारको ध्यानाकर्षण गराउनु पर्ने र प्राथमिकताका साथ यस्ता अपराधिक क्रियाकलापको अनुगमन बढाई पीडितलाई न्यायिक प्रक्रियामा सहयोग पुऱ्याउनु पर्ने बताउँनु भयो ।

इन्सेक कोषाध्यक्ष गिता बरालले नागरिकका आधारभूत आवश्यकतालाई पुरा गर्नुपर्ने सरकारको दायित्वलाई नागरिक समाजले सम्झाइ रहनु पर्ने बाध्यतात्मक अवस्थाको अन्त्य हुनुपर्ने बताउँनु भयो ।

वरिष्ठ अधिवक्ता किशोरी साहले प्रशासनिक निकाय र न्यायलय निष्पक्ष, स्पष्ट र राजनितिक प्रभाव मुक्त नहुन्जेल हरेक नागरिकको मानव अधिकारको सुनिश्चितता नहुने बताउँनु भयो । उहाँले साइबर अपराधका मुद्दा हेर्नका लागि विशिष्ट अदालत वा प्रदेश स्तरमा छुट्टै अदालतको आवश्यकता रहेका बताउनु भयो ।

मधेस प्रदेश सरकारका प्रेस सल्लाहकार सीताराम अग्रहरीले समुदाय तथा समाजमा शताब्दी पुरानो मानसिकता हालसम्म विद्यमान रहेका कारण यसको अन्त्यका लागि घरघरमा मानव अधिकार अभियानलाई पुऱ्याउनु पर्नेमा जोड दिनु भयो । धार्मिक, सामाजिक र राजनितिक रुपमा जोडिएका सम्पूर्ण व्यक्तिहरूका सामाजिक विचार र धारणा मानव अधिकार मैत्री हुनैपर्ने र त्यसको व्यवहारिक रुपमा प्रभावकारी कार्यान्वन नहुन्जेल सम्म समाज यथास्थितीमा नै रहिरहने बताउँनु भयो । उहाँले अभिभावक र शिक्षक शिक्षीकाले बालबालिकालाई दिने शिक्षा र ज्ञान मानव अधिकारमैत्री हुनुपर्नेमा जोड दिनु भयो ।

महिला मानव अधिकार रक्षक सञ्जाल मधेस प्रदेशका अध्यक्ष रेखा झाले नागरिकता प्राप्त गर्ने र विवाहका लागी कानुनी रुपमा अनुमति प्राप्त गर्ने उमेरहरूमा भिन्नता रहेका कारण कतिपय मानव अधिकार उल्लङ्घनका घटनाहरू सिर्जित हुने बताउनु भयो । जसकारण झुठा मुद्दा दर्ता भइ स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकार, शिक्षा, स्वास्थ्य र रोजगारी लगायतका अधिकारहरू हनन् हुने झाँ ले बताउनु भयो । उहाँले कर्मचारीतन्त्रमा राजनितिक दल र राजनितिकर्मीहरूको प्रभाव रहुन्जेलसम्म मानव अधिकारको सुनिश्चितता हुने कुरामा ढुक्क हुन नसकिने बताउँनु भयो ।

गैर सरकारी संस्था नेपालका प्रतिनिधि राम चन्द्र साहले चलचित्र, संगित, पत्रपत्रिका जस्ता प्रत्यक्ष रुपमा नागरिक सम्म पुग्ने समाग्रीहरूमा परम्परा देखि नै पुरुषप्रधानता र पितृसत्तात्मक सोचहरूलाई समेटिएका कारण नागरिकको मानसिकतामा यस्ता विषयवस्तुहरूले जरा गाडेका कारण यस विषयहरू प्रति सरकारले निगरानी बढाउन आवश्यक रहेको बताँउनु भयो ।

नेपाल पत्राकार महासङ्घ धनुषाका उपाध्यक्ष अवधेस कामतले अधिकारको संरक्षण र संवर्द्धनका लागि जिल्ला समन्वय समितिको अधिकार क्षेत्रलाई बढाउनु पर्ने र स्थानिय सरकारसँग समन्वय गरी हरेक क्षेत्रको नियन्त्रण र नियमन संयन्त्रलाई बलियो बनाउनु पर्नेमा जोड दिनु भयो । उहाँले पत्राकार महासङ्घमा आवद्ध व्यक्ति भन्दा धैरैको संख्यामा मिडियाकर्मीहरू विशेष गरी बिना दर्ताका युट्युब च्यानलहरू मर्फत घटनाको संवेदनशिलतालाई ध्यान नदिने कारण साइबर अपराधको संख्या बढेको बताउनु भयो ।

ओरक धनुषा जिल्ला संयोजक सिर्जना अर्यालले घरेलु हिंसाका घटनाहरू रोकथामका लागि सबै सरोकारवालाहरूले चासो नबढाए भविष्यमा यस्ले विकराल रुप लिन सक्ने बताँउनु भयो ।

उक्त छलफलमा इन्सेकका सुचना अधिकारी कृष्ण गौतम, इन्सेक मधेस प्रदेश कार्यालय संयोजक राजु पासवान, इन्सेककर्मीहरू, मानव अधिकारकर्मीहरू, नागरिक समाज र सरोकारवाला निकायहरूको सहभागिता रहेको थियो ।

# मानव अधिकार अवस्थाबारे सरोकारवालाहरूसँग छलफल



अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) का अध्यक्ष डा. कुन्दन अर्याल लगायतको टोलिले ०८० जेठ २० गते मधेस प्रदेशका मानव अधिकार रक्षक, नागरिक समाज र सरोकारवालाहरूसँग छलफल गरेको छ ।

उक्त छलफलमा अध्यक्ष अर्यालले मधेस प्रदेशलाई मानव अधिकार मैत्री प्रदेश बनाउन नयाँ शैली र नवीनतम सोचका साथ सबै सरोकारवालाहरू सक्रिय भएर लाग्न आवश्यक रहेको बताउनु भयो ।

समाजमा व्याप्त असमानता र विभेदको अन्त्य गर्दै प्रत्येक व्यक्ति र घरलाई मानव अधिकारमैत्री बनाउन सके मात्र मानव अधिकार शब्दले सार्थकता पाउने उहाँले बताउनु भयो । उहाँले मानव अधिकारको विषयलाई थप बलियो बनाउन सरकारसँग साझेदारी कार्यक्रमहरू सञ्चालन हुनु पर्नेमा जोड दिनु भयो ।

उहाँले बढ्दो साइबर अपराधलाई नियन्त्रण गर्नका लागि मानव अधिकारकर्मीहरूले सरकारको ध्यानाकर्षण गराउनु पर्ने र प्राथमिकताका साथ यस्ता

अपराधिक क्रियाकलापको अनुगमन बढाई पीडितलाई न्यायिक प्रक्रियामा सहयोग पुऱ्याउनु पर्ने बताउँनु भयो ।

इन्सेक कोषाध्यक्ष गिता बरालले नागरिकका आधारभूत आवश्यकतालाई पुरा गर्नुपर्ने सरकारको दायित्वलाई नागरिक समाजले सम्झाइ रहनु पर्ने बाध्यतात्मक अवस्थाको अन्त्य हुनुपर्ने बताउँनु भयो ।

वरिष्ठ अधिवक्ता किशोरी साहले प्रशासनिक निकाय र न्यायलय निष्पक्ष, स्पष्ट र राजनितिक प्रभाव मुक्त नहुन्जेल हरेक नागरिकको मानव अधिकारको सुनिश्चितता नहुने बताउँनु भयो । उहाँले साइबर अपराधका मुद्दा हेर्नका लागि विशिष्ट अदालत वा प्रदेश स्तरमा छुट्टै अदालतको आवश्यकता रहेका बताउनु भयो ।

मधेस प्रदेश सरकारका प्रेस सल्लाहकार सीताराम अग्रहरीले समुदाय तथा समाजमा शताब्दी पुरानो मानसिकता हालसम्म विद्यमान रहेका कारण यसको अन्त्यका लागि घरघरमा मानव अधिकार अभियानलाई पुऱ्याउनु पर्नेमा जोड दिनु भयो । धार्मिक, सामाजिक र राजनितिक रुपमा जोडिएका सम्पूर्ण व्यक्तिहरूका सामाजिक विचार र धारणा मानव अधिकार मैत्री हुनैपर्ने र त्यसको व्यवहारिक रुपमा प्रभावकारी कार्यान्वन नहुन्जेल सम्म समाज यथास्थितीमा नै रहिरहने बताउँनु भयो । उहाँले अभिभावक र शिक्षक शिक्षीकाले बालबालिकालाई दिने शिक्षा र ज्ञान मानव अधिकारमैत्री हुनुपर्नेमा जोड दिनु भयो ।

महिला मानव अधिकार रक्षक सञ्जाल मधेस प्रदेशका अध्यक्ष रेखा झाले नागरिकता प्राप्त गर्ने र विवाहका लागी कानुनी रुपमा अनुमति प्राप्त गर्ने उमेरहरूमा भिन्नता रहेका कारण कतिपय मानव अधिकार उल्लङ्घनका घटनाहरू सिर्जित हुने बताउनु भयो । जसकारण झुठा मुद्दा दर्ता भइ स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकार, शिक्षा, स्वास्थ्य र रोजगारी लगायतका अधिकारहरू हनन् हुने झाँ ले बताउनु भयो । उहाँले कर्मचारीतन्त्रमा राजनितिक दल र राजनितिकर्मीहरूको प्रभाव रहुन्जेलसम्म मानव अधिकारको सुनिश्चितता हुने कुरामा ढुक्क हुन नसकिने बताउँनु भयो ।

गैर सरकारी संस्था नेपालका प्रतिनिधि राम चन्द्र साहले चलचित्र, संगित, पत्रपत्रिका जस्ता प्रत्यक्ष रुपमा नागरिक सम्म पुग्ने समाग्रीहरूमा परम्परा देखि नै पुरुषप्रधानता र पितृसत्तात्मक सोचहरूलाई समेटिएका कारण नागरिकको मानसिकतामा यस्ता विषयवस्तुहरूले जरा गाडेका कारण यस विषयहरू प्रति सरकारले निगरानी बढाउन आवश्यक रहेको बताँउनु भयो ।

नेपाल पत्राकार महासङ्घ धनुषाका उपाध्यक्ष अवधेस कामतले अधिकारको संरक्षण र संवर्द्धनका लागि जिल्ला समन्वय समितिको अधिकार क्षेत्रलाई बढाउनु पर्ने र स्थानिय सरकारसँग समन्वय गरी हरेक क्षेत्रको नियन्त्रण र नियमन संयन्त्रलाई बलियो बनाउनु पर्नेमा जोड दिनु भयो । उहाँले पत्राकार महासङ्घमा आवद्ध व्यक्ति भन्दा धेरैको संख्यामा मिडियाकर्मीहरू विशेष गरी बिना दर्ताका युट्युब च्यानलहरू मर्फत घटनाको संवेदनशिलतालाई ध्यान नदिने कारण साइबर अपराधको संख्या बढेको बताउनु भयो ।

ओरक धनुषा जिल्ला संयोजक सिर्जना अर्यालले घरेलु हिंसाका घटनाहरू रोकथामका लागि सबै सरोकारवालाहरूले चासो नबढाए भविष्यमा यस्ले विकराल रुप लिन सक्ने बताँउनु भयो ।

उक्त छलफलमा इन्सेकका सुचना अधिकारी कृष्ण गौतम, इन्सेक मधेस प्रदेश कार्यालय संयोजक राजु पासवान, इन्सेककर्मीहरू, मानव अधिकारकर्मीहरू, नागरिक समाज र सरोकारवाला निकायहरूको सहभागिता रहेको थियो ।

# मानवअधिकारको विश्वव्यापी आवधिक समिक्षा (युपीआर) को मध्यावधि समिक्षा सम्बन्धी प्रदेश स्तरीय परामर्श कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा जेठ ११ गते मानवअधिकारको विश्वव्यापी आवधिक समिक्षा (युपीआर) को मध्यावधि समिक्षा सम्बन्धी प्रदेश स्तरीय परामर्श कार्यक्रम जनकपुरधाममा सम्पन्न भएको छ ।



कार्यक्रममा मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले अधिकार संगसंगै कर्तव्यको पालना गर्नु पनि हरेक नागरिकको दायित्व भएको बताउनु भयो । उहाँले अधिकार र कर्तव्य दुवै एक सिक्का दुई पाटा भएको हुँदा सबैले पालना गरे

मात्र मानव अधिकारको संरक्षण र सम्बर्द्धन हुन सक्ने बताउनु भयो ।

त्यस्तै गरी, सभामुख मण्डलले एउटा मानवले अर्को मानवलाई सम्मान गरेर गौरवान्वित तुल्याउनु नै मानव अधिकारको प्राथमिकता हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "हामी आफ्नो सम्मान खोज्छौं तर अरुको सम्मान गर्दैनौं, अनि फेरी भन्छौं मानव अधिकारको सम्मान भएन । यो ठूलो विडम्बना हो ।"

सभामुख मण्डलले मानव अधिकारको सवालमा हाम्रो समाज दुई धारमा विभक्त रहेको बताउँदै उहाँले भन्नुभयो, "जसमा धनीले गरिबको सम्मान गर्दैन् वा पुजीपति वर्गले गरिबको सम्मान गर्दैन तर फेरी उसैले आफूलाई सम्मान होस भन्ने चाहन्छ यही हाम्रो समाजमा चलिरहेको छ।"

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेशका प्रमुख मञ्जु खतिवडाले दण्डहीनतालाई प्रोत्साहन गर्ने र अपराधिक कार्यलाई राजनीतिक लेपन लगाउने काम कुनैपनि राजनीतिक दलहरूबाट नहुनु पर्ने बताउनुभयो । उहाँले यस्तो गरिए लोकतन्त्र झनै कमजोर हुने बताउनुभयो ।

खतिवडाले मानव अधिकार, कानुनको शासन र दण्डहीनताको विषय नेपालको मात्रै हैन यस्ता विषयमा अन्तर्राष्ट्रिय जगतले पनि सुक्ष्म दृष्टि लगाइरहेको हुँदा राज्यले यस तर्फ गम्भीर भएर सोच्नु पर्ने आवश्यक्ता रहेको बताउनुभयो ।

कार्यक्रममा प्रदेश सांसद शारदा देवी थापाले राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा महिलाका लागि धेरै नीति र कार्यक्रमहरू भएतापनि कार्यान्वयनमा चुनौती देखिएको बताउनु भयो । उहाँले महिलाले भोग्दै आएका हिंसा, शोषण र विभेदबाट उन्मुक्ति प्राप्त गर्नका लागि सर्व प्रथम शिक्षामा महिलाको पहुँच सुनिश्चित गरिनु पर्ने कुरामा जोड दिनुभयो ।

इन्सेक मधेस प्रदेशका संयोजक राजु पासवानको अध्यक्षता सम्पन्न कार्यक्रममा इन्सेकका कार्यक्रम निर्देशक सम्झना श्रेष्ठले युपीआर सम्बन्धी जानकारी र कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।

# आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारबारे प्रदेश स्तरीय कार्यशाला सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश कार्यालय जनकपुरधामले वैशाख २५ गते धनुषाको लालगढमा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सबालमा प्रदेश सरकारको दायित्व र भूमिका विषयक कार्यशाला गोष्ठी सम्पन्न गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले समतामुलक समाज निर्माणको लागि आर्थिक समृद्धि हुनु आवश्यक रहेको उल्लेख गर्नु हुँदै नागरिकको जीवनसँग जोडिएको सबाललाई राज्यले सम्बोधन गर्नु पर्ने बताउनु भयो ।

सभामुख मण्डलले भन्नु भयो,- "राज्यले शिक्षा, स्वास्थ्य र रोजगारीको समुचित प्रबन्ध गर्नु पर्दछ, शिक्षा र स्वास्थ्यको नाममा अहिले व्यापारीकरण भएको छ, युवाहरू रोजगारीका लागि खाडी मुलुक गएर ५० डिग्री तापक्रममा खटिनु पर्ने बाध्यता छ, त्यसैले सरकारले यसतर्फ गम्भीर भएर कदम चाल्नु पर्दछ ।"

प्रदेश सभा सदस्य शारदा देवी थापाले राज्यले नीति र कानुन बनाएपनि




पीडित पक्षबाट उजुरी नआएसम्म कारबाही नहुने भएकोले अभियन्ताहरूले जनचेतना मुलक कार्यक्रमहरू टोल टोल र बस्ती स्तरसम्म गर्नुपर्ने आवश्यक्ता रहेको बताउनु भयो । उहाँले कानुन कागजी दस्तावेज भएको तर यसको व्यवहारिक कार्यान्वयन पक्ष कमजोर रहेको बताउनु भयो ।

जनप्रतिनिधिहरूले आफ्नो जिम्मे-वारी र दायित्व बोध गरे/नगरेको बारेमा नागरिक समाजका प्रतिनिधिहरूले निगरानी गर्नु पर्नेमा प्रदेश सभा सदस्य थापाले जोड दिनु भयो ।

प्रदेश सभा सदस्य चन्दन कुमार सिंहले जनप्रतिनिधिहरूले दलित, विपन्न तथा सीमान्तकृत समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको परिपुर्तिका लागि ती समुदायको समस्या पहिचान गरी वास्तविक तथ्याङ्कगत विकासका अवधारणा समेटिने गरी नीति तथा कार्यक्रम सरकारले ल्याउनु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा उठेका सबाललाई कार्यक्रम तथा कानुन निर्माण गरेर नागरिकको अधिकार सुनिश्चितताका लागि पहल गर्ने उहाँले बताउनु भयो ।

मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता विरेन्द्र कुमार ठाकुरले अन्य प्रदेश भन्दा मधेस प्रदेशको साक्षरता दर कम हुनुको

कारण बारे अध्ययन अनुसन्धान गरी विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी रुपमा लैजानु पर्नेमा जोड दिनु भयो । कानुन बन्दैमा नागरिकको अधिकार सुनिश्चित नहुने हुँदा सोको कानुन कार्यान्वयन भएमात्र नागरिकका अधिकार सुनिश्चित हुने उहाँले बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेश कार्यालयका प्रमुख मञ्जु खतिवडाले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सबालमा अझ पनि राज्यले आफ्नो उत्तरदायि भूमिका निर्वाह गर्न नसकेको बताउनु भयो । उहाँले यस्ता सबालहरूलाई राज्यले प्राथमिकतामा राखेर काम गर्नु पर्ने बताउनु भयो ।

नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अबधेश कामतले केन्द्रीकृत विकासमा ध्यान दिनु पर्ने उल्लेख गर्दै खाद्य सुरक्षा र स्वास्थ्य अधिकारको परिपुर्ति गर्नु पर्नेमा जोड दिनु भयो ।

मिथिला नगरपालिकाको उपमेयर सुनिता सिंह बुढाथोकीले छलफल तथा कार्यक्रमबाट आएका नागरिकका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारका सबालहरू प्रदेश सरकारको नीति तथा कार्यक्रमहरूमा समावेश गरी कार्यान्वयन गरिनुपर्नेमा जोड दिनुभयो ।

मधेस प्रदेश स्वास्थ्य निर्देशनालयका निमित्त निर्देशक श्रवण कुमार नायकले स्वास्थ्य तथा स्वास्थ्य सुरक्षाको अधिकार र कानुन बारे सबै नागरिकहरू जानकार नभएकै कारण स्वास्थ्य क्षेत्रमा उल्लेख्य सुधार हुन नसकेको बताउनु भयो । स्वास्थ्य क्षेत्रमा सरकारले छुट्याउने बजेट अपुग भएकै कारण गुणस्तरीय स्वास्थ्य सेवा दिन नसकेको उहाँको भनाई थियो ।

कार्यक्रममा इन्सेक मधेस प्रदेश संयोजक राजु पासवानले सन् १९६६ को १६ डिसेम्बरका दिन संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित गरिएको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपालद्वारा सन् १९९१ को १४ मेका दिन अनुमोदन गरेको उल्लेख गर्दै नागरिकका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारबारे प्रस्तुतीकरण गर्नु भएको थियो ।

# प्रदेश स्तरीय मानव अधिकार र बाल अधिकार सचेतना समूहको बैठक सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशको आयोजनामा २०८० वैशाख ७ गते प्रदेश स्तरीय मानव अधिकार समूह र बाल अधिकार सचेतना समूहको बैठक सम्पन्न गरिएको छ ।

इन्सेक मधेस प्रदेश कार्यालय जनकपुरधाममा भएको सो बैठकमा मानव अधिकारमैत्री समाज निर्माणका लागि बाल अधिकार समूह र मानव अधिकार समूहले दुई वर्षे कार्ययोजना निर्माण गरेका छन् । उक्त कार्ययोजनाले शिक्षा, स्वास्थ्य, वातावरण र विभेद विरुद्धका हकहरूको संरक्षण र संर्वद्धन गर्दै स्थानिय तहमा मानव अधिकार शिक्षालाई प्रभावकारी बनाउने लक्ष्य राखेको मानव अधिकार समूहका अध्यक्ष पुजा साहले बताउनु भयो ।

मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (०७७/७८-८१/८२ ) अनुसार स्थानिय तह समन्वय समिति गठनका लागि माग गर्ने, वडा स्तरीय मानव अधिकार समूह गठन गर्ने र पाँचौं राष्ट्रिय कार्ययोजनाको मर्म अनुरुप मानव अधिकार मैत्री समाज निर्माणका लागि अवधारणा पत्र तयार गरी स्थानिय सरकार समक्ष कार्यक्रम र अभियान सञ्चालनका लागि माग गर्ने निर्णय गरिएको मानव अधिकार समूहका सचिव दिवेश कुमार महतोले बताउनु भयो ।

त्यस्तै इन्सेकले फागुन २९ गते गठन गरेको मधेस प्रदेश स्तरीय बाल अधिकार सचेतना समूहका अध्यक्ष हरिचन्द्र साहले मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनामा बाल अधिकार र बाल न्याय अर्न्तगत उल्लेख गरिएका कार्ययोजनाहरूको यथाशिघ्र कार्यान्वयन गराउन स्थानिय तहको योजना शाखामा ध्यानाकर्षण गराउने निर्णय गरेको बताउनु भयो ।

त्यस्तै समूहकी कोषाध्यक्ष उमा कुमारी महतोले बटेश्वर गाँउपालिकाको शिवशक्ति माध्यमिक विद्यालयमा विगत ६ महिना देखि विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेकोले उक्त समस्याको यथाशिघ्र समाधानका लागी मधेस प्रदेशको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयमा ध्यानाकर्षण गराउने निर्णय गरिएको जानकारी गराउनु भयो ।

साथै लक्ष्मी माध्यमिक विद्यालयमा गठित बाल अधिकार सचेतना समूहका अध्यक्ष रुपेश कुमार सिंहलाई प्रदेश स्तरीय बाल अधिकार सचेतना समूहको सदस्यको रुपमा सर्वसम्मत निर्वाचित गरिएको समूहका सचिव राज यादवले बताउनु भयो ।

बैठकमा इन्सेक मधेस प्रदेश कार्यालयका संयोजक राजु पासवानले स्थानिय स्तरमा मानव अधिकार समूह र बाल अधिकार समूहले पहिचान गरेका तर समाधान हुन नसकेका समस्याहरूलाई प्रदेशस्तरको मानव अधिकार समूह र बाल अधिकार सचेतना समूह मार्फत समाधानका लागी नेतृत्व लिन समूहका पदाधिकारी र सदस्यहरूलाई अनुरोध गर्नु भयो ।

त्यस्तै इन्सेक मधेस प्रदेश कार्यालयका सहायक अधिकृत बरुण बस्यालले मानव अधिकारमैत्री समाज निर्माणका लागि तर्जुमा गरिएको अवधारणा पत्र प्रस्तुत गर्दै मानव अधिकार समूह र बाल अधिकार सचेतना समूह मार्फत मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको प्रभावकारी लागि जनप्रतिनिधि, कर्मचारी र नागरिक समाजलाई सचेत र जिम्मेवार बनाउदै लैजाने बताउँनु भयो । बैठकमा धनुषा र सप्तरी जिल्लाबाट दुई समूहका कुल १७ जनाको सहभागिता रहेको थियो ।

# डिस्चार्ज गरे पनि घर जान नपाएकी मन्तोरीया देवीको अवस्थाबारे इन्सेकको अनुगमन

मोटरसाइकल दुर्घटनामा परी घाइते भएकी सबैला नगरपालिका-९ भटिहनटोल की ३९ वर्षीया मन्तोरीया देवी रायको जनकपुरधामस्थित न्युरो अस्पतालले उपचारपछि डिस्चार्ज गरे पनि घर जान नपाएको घटनाबारे इन्सेक प्रतिनिधि टोलीले चैत २९ गते अनुगमन गरेको छ।

इन्सेक मधेस प्रदेश संयोजक राजु पासवान र कार्यक्रम फोकल पर्सन बरुण बस्यालले न्युरो अस्पतालमा पुगी पीडित मन्तोरीय देवी र उहाँको ससुरा रामप्रसाद रायसँग छलफल गर्नुभएको थियो। अनुगमनका क्रममा मन्तोरिया देवी तथा पीडित परिवार, अस्पताल प्रशासन, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी र सबैला नगरपालिकाका नगर प्रमुखसँग छलफल गरेको छ।

इन्सेक प्रतिनिधिसँगको भेटमा पीडित मन्तोरिया देवी रायले न्युरो अस्पतालले आफूलाई उपचार गरेपनि आर्थिक अभावका कारण सबै रकम नदिएका कारण एक महिनादेखि अस्पतालमै बस्नु परेको बताउनु भयो । आफूलाई ठक्कर दिने मोटरसाइकल चालकले उपचारमा रकम नतिरेको र आफूसँग उपचारमा लाग्ने रकम तिर्ने हैसियत नभएका कारण समस्यामा परेकाले डिस्चार्जका लागि पहल गरिदिन पीडित मन्तोरिया देवीले इन्सेक मधेस प्रदेश संयोजक पासवानलाई आग्रह गर्नुभएको थियो।

मोटरसाइकलले ०७९ माघ १२ गके दिउँसो ठक्कर दिँदा मोटरसाइकलमा लुगा लटपटिएर २१ फिटसम्म घिसार्दा ठाउको, पेट र खुट्टामा चोट लागेको पीडित मन्तोरिया देवीले बताउनु भयो । पीडित मन्तोरिया देवीको पेटमा चोट लागेको र दायाँ खुट्टामा स्टिल लगाइएको अस्पतालले जनाएको छ।

पीडित मन्तोरीया देवीको ससुरा रामपसाद रायले बुहारीलाई ठक्कर दिने बा ६१ प ३६३३ नम्बरको मोटरसाइकल चालक सहिदनगर नगरपालिका-१ बेमरखीटोलका २५ वर्षीय दिपक कुमार रायविरुद्ध माघ २० गते उजुरी दिएको बताउनु भयो । तर, मोटरसाइकल चालकले उपचार खर्च नदिएको र सोको लागि कसैले पहल नगरेको उनले दु:खेसो पोखेका थिए। ऋण काढेर र समाजमा चन्दा उठाएर पाएको करिब ७ लाख रुपियाँ रकम अस्पताललाई तिरेको उहाँको भनाइ थियो।

अस्पतालका सञ्चालक अजय राउतले अस्पतालको फार्मेसीलाई ५ लाख २३ हजार ९ सय ७५ तिर्नुपर्नेमा ३ लाख १८ हजार तिरेको र अस्पताललाई तिर्नुपर्ने ९ लाख ८४ हजार ३ सय मध्ये ३ लाख ४२ हजार तिरेपनि अस्पताल र फार्मेसीको गरी कूल ८ लाख ४८ हजार २ सय ७५ रुपियाँ तिर्नु पर्ने देखिएकोले सो रकम पाउनु पर्ने इन्सेक प्रतिनिधि टोलीलाई बताउनु भयो। उपचारमा कुनै कसर बाँकी नराखेर उपचार गरेकोले सो रकम पाउनुपर्ने उहाँको भनाइ थियो । त्यस रकममा आपसी सल्लाहबमोजिम अधिकतम रकम छुट गर्न तयार रहेको समेत उहाँले बताउनु भयो।

इन्सेक मधेस प्रदेशको टोलीले धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीलाई भेटि न्यूरो अस्पतालमा रहेकी मन्तोरीया देवी राउतको घटना बारे छलफल गरेको थियो । छलफलमा सहायक प्रमुख जिल्ला अधिकारीले डिस्चार्ज भइसकेपछि उपचार खर्च नदिएको बहानामा कसैलाई अस्तालमा राख्न नहुने र सोको लागि पहल गरिरहेको इन्सेक मधेस प्रदेश संयोजक पासवानलाई बताउनु भयो । मान्तोरीया देवी रायलाई न्यूरो अस्पतालबाट डिस्चार्ज गर्ने विषयमा आफू लागि परेको सबैला नगरपालिकाका नगर प्रमुख कारीराम यादवले बताउनु भएको थियो ।

पीडित मन्तोरीयाको बलियो संरक्षक नहुँदा र सरकारका कुनै पनि संयन्त्र अस्पतालमा भएका विरामीहरूको अनुगमन नगर्ने प्रवृत्तिका कारण यसरी मन्तोरिया जस्ता दर्जनौं बिरामीहरू समस्यामा पर्ने गरेको न्युरो अस्पतालका बजार व्यवस्थापक सञ्जय कुमार मण्डलले अनुगमन टोलीलाई बताँउदै यसमा तीन ओटै तहका सरकारको ध्यानाकर्षण गराउन इन्सेकको अनुगमन टोलीलाई अनुरोध गर्नुभयो।

यसैबिच, पीडित मन्तोरीया देवी रायलाई न्युरो अस्पतालबाट चैत २९ गते डिस्चार्ज गरेको छ।

जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले बिरामीलाई हालका लागी घरमा पठाउन भनेको र सबैला नगरपालिकाका मेयर कारीराम यादवले कार्यपालिकाको बैठकबाट पीडित मन्तोरीया रायलाई १ लाख रुपियाँ सहयोग गर्ने र सो रकम पीडितमार्फत प्रदान गरिने बताएपछि डिस्चार्ज गरी बिरामीलाई पठाइएको न्यूरो अस्पतालका सञ्चालक राउतले बताउनु भयो।

सबैला नगरपालिकाका मेयर यादवले तत्काललाई १ लाख रुपिँया पीडित मन्तोरीया देवी मार्फत सो रकम अस्पताललाई उपलब्ध गराइने र उपचारमा लागेको रकमका लागि पहल गर्ने अस्पताल संचालकसँग कुराकानी गरेपछि बिरामी घर जान पाएको बताउनु भयो। बिरामीको उपचारका लागि लागेको अस्पतालको बिल भुक्तानी खर्चका लागी आवश्यक पहलकदमी लिन इन्सेकलाई उहाँले अनुरोध समेत गर्नु भएको छ।

# मानव अधिकारका लागि सरकारसँग साझेदारी र खबरदारी गर्नु आवश्यक: अध्यक्ष डा.अर्याल



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष डा. कुन्दन अर्यालले मानव अधिकारका लागि सरकारसँग साझेदारी र सरकारलाई खबरदारी गर्नु पर्नेमा जोड दिनु भएको छ।

इन्सेक मधेस प्रदेशको आयोजनामा जेठ २५ गते वीरगंजमा आयोजित मानव अधिकार, सामाजिक न्याय र आजको सन्दर्भ विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले सो कुरामा जोड दिएका हुन्।

इन्सेकका अध्यक्ष डा. अर्यालले नेपालको संविधानमा उल्लेख भएका मौलिक हक र नेपाल पक्ष राष्ट्र भएका मानव अधिकार सम्बन्धी महासन्धिहरू साथै नेपालले गरेका प्रतिवद्धता पुरा गर्ने जिम्मेवारी सबैको भएको बताउनु भयो। मानव अधिकार राष्ट्रिय कार्ययोजना बनाएर राज्यले राम्रो कार्य गरेकोले सो कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा राज्यले अझ बढि जोड गर्नुपर्ने बताउनु भयो।

उहाँले संविधान र कानुनले दिएको अधिकार कुनै नागरिकले उपभोग गर्न नपाएमा मानव अधिकार उल्लङ्घन भएकाले राज्यका जिम्मेवारी निकाय चुकेको भन्ने बुझ्नु पर्ने बताउनु भयो। उहाँले राज्यका निकाय र पदाधिकारीहरूलाई जिम्मेवारी बनाउने र नागरिक सचेतना गर्न फरक तरिकाले नागरिकसँग सहकार्य गर्न आवश्यक रहेको बताउनु भयो।

जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले इन्सेकद्वारा प्रस्तुत मानव अधिकार उल्लङ्घन घटनाका तथ्यांक अनुसार मानव अधिकारको अवस्था सन्तोषजनक नरहेकोले मानव अधिकारसम्बन्धी जनचेतना मुलक कार्यमक्रमहरू आवश्यक रहेको बताउनु भयो।

नागरिकको अपेक्षा राज्यसँगै बढी रहेको उहाँले उल्लेख गर्नु हुँदै श्रोत साधनका कारण नागरिकको अपेक्षा अनुसार प्रहरी प्रशासनले काम गर्न नसकेको बताउनु भयो।

बीरगंज महानगरपालिकाका निर्वतमान नागर प्रमुख बिजय सरावगीले नागरिकले महसुस गर्ने गरि मानव अधिकारको उपयोग गर्न पाउने वातावरण मिलाउन सबैले अझ पहल गर्नुपर्ने बताउनु भयो।

इन्सेकका सूचना अधिकारी कृष्ण गौतमले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पर्नु हुँदै नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह बिचको सम्वन्ध र सहकार्यमा जोड दिएकोले तीनै तहको सरकारले नागरिकको मानव अधिकारका लागि कार्य गर्नु पर्नेमा जोड दिनु भयो।

इन्सेकका मधेश प्रदेश संयोजक राजु पासवानले मधेस प्रदेशको मानव अधिकार अवस्था विषयमा प्रतिवेदन प्रस्तुत गर्दै मधेस प्रदेश सरकारले सामाजिक रूपान्तरण तथा लैङ्गिक सशक्तिकरणका लागि मुख्यमन्त्री बेटी पढाऔँ बेटी बचाऔँ अभियान, दाइजो प्रथा उन्मूलन नीति र बालविवाह विरुद्धको नीति अवलम्बन गरेपनि प्रभाकारी कार्यान्वय हुन नसकेकोले नीति तथा कार्यक्रम कार्यान्वयनका लागि नागरिक समाजको खबरदारी आवश्यक रहेको बताउनु भयो।

उहाँले सन् २०२२ मा मधेश प्रदेशमा राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ४१ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ५ सय २७ जना पीडित भएको उल्लेख गर्दै मधेस प्रदेशमा मानव अधिकारको अवस्था सन्तोषजनक नरहेको बताउनु भयो।

समाजमा व्यप्त दाइजो प्रथा, बालविवाह, बोक्सीको आरोप लगायतका लैंगिक हिंसा न्युनिकरणका लागि भएका कानुनको प्रभावकारी कार्यान्वयन र सचेतनामुलक कार्यक्रम आवश्यक रहेको उहाँले बताउनु भयो।

बरिष्ठ अधिवक्ता कमलमोहन पोखरेलले मधेस प्रदेश शिक्षाको क्षेत्रमा कर्णाली प्रदेश भन्दा पनि तल रहेको उल्लेख गर्दै मधेस प्रदेशमा कुनैपनि जिल्ला साक्षर नहुनु दुःखद रहेको बताउनु भयो।

नागरिक दैनिकका पत्रकार बिमला गुप्ताले घटनालाई राजनीतिकरण गर्ने र धार्मिक शहिष्णुता विगार्ने सम्भावनाहरू देखिएकोले यसप्रति सबै सचेत र सजग भएर लाग्न जरुरी रहेको बताउनु भयो।

पत्रकार बृजलाल पासवानले दलित समुदायमाथि हिंसा बढेर गएपनि कानुन कार्यान्वयन गर्ने राज्यका अधिकारीहरू गम्भीर नभएको बताउनु भयो।

नागरिक अगुवा बिजय भण्डारीले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई अभिलेख गरी मानव अधिकारको अवस्था बाहिर ल्याउने कार्य सराहनीय रहेको उल्लेख गर्नु हुँदै ग्रामिण तहमा रहेका मानव अधिकार अवस्थालाई समेत इन्सेकले उजागर गर्नु पर्ने बताउनु भयो। खाद्यान्नमा मिसबट देखिएको हुँदा नागरिकको मानव अधिकार हनन भइरहेकोले त्यसमा इन्सेकले कार्य गर्नु पर्नेमा उहाँले जोड दिनु भयो।

नरायणी एफएमका पत्रकार गोविन्द देवकोटाले संविधान र ऐन तथा कानुनहरू बनेपनि बनेका कानूनहररू कार्यान्वयन प्रभावकारी रुपमा नहुँदा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाहररू बढेको बताउनु भयो। न्यायलय, प्रशासन तथा संरचनात्मक व्यवस्थाले नागरिकलाई नकारात्मक बनाउने गरेको हुँदा नागरिकका सवाल र समस्या समाधानका लागि इन्सेक जस्तो मानव अधिकारका क्षेत्रमा कार्यरत संस्थाले कार्य गर्नु पर्ने जोड दिनु भयो।

जिल्ला प्रहरी कार्यालयका डिएसपी हिरालाल रेग्मीले प्रहरीमा कम मुद्दा आओस भन्ने हुन्छ, तर प्रहरीमा आएको सबै उजुरी दर्ता गरी घटनाको अनुसन्धान र कारबाही प्रक्रिया अगाडि बडाउने कार्य भइरहेको बताउनु भयो। समाजमा विद्यमान जातीय विभेद र लैंगिक हिंसाका घटनालाई न्युनिकरण गर्न सचेतनामुलक कार्यक्रम आवश्यक रहेको उहाँले बताउनु भयो।

# इन्सेकको टोलीद्वारा मानव अधिकारसम्बन्धी पाचौँ राष्ट्रिय कार्ययोजना र कार्यान्वयन विषयमा छलफल




हेटौँडा उपमहानगरपालिका प्रमुख मिना कुमारी लामासँग इन्सेकको अध्यक्ष डा. कुन्दन अर्याल नेतृत्वको टोलीले ०८० जेठ २६ गते मानव अधिकारसम्बन्धी पाचौँ राष्ट्रिय कार्ययोजना र कार्यान्वयन विषयमा छलफल गरेको छ ।

इन्सेक बागमती प्रदेश कार्यालयद्वारा मानव अधिकारसम्बन्धी पाचौँ राष्ट्रिय कार्ययोजना र कार्यान्वयनको अवस्था विषयक छलफलमा हेटौँडा उपमहानगरपालिका प्रमुख मिना कुमारी लामाले स्थानीय स्तर समिति गठन गर्ने बताउनु भएको हो ।

समिति बनाउनु पर्नेमा आफूलाई यस अघि जानकारी नभएको बताउँदै नगर प्रमुख लामाले पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन संयन्त्र गठनमा आफू तयार रहेको जानकारी दिनुभएको हो ।

मानव अधिकार हनन् हुनेमा महिला त्यसमा पनि दलित महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति बढी पीडित हुने गरेको नगर प्रमुखले बताउनु भयो ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले मानव अधिकार संस्कृतिको विकास गर्ने उदेश्यका साथ मानव अधिकार राष्ट्रिय कार्यायोजना आएको बताउनु भयो । मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धनको माध्यमबाट समावेशी, मर्यादित र समतामुलक समाजको विकास गरी मानव अधिकार पाँचौ राष्ट्रिय कार्यायोजनाको सोच भएकाले प्रदेश, जिल्ला तथा स्थानीय तहका संयन्त्र तत्काल बनाउन सुझाव दिनुभयो ।

मानव अधिकारसम्बन्धी पाचौँ राष्ट्रिय कार्ययोजनाको कार्यन्वयनका लागि केन्द्र देखि स्थानीय तहसम्म अनुगमन संयन्त्र रहेको र त्यसमा महिला सहित तीन जना अधिकारका क्षेत्रका कार्यरत व्यक्तित्वलाई समावेश गर्ने व्यवस्था भएको इन्सेक बागमती प्रदेश संयोजक भण्डारीले बताउनु भयो ।

कानुन कार्यान्वयनमा केही समस्या रहेता पनि बालविवाह, बहुविवाह, अपाङ्ग, एकल महिलाका क्षेत्रमा स्थानीय तहका सरकारले कार्ययोजना बनाई काम गरिनुपर्ने र कार्ययोजना बनाएपछि कार्यान्वयन गर्नुपर्ने नगरे त्यसको औचित्य नरहने समेत जानकारी दिनुभयो ।

उक्त भेटघाटमा मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाले शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, खाद्य अधिकार, आवासको अधिकार, श्रम, रोजगार र सामाजिक सुरक्षा, बाल अधिकार, सामाजिक न्याय, खानेपानी र सरसफाई, लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास, वातावरण र दीगो विकास, सांस्कृतिक अधिकार, कानुनी सुधार र न्याय प्रशासन, हिरासत तथा कारागार सुधार, सङ्क्रमणकालीन न्याय, राष्ट्रिय तथा संयुक्त राष्ट्रसङ्घीय निकायका सिफारिस, मानव अधिकार शिक्षा र संस्थागत सुदृढीकरण लगायतका विषयमा छलफल भएको थियो ।



# बागमती प्रदेशको मानव अधिकार अवस्था र नागरिक समाजको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न




अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश कार्यालयले आयोजना गरेको बागमती प्रदेशको मानव अधिकार अवस्था र नागरिक समाजको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम ०८० जेठ २६ गते हेटौंडामा सम्पन्न भएको छ ।

इन्सेकले प्रमाणका आधारमा नेपालमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई वर्ष पुस्तकमार्फत दस्तावेजीकरण गर्दै आएको र सोही दस्तावेजीकरणका आधारमा नेपालमा कमजोर वर्ग मानव अधिकारको पहुँच प्राप्तिबाट टाढै देखिएकाले उनीहरूको अवस्था सुधार्न आवश्यक रहेको इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले बताउनु भयो ।

समाजमा भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा बहस, पैरवी र वकालत गर्ने मानव अधिकार रक्षकहरू विभिन्न समयमा असुरक्षित भएकाले प्रदेश सरकारले मानव अधिकार रक्षकलाई सहज रुपमा काम गर्ने वातावरण बनाउन रक्षकसँग सम्बन्धित कानुन बनाउन इन्सेकका अध्यक्ष अर्यालले सबै निकायहरूलाई आग्रह गर्नुभयो ।

उहाँले मानव अधिकारको रक्षामा मिडियाको भूमिका महत्वपूर्ण हुने बताउनु भयो । मानव अधिकारको सुनिश्चितताका लागि सङ्क्रमणकालीन न्याय निरुपणको प्रक्रिया पूरा हुन आवश्यक रहेको र मानव अधिकारको रक्षाका लागि राज्यलाई मात्रै जिम्मेवार बनाउने नभई समाजका सबै पक्ष जिम्मेवार र जवाफदेही हुनुपर्नेमा उहाँले जोड दिनुभएको हो ।

मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि राज्यलाई जबाफदेही बनाउन मानव अधिकार उल्लङ्घनका घटनाहरू इन्सेकले अभिलेख गरेको इन्सेकको कार्यकारी निर्देशक विजयराज गौतमले बताउनु भयो ।

सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना इन्सेकले अभिलेख गरेका कारण पीडितको न्यायका लागि र सरोकारवाला तथा सरकारका न्यायिक निकायलाई मद्दत मिलेको उहाँले उल्लेख गर्नुभयो ।

इन्सेकले लामो समयदेखि गर्दै आएको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखन प्रकृयालाई सरोकारवाला निकायको सुझावका आधारमा सुधार गर्दै लैजाने कार्यकारी निर्देशक गौतमले बताउनु भयो ।

अपाङ्गताका अधिकार, आदिवासीका अधिकार, वातावरणका अधिकार र अपराध पीडितको अधिकारलाई उठान गर्न इन्सेकले अभियानको रूपमा लैजानु पर्नेमा उहाँले सबै नागरिक समाजलाई सुझाव दिनु भयो । अधिकारका कुरा मात्र अहिले उठिरहेकाले अधिकार सँगसँगै कर्तव्यका कुरालाई पनि लैजान जरुरी रहेको उहाँको भनाई छ ।

इन्सेक बागमती प्रदेश कार्यालयका संयोजक गणेश भण्डारीले मानव अधिकार घटनामा पीडित भएकाहरूको न्यायका लागि राष्ट्रिय मानव अधिकार आयोगसँग समन्वय र सहकार्य गरेर राज्यलाई दवाव दिन आवश्यक रहेको बताउनु भयो ।

यसअघि सात ओटै प्रदेशमा सरकारका र नागरिक समाजका प्रतिनिधि राखेर यस विषयमा अन्तरक्रिया कार्यक्रम गरेको बताउँदै त्यस्ता कार्यक्रममार्फत विपद्लाई दैवीप्रकोप सोच्ने कुरामा बदालाव ल्याउन सफल भएको इन्सेक केन्द्रीय कार्यालयका वरिष्ठ अधिकृत कृष्ण गौतमले उल्लेख गर्नुभयो ।




महामारी तथा विपद्को पूर्वतयारी तथा विपद् भइसकेपछिको अवस्थामा मानव अधिकार आयोग र नागरिक सङ्घसंस्थाबीच सहकार्य आवश्यक रहेको कुरामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्टले पछिल्लो समय आत्महत्याका घटना बढिरहेकोले आत्महत्या न्यूनीकरणको लागि राज्यलाई जवाफदेही बनाउन पहल गर्नपर्नेमा जोड दिनुभयो ।

यो वा त्यो नाममा पत्रकारमाथि हुने आक्रमण मान्य नहने भन्दै पत्रकार महासङ्घमा पत्रकारमाथि आक्रमण भएको घटनाको लिखित सूचना नआएको उहाँले बताउनु भयो ।

उहाँले पत्रकारलगायत सबै पेशाकर्मीले आचारसंहिताको स्वनियम पालना गर्न सके अवान्छित घटनामा कमी आउने र यसले सुशासन कायम गर्न मद्दत पुग्ने बताउनु भयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयकी रेवा रेग्मीले प्राकृतिक विपद् तथा महामारीमा राष्ट्रिय मानव अधिकार संस्था र नागरिक समाजको भूमिका र चुनौती विषयमा आफ्ना भनाई राख्नुभएको थियो ।

समाजमा हुने घटनाहरूबाट धेरैजसो बालबालिका पीडित हुने गरेको तथ्याङ्कहरूले देखाउने भएकोले बालबालिकाको अधिकार रक्षाको लागि राज्य बढि जिम्मेवार बन्नुपर्ने सिविन नेपालका मकवानपुर संयोजक झविन्द्र ज्ञवालीले बताउनु भयो ।

हरेक समुदाय नेतृत्वकर्ताको आधारमा अगाडि बढ्छ त्यसैले नेतृत्व गर्ने व्यक्ति आशा जगाउने खालको हुनुपर्ने बागमती प्रदेश बालकल्याण समाजका सदस्य प्रकाश खतिवडाले बताउनु भयो ।

मानव अधिकार भनेको स्वतन्त्रता समानता र न्यायको सङ्गम स्थान भएको र लोकतान्त्रिक शासन पद्धतिमा राज्यलाई मानव अधिकारको संरक्षक मानिने तर सर्वसाधारण जनताहरूले त्यसको अनुभूति गर्न नपाएको उहाँले उल्लेख गर्नुभयो ।

बागमती प्रदेश प्रहरी कार्यालयका एसएसपी दिपक रेग्मीले मानव अधिकार उल्लङ्घनका घटनामा पीडितलाई सुरक्षितरुपमा राख्न राज्यका निकायसँग सुरक्षित आवासको व्यवस्था नहुनु र गैरसरकारी निकायसँग हारगुहार गर्नुपर्ने अवस्थाप्रति गुनासो गर्नुभयो । पीडितलाई उपचार गरिदिने अवस्था पनि राज्यका निकायसँग नभएको उहाँले स्पष्ट पार्नु भयो । प्रहरीले घटनाको प्रकृति हेरेर काम गर्नुपर्ने अवस्था भएकाले प्रहरीकहाँ आएका सबैजसो उजुरीहरू दर्ता हुन नसक्ने एसपी बामदेव गौतमले बताउनु भयो । एसपी गौतमले प्रहरीले सय अपराधी छुटोस् तर एक निर्दोश नपरोस् भन्ने मान्यताबाट काम गर्नुपरेको बताउनु भयो ।

मानव अधिकार रक्षकको रूपमा रहेको पत्रकारहरू नै कुटपिट भएको घटनामा प्रहरीले समयमा कानुनी प्रकृया अघि नबढाउँदा पीडितले न्यायको महशुस गर्न नपाएको पत्रकार सुरेश श्रेष्ठले दुखेसो व्यक्त गर्नुभयो ।


प्रहरीकहाँ पुगेको पीडितको उजुरीलाई समयमै उजुरी दर्ता नगराउँदा बाह्य हस्तक्षेप बढ्ने र घटना राजनीतिकरण हुने तथा पीडितले न्याय नपाउने जस्ता समस्या हुने उहाँले बताउनु भयो ।

उक्त कार्यक्रममा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ का लागि मानव अधिकार उल्लङघन तथा ज्यादतीका घटनाको बागमती प्रदेशबाट उत्कृष्ट अभिलेखीकरण गर्नु भएका इन्सेक दोलखा प्रतिनिधि उद्धव पोखरेललाई नगद सात हजार रुपियाँ, उत्कृष्ट प्रतिनिधि उल्लेख भएको इन्सेकको लोगो र प्रशंसापत्रले सम्मान गरिएको थियो ।

कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई स्वागत र कार्यक्रमको सहजिकरण इन्सेक बागमती प्रदेश संयोजक गणेश भण्डारीले गर्नु भएको थियो ।

# गण्डकी प्रदेश

## मानव अधिकार सम्बन्धी पाचौँ राष्ट्रिय कार्ययोजनालाई नीति तथा कार्यक्रममा समावेश गर्न प्रतिबद्ध छौं: आचार्य




पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले मानव अधिकार सम्बन्धी पाचौँ राष्ट्रिय कार्ययोजनालाई नीति तथा कार्यक्रममा समावेश गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ ।

आचार्यले अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश कार्यालयले मानव अधिकार सम्बन्धी पाचौँ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि पोखरा महानगरपालिकालाई प्रस्तावनापत्र बुझाउदा उक्त कुरा जनाउनु भएको हो ।

इन्सेक गण्डकीका संयोजक शिव खकुरेलले जेठ २९ गते महानगरका प्रमुख धनराज आचार्य र उपप्रमुख मञ्जुदेवी गुरुङलाई मानव अधिकार सम्बन्धी पाचौँ राष्ट्रिय कार्ययोजना तथा आर्थिक वर्ष २०८०/८१ को वार्षीक नीति तथा कार्यक्रममा मानव अधिकार सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम समावेश गर्न माग गर्दै प्रस्तावनापत्र बुझाउनु भएको हो ।

हालसम्म चार ओटा पञ्च वर्षीय कार्ययोजना सम्पन्न भैसकेको छ । हाल आर्थिक वर्ष २०८०/८१ को लागि पाचौँ कार्ययोजना कार्यान्वयनको अवस्थामा रहेको छ । कार्ययोजना कार्यान्वयनमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहलाई मुख्य जिम्मेवार निकाय र नागरिक समाजलाई सहयोगीको भूमिकामा परिकल्पना गरिएको छ ।

शिक्षा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाको कार्यन्वयन सुनिश्चित गरिनुपर्ने, सबै सरकारी स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा निःशूल्क उपलब्ध गराइनुपर्ने, जनतालाई सुपथ मूल्यमा गुणस्तरीय खाद्यन्न उपलब्ध गराउनुपर्ने, बालबालिकासंग सम्बन्धीत नीतिगत तथा कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने जस्ता बिषय प्रस्तावनापत्रमा समेटिएको छ ।

## गण्डकीमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट १ सय २५ जना पीडित

गण्डकी प्रदेशमा सन् २०२३ जनवरी देखी मार्चसम्ममा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट १ सय २५ जना पीडित भएका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेशको ११ जिल्लामा गरेको अभिलेख बाट उक्त प्रतिवेदन आएको हो ।

अभिलेखित घटना अनुसार अन्यपक्षबाट १४ पुरुष र १ सय ११ जना महिला गरी १ सय २५ जना पीडित भएका छन् ।

त्यस्तै पाँच महिला र दुई जना पुरुष गरी सात जनाको हत्या भयो । यस अवधिमा सबैभन्दा बढी महिलाविरूद्ध हुने हिंसाका घटनामा ७७ जना महिला पीडित भए ।

२०२३ को पहिलो त्रैमासिकमा जातिय विभेदका घटनाबाट एक जना महिला र तीन जना पुरुष गरि जम्मा चार जना पीडित भए ।

अन्यपक्षबाट कुटपिटका घटनामा तीन र घाइतेमा दुई जना पुरुष पीडित भए । अन्य पक्षबाट दुई जना पुरुष अमानविय व्यवहारबाट पीडित भएका छन् ।

इन्सेकको अभिलेख अनुसार पहिलो त्रैमासिकको अवधिमा गण्डकी प्रदेशमा बालबालिकाविरूद्ध भएका हिंसाका घटनामा ३० जना बालबालिका पीडित भए ।

यो अवधिमा बलात्कार घटनाबाट १६ जना बालिका र यौन दुर्व्यवहार घटनाबाट १० जना बालिका र एक जना बालक पीडित भए ।

त्यसैगरी विद्यालयमा दिइएको

शारीरिक दण्ड सजायबाट एक जना बालिका र एक जना बालक पीडित भए ।

दुई जना बालकहरू जंगलमा खेल्न जादा बेवारिसे बम भेट्टाएर खेलाउदा विस्फोट भई घाइते भएका छन् ।

यस वर्ष पहिलो त्रैमासिकमा महिला हिंसा तथा दुर्व्यवहारका घटनामा ७७ जना पीडित भए । अभिलेखित घटना अनुसार यो अवधिमा बलात्कार घटनामा ६, यौन दुर्व्यवहार घटनामा एक जना पीडित भए । त्यसैगरी घरेलु हिंसाबाट ७० जना महिला पीडित भए ।

महिलाविरूद्धको हिंसामा घरेलु तथा पारिवारिक हिंसा प्रमुख छन् । घरपरिवारसँगै नजिकका आफन्त तथा चिनजानका व्यक्तिबाट महिला तथा बालबालिकाको हत्या, बलात्कार, बलात्कार प्रयास, शिक्षकबाट यौन दुर्व्यवहार जस्ता घटना भएको इन्सेकमा अभिलेख छ ।

यस त्रैमासिकमा नागरिकहरू जातिय विभेद, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट वञ्चित भएका छन् ।

गण्डकी प्रदेशमा जातिय विभेदका घटना विगतका तुलनामा बढेको पाइन्छ । कास्की जिल्लामा सबैभन्दा धेरै जातिय विभेदको घटना सरोकारवाला निकायका व्यक्तिव्यबाटै भएको यस त्रैमासिकमा अभिलेख भएको छ । वडा अध्यक्ष तथा सदस्य जस्ता जिम्मेवार निकायका व्यक्तिव्यबाट गरिएका जातिय विभेद निन्दनिय छ ।

देश विकासको गतिमा अगाडि बढ्दै गर्दा समाजमा अझैपनि महिला तथा बालबालिको अवस्था उस्तै छ । महिला तथा बालबालिका आफन्तजनबाटै सुरक्षित नभएको तथ्याङ्बाट अनुमान गर्न सकिन्छ ।

जिल्लागत रुपमा हेर्दा बागलुङमा सबैभन्दा धेरै महिला तथा बालबालिका विरुद्धको घटना अभिलेख भएका छन् । जसमा परिवारजनबाट महिला तथा बालबालिको हत्या र बलात्कारका घटना प्रमुख छन् ।

त्यसैगरि कास्की र तनहुँमा पनि महिला तथा बालबालिका विरूद्ध हुने यौनजन्य तथा घरेलु हिंसाका घटना बढी छन् ।

अन्य जिल्लाको तुलनामा हिमाली जिल्ला मुस्ताङ र मनाङमा भने यस पहिलो त्रैमासिकमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू अभिलेख भएको छैन ।

इन्सेक गण्डकी प्रदेशले हरेक तीन/तीन महिनामा समग्र मानव अधिकारको अवस्थालाई विश्लेषण गर्दै मानव अधिकार स्थिति सूचक प्रकाशन गर्दै आएको छ ।

## लुम्बिनी प्रदेश

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४, प्रकाशन पूर्व अर्ध वार्षिक समीक्षा कार्यक्रम सम्पन्न

इन्सेक लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा नेपाल मानव अधिकार वर्ष पुस्तक -२०२४, प्रकाशन पूर्व अर्ध वार्षिक समीक्षा कार्यक्रम नेपालगञ्जमा असार १५ गते सम्पन्न भएको छ ।

कार्यक्रममा जिल्लामा सन् २०२३ जनवरीदेखि जुनसम्म ६ महिनामा संकलन गरिएका मानव अधिकार उल्लंघन र ज्यादतीका ८५ वटा घटना समेटिएको तथ्यांक जिल्ला प्रतिनिधि लक्ष्मी थारूले प्रस्तुत गर्नु भएको थियो ।

प्रस्तुत घटनाहरूमा बाल अधिकार अन्तर्गत बलात्कार , यौनदुर्व्यहार १७ , मानव बेचविखन तथा ओसार पसार तीन, अपहरण शरीर बन्धक एक, महिला अधिकार अन्तर्गत बलात्कार, बलात्कार प्रयास १२, अपहरण तथा शरीर बन्धक एक, मानव बेचबिखन तथा ओसारपसार



६, घरेलु हिंसाका २१, बहुविवाह १३, दुर्व्यवहार ६, जातिय विभेद एक, हत्या दुई ,हत्याको प्रयास दुई वटा रहेका छन् ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी विपीन आचार्यले नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकारको अवस्था तथ्य देखाउने भएकाले आफूले निरन्तर अध्ययन गर्ने गरेको भन्दै घटनाका प्रकृति अनुसार दुर्व्यवहारका घटना प्रशासन कार्यालयमा थुप्रै भएको बताउनु भयो ।

जिल्ला प्रहरी कार्यालयका एसपी सन्तोषसिंह राठौरले कारागार र बाल सुधार गृहमा क्षमता भन्दा बढी संख्यामा कैदी बन्दी र कानुनको विवादमा रहेका व्यक्ति रहेको विषयलाई पनि उल्लेख गर्नु पर्ने बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्जकी प्रमुख द्वारीका अधिकारीले

महिला र बालिकाहरूको घटना बढी आउने गरेकोले सम्बन्धीत निकायमा कानुनी प्रक्रियामा जान सहयोग गरेको बतनाउनु भयो ।

फियान नेपालगञ्जका संयोजक सुरेश गौतमले मौलिक हक, आर्थिक , सामाजिक, साँस्कृति तथा राजनीतिक अधिकारबाट वञ्चित भएका घटना समेट्नुपर्ने बताउनु भयो ।

अभियान नेपालकी प्रमुख कमला पन्तले इन्सेकको तथ्याङ्कले सरकार तथा अन्य सामाजिक न्यायका क्षेत्रमा काम गर्नेलाई मार्ग निर्देशन गर्ने गरेको बताउनु भयो। इन्सेक कार्यक्रम अधिकृत सरस्वती मल्लले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नु भयो ।

## हिंसा पीडित महिलालाई इन्सेकको सहयोग

हिंसा पीडित २० वर्षीया महिलालाई कानुनी प्रक्रियामा जानका लागि इन्सेक लुम्बिनी प्रदेश कार्यालयले जेठ १७ गते सहयोग रकम प्रदान गरेको छ ।

पीडितलाई इन्सेक प्रदेश कार्यालय नेपालगञ्जले ८ हजार रूपियाँ आर्थिक सहयोग प्रदान गरेको हो ।

पीडित महिलालाई ०८० वैशाख ३० गते देवर २१ वर्षीय हरिस यादवले बलात्कार गरेको घटना ससुरा पट्टर यादव र जेठाजु उमेश यादवलाई जानकारी गराउँदा कुटपिट गरी घर निकाला गरिदिएको भन्दै जेठ १० गते जिल्ला प्रहरी कार्यालयमा पीडितले उजुरी दिनु भएको थियो ।

पीडितले कानुनी सहयोग तथा आर्थिक सहयोगको लागि इन्सेकमा जेठ १० गते निवेदन दिनु भएको थियो । पीडितको माइती घर भारत भएकोले हाल आफन्तसँग बस्दै आउनु भएको छ ।

पीडित महिलाले देवरबाट पटक पटक यौनजन्य हिंसा हुदै आएको र प्रतिकार गर्दा आफूमाथि परिवारबाटै कुटपिट भएको पीडितले बताउनु भयो ।

इन्सेकलगायत सङ्घ संस्थामा आवद्ध अधिकारकर्मीहरूको पहलमा जिल्ला प्रहरी कार्यालयमा जेठ १७ गते घाउकेस फारम गरी भेरी अस्पतालमा उपचार भएको छ ।

## मानव अधिकार समूहसँग इन्सेकको छलफल

राप्ती सोनारी गाउँपालिकास्तरीय मानव अधिकार समूहसँग जेठ ५ गते इन्सेकका प्रतिनिधि र सरोकारवालाबिच मानव अधिकारको अवस्थाका बारेमा छलफल सम्पन्न भएको छ ।

छलफलमा राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेलले मानव अधिकार समूह 'लुज फोरम' मात्र नभई वैधानिक रूपमा लैजान पर्ने कुरालाई जोड दिँदै मानव अधिकार समूहको समन्वय र सहकार्य गर्ने प्रतिबद्धता गर्नुभएको थियो ।

छलफलमा उपभोक्ता हित संरक्षण समितिको प्रभावकारी कार्यान्वयन हुन नसकेको र वातावरण अधिकारलाई पनि प्राथमिकता राख्न मानव अधिकार समूहका पदाधिकारीले उपाध्यक्ष मनिषासिंह थारूलाई अनुरोध गरेका थिए ।

मानव अधिकार समूहकी संयोजक धनी वलीले राप्ती सोनारी गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खाद्य, विभेद विरुद्धको सवालमा समुदायमा सचेतना फैलाउदँदै



जिम्मेवार निकायलाई जवाफदेही बनाउन वकालत गरिरहेको भन्दै बालविवाह न्यूनिकरण, खाद्य अधिकार र वातावरण अधिकारमा चुनौती रहेको बताउनु भयो ।

मानव अधिकार समूहले शिक्षा, स्वास्थ्य क्षेत्रमा वडाको समन्वयमा भेटघाट तथा अनुगमन गर्ने, वातावरण अधिकारसम्बन्धी कार्यक्रमका लागि पहल गरी वातावरण सम्बन्धी सचेतना फैलाउने, खाद्य अधिकारका विषयमा पालिका उपाध्यक्ष सहकार्य गरी अनुगमनमा तीव्रता दिने जस्ता आगामी कार्ययोजना पनि तय समूहका सचिव प्रेम चौधरीले बताउनु भयो ।

समूहका सदस्यहरूले आफ्नो वडामा गरेका गतिविधिको बारेमा अनुभव आदानप्रदान गरेको थिए । बैठकमा गाउँपालिका स्तरीय मानव अधिकार समूह, वडा स्तरीय मानव अधिकार समूह, राप्ती सोनारी गाउँपालिका अध्यक्ष तप्तबहादुर पौडेल र उपाध्यक्ष मनिषासिंह थारूको सहभागिता रहेको थियो ।

इन्सेकले विगत चार वर्ष देखि राप्ती सोनारी गाउँपालिकामा स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जबाफदेही बनाउन पहल कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# वातावरणीय अधिकार सम्बन्धी अन्तरक्रिया तथा क्षमता अधिभवृद्धि तालिम सम्पन्न



इन्सेक लुम्बिनी प्रदेशको आयोजना तथा डिसिएको सहयोगमा वातावरणीय अधिकार सम्बन्धी अन्तरक्रिया तथा क्षमता अधिवृद्धि तालिम वैशाख २० र २१ गते नेपालगञ्जमा सम्पन्न भएको छ ।

तालिमको समापनमा बोल्दै इन्सेक कार्यकारी निर्देशक विजयराज गौतमले वातावणका सावलहरू प्रत्यक्ष अप्रत्यक्षरूपमा अधिकारसँग जोडिएको बताउदै स्थानिय तहहरूले यसलाई प्राथमिकता नदिएको बताउनु भयो ।

निर्देशक गौतमले वातावरण अधिकारका सवालमा मानव अधिकार रक्षकहरूले नीतिगत तहबाट पैरवी गर्नुपर्ने बताउनु भयो ।

गौतमले इन्सेकले विगत लामो समयदेखि आवश्यकताको आधारमा शिक्षा, स्वास्थ्य, खाद्य, लैङ्गिक विभेदविरूद्ध अभियान सञ्चालन गरिरहेको बताउदै मानव स्वास्थ्यको लागि वातावण संरक्षण आवश्यक रहेकोले अगामी दिनमा वातावरणका सवालमा पनि काम गर्ने बताउनु भयो ।

इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै वातावरण अधिकार मानवको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने भएपनि सरकारको प्राथमिकतामा नपरेकोले इन्सेकले वातावरण संरक्षणको सवालमा काम गर्ने योजना बनाएको जानकारी गराउनु भयो ।

जयवायु परिवर्तन, जयवायु परिवर्तनका असर ,चुनौती र समाधानका उपाय, स्थानिय तह, नागरिक समाज, मानव अधिकार रक्षकको भूमिका, जलवायु परिवर्तनले मानव स्वास्थ्य, खाद्य अधिकारमा पारेको असर ,समस्या, वातावरण अधिकार रक्षक , रक्षकका काम कर्तव्य र अधिकार, वातावरण अधिकारको कानुनी व्यवस्था र कार्ययोजना निर्माणका विषयमा इन्सेकका अधिकृत टेकनाथ आचार्य, फियानका संयोजक सुरेश गौतम, वारिष्ठ अधिवक्ता सुनिल श्रेष्ठ र इन्सेकका अधिकृत विनोद पाण्डेले सहजिकरण गरेका थिए ।

कपिलवस्तु नगरपालिका मानव अधिकार समुहकी संयोजक पुष्पा रेग्मीले विगतमा शिक्षा, स्वास्थ्य वातावारण र विभेद विरूद्धको सवालमा काम गरीरहेको बताउदै आगामी दिनमा वातावरणको सवालमा काम गर्ने बताउनु भयो ।

राप्ती सोनारी गाउँपालिका मानव अधिकार समूहकी संयोजक धनी वलीले स्थानिय तहमा वातावरण अधिकारको सवालमा सचेतना तथा नीतिगत पैरवी गर्ने थप जिम्मेवारी पाएकोले सरोकारवालासँग सहकार्य गरी अगाडि बढ्ने बताउनु भयो ।

तालिममा लुम्बिनी प्रदेशका रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया जिल्लाका गरी ३० जना मानव अधिकार रक्षकहरूको सहभागीता रहेको थियो ।

यसैगरी, वातावरण अधिकारम पैरवी गर्नका लागि प्रदेश स्तरीय वातावरण अधिकार सञ्जाल गठन गरिएको छ । रूपन्देहीकी कमला भण्डारी ज्ञवालीको संयोजकत्वमा १६ सदस्यीय सञ्जाल गठन भएको हो । सदस्यहरूमा बाँके, दाङ, कपिलवस्तु र बर्दियाबाट सहभागी भएका मानव अधिकार रक्षकहरू रहेका छन् ।

# लुम्बिनी प्रदेशको मानव अधिकार अवस्थाका विषयक छलफल कार्यक्रम सम्पन्न

इन्सेक लुम्बिनी प्रदेशको आयोजनामा प्रदेशको मानव अधिकारको अवस्थाका बारेमा सरोकारवालाहरूबीच वैशाख १० गते छलफल कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा सन् २०२३ जनवरीदेखि मार्चसम्म तीन महिनाको अवधिमा लुम्बिनी प्रदेशमा इन्सेकले अभिलेख गरेका मानव अधिकार उल्लङ्घन ज्यादतीका घटनाहरूको तथ्याङ्क प्रस्तुत गरिएको थियो ।

यस अवधिमा राज्यबाट दुई जना र अन्य पक्षबाट ४ सय २४ जना गरी ४ सय २६ जना पीडित भएको मानव अधिकार उलङ्घन र ज्यादतीका घटनाबाट पीडित भएको तथ्याङ्क इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले सार्बजनिक गर्नु भएको हो ।




राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्जका प्रमुख द्वारीका अधिकारीले आयोगमा बालिका पीडित भएको उजुरी बढी आउने गरेको ,बालबालिकालाई खुवाइने भिटामिन ए र जुकाको म्याद सकिएको औषधि जिल्ला प्राप्त हुँदा बालबालिकाहरूले खान नपाएको विषय सम्वेदनशील भएको बताउनु भयो ।

वरिष्ठ अधिवक्ता सुनिलकुमार श्रेष्ठले यौन हिंसा र लागु औषधका घटना बढी रहेको बतउदै सामुदायिक विद्यालय तथा निजि विद्यालयको अनुगमन र छात्रवृत्तिको विषयमा आवाज उठाउनुपर्ने बताउनु भयो ।

अधिवक्ता बसन्त गौतमले बाल सुधार गृहमा विद्यालय सञ्चालनका लागि अधिकारकर्मीहरूले पहल गर्नु पर्ने बताउनु भयो ।

अधिवक्ता बलबहादुर चन्दले नरैनापुर गाउँपालिकाका जनतालाई नेपालगञ्ज सेवा लिन आउन कठिनाई भएकोले उक्त स्थानमा इलाका प्रशासनबाट सेवा प्रवाहका लागि पहल गर्नु पर्ने बताउनु भयो ।

अधिकारकर्मी रविन्द्र कर्णले सामाजिक सञ्जालमा आएको विकृतिका कारण यौन हिंसाका घटना भइरहेको बताउदै विकृति फैलाउने कतिपय साइटमा राज्यले रोक लगाउनु पर्ने धारण राख्नु भयो ।

अधिवक्ता विकास आचार्यले शिक्षा र स्वास्थ्य क्षेत्रमा मानव अधिकारकर्मीहरूले स्थलगत अनुगमन गर्नुपर्ने बताउनु भयो ।

इन्सेकका संयोजक भोला महतले कार्यक्रमको निष्कर्षमा नरैनापुर गाउँपालिकामा समस्याका विषयहरूलाई लिएर उठेका सवालहरूका सन्दर्भमा स्थलगत अध्यया पश्चात समस्या समाधानका लागि सम्बन्धित निकायसँग छलफल गरिने बताउनु भयो ।

# लुम्बिनी प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादती घटनाबाट ४ सय २६ जना पीडित

लुम्बिनी प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादती घटनाबाट ४ सय २६ जना पीडित भएको इन्सेकले जनाएको छ ।

सन् २०२३ जनवरी देखि मार्चसम्म तीन महिनाको अवधिमा लुम्बिनी प्रदेशमा राज्य पक्षबाट दुई जना र अन्य पक्षबाट ४ सय २४ जना गरी ४ सय २६ जना मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाबाट पीडित भएका छन् ।

तीन महिनाको अवधिमा अपहरणमा एक, कुटपिटमा तीन, बाल अधिकारमा ६१, बेपत्ता दुई, आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारमा आठ, जघन्य हत्या दुई, अमानवीय व्यवहारमा नौ, हत्यामा आठ, अभिव्यक्ति स्वतन्त्रता तथा भेला हुने अधिकारमा चार र महिला अधिकारमा ३ सय २८ गरी ४ सय २६ जना पीडित भएका छन् ।

यसैगरी, लुम्बिनी प्रदेशमा रहेका १२ वटा कारागारमा र दुई वटा बाल सुधार गृहमा क्षमता भन्दा बढी कैदी बन्दी र कानुनको विवादमा परेकाहरू रहेको, कारगारहरूमा दरबन्दी अनुसार स्वास्थ्यकर्मी नहुनु, खेल सामाग्री प्रयाप्त नहुनु, शौचालय र खान बस्नसमेत समस्या हुनुले कारागार सुधारमा राज्य उदासिन देखिएको पुष्टि भएको इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले बताउनु भयो ।

कारागरमा ठाउँ अभावले कोचाकोचको समस्या छ भने अर्कोतिर ३ हजार कैदी बन्दी राख्ने क्षमतासहितको सुविधासम्पन्न खुल्ला क्षेत्रीय कारागार बाँकेको गनापुर निर्माण भए पनि सञ्चालनमा आउन नसक्दा जीर्ण हुँदै गएको छ । ट्रायलको रुपमा नमुना प्रोजेक्ट लागु गर्ने लक्ष्यका साथ सानातिना मुद्दामा परेका थुनुवालाई राख्ने उदेश्यले निर्माण गरिएको खुल्ला कारागार सञ्चालन कार्यविधि बन्न नसक्दा सञ्चालनमा आउन नसकेको संयोजक महतले बताउनु भयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लुम्बिनी प्रदेश कार्यालयले मानव अधिकारको अवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिकरुपमा स्थिती सूचक प्रकाशन गर्दै आएको छ ।

# मानव अधिकार समूहद्वारा मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन र अनुगमन समिति गठन गर्न माग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा गठित खजुरा गाउँपालिका स्तरीय मानव अधिकार समूहले मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजना (२०७८-२०८२) कार्यान्वयन र अनुगमन समिति गठन गर्न चैत २८ गते खजुरा गाउँपालिका अध्यक्ष डम्बरबहादुर विकलाई माग पत्र बुझाएको छ ।

अध्यक्ष विकले मानव अधिकारको सवालमा सम्वेदनशिल रहेको भन्दै सामाजिक शाखा हेर्ने अधिकृतसँग समन्वय गरी बैठकको तयारी गरेर कार्यान्वयन र अनुगमन समिति गठन गर्ने प्रतिद्धता गर्नुभयो ।

मानव अधिकार समूहको चैत २८ गते बसेको बैठकमा छलफल गरी खजुरा गाउँपालिका अध्यक्ष विकलाई भेटघाट गरी कार्यान्वयन र अनुगमन समिति गठन गर्न माग गर्ने निर्णय गरेको थियो ।

मानव अधिकार राष्ट्रिय कार्ययोजनाको ४.२.४ मा कार्यान्वयन, समन्वय र अनुगमन स्थानिय तह समन्वय



समितिमा स्थानिय तहको प्रमुख वा अध्यक्ष -संयोजक स्थानिय तहको उप प्रमुख वा उपाध्यक्ष सदस्य , वडा अध्यक्षहरू सदस्य , सम्बन्धीत विषय हेर्ने अधिकृत सदस्य ,अध्यक्षले तोकेको एक जना महिला सहित नागरिक समाजका तीन जना प्रतिनिधि सदस्य , स्थानिय तहमा रहेको सुरक्षा निकायको कार्यालय प्रमुख सदस्य ,स्थानिय तहको प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहेने व्यवस्था रहेको छ ।

नेपालसरकार प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालयले तयार पारेको मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजना प्रत्येक स्थानिय तह, प्रदेश तह र सङ्घीय तहमा यसको कार्यान्वयन र अनुगमन समिति रहेने व्यवस्था रहेको छ ।

नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले इन्सेकसँगको सहकार्यमा कार्यान्वयन गर्न गराउन सहजीकरणको लागि जिम्मेवारी दिएको छ ।

# समाज कल्याण परिषद्का प्रतिनिधिद्वारा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन

समाज कल्याण परिषद्का प्रतिनिधि टोलीले राप्ती सोनारी गाउँपालिकामा इन्सेकद्वारा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरेको छ ।

समाज कल्याण परिषद्का प्रतिनिधि बलराम देवकोटा र दिपेन्द्र पन्तले चैत २३ गते राप्ती सोनारी गाउँपालिकामा पुगेर इन्सेक अनुगमन गरेको हो ।

उक्त टोलीले राप्ती सोनारी गाउँपालिका अध्यक्ष तप्तबहादुर पौडेल, मानव अधिकार समूह र इन्सेक कर्मचारीहरूसँगको कार्यक्रम सञ्चालन



सिकाई र चुनौतीका विषयमा छलफल गरेको थियो ।

छलफलका क्रममा राप्ती सोनारी गाउँपालिका अध्यक्ष पौडेलले मानव अधिकारको सवालमा इन्सेकले उल्लेखनीय कार्य गरेको भन्दै द्वन्द्व पीडितको पहिचान, बादी, कुमाल, खुना, अल्पसङ्ख्यक लगायतका पछाडी पारिएका समुदायलाई शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको विशेष लक्षित कार्यक्रम साथै पाँचौ राष्ट्रिय मानव अधिकार कार्ययोजना कार्यान्वयन गर्ने बताउनु भयो ।

गाउँपालिका स्तरीय मानव अधिकार समूहका संयोजक धनी वलीले शिक्षा, स्वास्थ्य र खाद्य अधिकारमा विभिन्न अभियान सञ्चालन गरेका बताउदै, कर्मचारी तथा जनप्रतिनिधिहरूको सहकार्य र समन्वयमा समूहले गरेको उपलब्धी तथा दिगोपनाका बारे जानकारी गराउनु भयो ।

यसैगरी, इन्सेक प्रदेश कार्यालयका कर्मचारीहरूसँग पनि टोलीले छलफल गरेको छ । इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले प्रदेश कार्यालयले पछिल्लो समय सार्बजनिक सरोकारका विषयलाई लिएर कानुन व्यवसायीहरू सँगको समन्वयमा रिट निवेदन दर्ता गर्दै आएको बताउनु भयो ।



# कर्णाली प्रदेश

## मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन विषयमा छलफल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश र जिल्ला समन्वय समिति सुर्खेतको संयुक्त आयोजनामा वीरेन्द्रनगरमा असार ३१ गते मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्यायोजना कार्यान्वयवन विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको पृष्ठभूमि, प्रमुख उद्देश्य तथा समेटिएका विषयहरूको बारेमा मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका प्रमुख लोकनाथ बास्तोलाले गर्नुभएको थियो । यो कार्ययोजना कार्यान्वयमा सबैको जिम्मेवारी छ त्यसैले सबै निकाय लाग्नु पर्ने उहाँले बताउनु भयो । यसै गरी सुर्खेत जिल्लाको मानव अधिकारको अवस्थाबारेमा इन्सेकका प्रदेश संयोजक नारायण सुवेदीले प्रस्तुत गर्नुभएको थियो । मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजनाको कार्यान्वयका लागि सहजीकरण तथा सहयोग गर्न तयार रहेको बताउनु भयो ।

प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद सापकोटाले मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजना नेपाल सरकारको योजना हो र यस योजनाको कार्यान्वयनमा सबैले मिलेर लाग्नु पर्नेमा जोडदिनु भयो । कानुनले तोके अनुसारको काम कर्मचारी तथा जनप्रतिनिधिले गर्नैपर्ने उहाँले बताउनु भयो । यसैगरी मानव अधिकारको सवालमा पनि प्रहरी तथा प्रशासन सजक रहेको र कही कतै मानव अधिकार उल्लङ्घन घटना भए जानकारी आएमा कारबाही गर्ने प्रतिबद्धता जनाउनु भयो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख गंगाराम सुनारले मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना स्थानीय तहमा गठन भएको तर कुनै पनि स्थानीय तहले प्रगति प्रतिवेदन पेश नगरेको जानकारी दिनु भयो । प्रगति प्रतिवेदन समयमा नआँउदा समस्या भएको बताउनु भयो ।

मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यन्वयन भए नभएको विषयमा ताकेता गर्ने र यस विषयमा इन्सेक र मानव अधिकार आयोगसँगको सहकार्यमा अनुगमन कार्यलाई अगाडि बढाउने जिल्ला समन्वय समितिले निर्णय गरेको निमित्त जिल्ला समन्वय अधिकारी मेघनाथ सापकोटाले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालयका एसपी योगेन्द्र सिंह थापाले मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनामा समेटिएका कार्यहरु भइरहेको तर यसलाई अनुगमन तथा प्रतिवेदन गर्ने काम नभएको

बताउनु भयो । कार्ययोजना कार्यान्वयनमा समन्वयको खाँचो रहेको उहाँले जोड दिनु भयो ।

शिक्षा विकास तथा समन्वय इकाईका प्रतिनिधि महेशदत्त देवकोटाले मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना स्थानीय तहमा सहजीकरणको कमी रहेको सुझाव दिनुभयो । यसैगरी, गैर सरकारी संस्था महासङ्घ सुर्खेतका अध्यक्ष प्रकाश सारुले स्थानीय तहमा पाँचौ राष्ट्रिय कार्ययोजनाको बजेट नभएकाले कार्यान्वयमा समस्या भएको बताउनु भयो ।नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाका अध्यक्ष ललित बसेलले पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा स्थानीय तहको कम चाँसो रहेको आरोप लगाउनु भयो । कार्यान्वयनलाई योजना बनाएर लाग्नु पर्नेमा उहाँले जोड दिनुभयो ।

यसै गरी कार्यक्रममा सिम्ता गाउँपालिकाका उपाध्यक्ष गोमा शर्मा रेग्मी र पञ्चपुरी नगरपालिका प्रतिनिधि पवित्रा गौतमले मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजना गठन भइसकेको र बैठक समेत भएको जानकारी दिनु भयो । बैठकमा छलफल गरेका सवाल तथा कार्यप्रगति पेश गर्न नसकिएको बताउनु भयो । चिङगाड गाउँपालिका अध्यक्ष बोध विक्रम जिसीले अहिलेसम्म मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजनाका विषयमा जानकारीमा आएको तर गठन नभएको जानकारी गराउनु भयो । यसैगरी यो काम कसले गर्ने कसरी गर्नेमा अन्योल रहेको उहाँले बताउनु भयो ।

# शैक्षिक जागरण बिना मानव अधिकार प्रवर्धनमा चुनौतीपूर्ण : मन्त्री पोखरेल

कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री खड्ग बहादुर पोखरेलले शैक्षिक जागरण बिना मानव अधिकार प्रवर्धनमा चुनौती रहेको औल्याउनुभएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश कार्यालयको आयोजनामा वीरेन्द्रनगरमा चलिरहेको दुई दिने सिफारिस संयन्त्र कार्यशालाको असार २९ गते समापन कार्यक्रममा हरेक व्यक्तिमा शिक्षाको विकास चेतना जगाउने उहाँले बताउनुभयो ।

मन्त्री पोखरेलले देशको साधन श्रोत अनुसार सरकारले मानव अधिकार सम्वर्द्धनका काम गरिरहेको उल्लेख गर्दै ग्रामीण क्षेत्रमा मानव अधिकार शिक्षा जरुरी रहेको चर्चा गर्नुभयो । लैंक्षिक हिंसा समाजको प्रमुख समस्या रहेकोले सचेतना अभियान त्यसमा केन्द्रित गर्न उहाँको सुझाव थियो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका मानव अधिकार अधिकृत मानबहादुर कार्कीले मानव अधिकार प्रवर्द्धनमा गैरसरकारी संस्थाहरुले गरेको कामले राज्यको दायित्वमा सघाएका उल्लेख गर्नुभयो ।

इन्सेकका व्यवस्थापन प्रमुख शुभेच्छा खड्काले कर्णाली प्रदेशका सात जिल्लामा डीसीएको सहयोगमा संचालित



अधिकार-२ परियोजना अन्तरगत गठित सिफारिस संयन्त्रहरुले एकद्वार प्रणालीबाट पीडितको न्यायको निम्ति गरेको थुप्रै रचनात्मक कार्यहरु सुनेको भन्दै खुशी प्रकट गर्नुभयो । उहाँले यहाँ सुनेको कार्य प्रगति र परिवेशको आधारमा नयाँ योजना तर्जुमामा सघाउ पुग्ने बताउनुभयो ।

इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुबेदीले इन्सेकको अवधारण अनुसार बनाइएको सिफारिस संयन्त्रहरुले पीडितको न्यायको निम्ति काम गरिरहेको निकायहरुबीच एकद्वार प्रणालीबाट सेवा पुर्याउन सहकार्य र समन्वय प्रभावकारी बनेको चर्चा गर्नुभयो । उहाँले सिफारिस संयन्त्र सरकारी स्वामित्वमा चल्ने गरी सुम्पिन चाहेको बताउनुभयो ।

मानव अधिकार रक्षक सञ्जालका कर्णाली प्रदेश संयोजक पिताम्बर ढकाल, सञ्जालका सुर्खेत संयोजक शर्मिला खत्री, जुम्ला संयोजक नेत्रबहादुर शाही, अधिकार-२ परियोजनाका कार्यक्रम संयोजक किरण पौडेल लगायतले सिफारिस संयन्त्रले पीडितको न्यायमा पहुँच अभिबृद्धिका लागि सरकारी निकाय र नागरिक समाज संस्थाबीच भइरहेको सहकार्य तथा प्रभावकारिता विषयमा बोल्नुभएको थियो ।

सिफारिस संयन्त्र कार्यशालामा विषयगत अभिमुखीकरणको क्रममा अल्पकालीन सुरक्षित आवासगृह विषयमा आवाज संस्थाका निशा पौडेल, सामाजिक

कानूनी न्याय र दिगोपन विषयमा यूएनडीपीको न्यायमा पहुँच परियोजनाका लिगल आउटरिज अफिसर इमान सुनार, कर्णाली प्रदेश ओसीएमसीका डा. सुवर्ण भण्डारीले सहजीकरण गर्नुभएको थियो ।

त्यसैगरी प्रभावितहरुको खोजी र सिफारिस पद्धति सवालमा अधिकारकर्मी तारक धिताल, न्यायिक सेवा प्रवाह र संस्थागत सिफारिस संयन्त्र विषयमा आन्तरिक मामिला मामिला तथा कानून मन्त्रालयका उपसचिव निधिराज न्यौपानेले सहजीकरण गर्नुभएको इन्सेकको अधिकार-२ परियोजनाका कार्यक्रम संयोजक किरण पौडेलले जानकारी दिनुभयो ।

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ प्रकाशन पूर्व अर्धवार्षिक समीक्षा सम्पन्न



इन्सेकको आयोजनामा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ का लागि सुर्खेत जिल्लामा सङ्कलन गरिएका मानव अधिकारसँग सम्बन्धित घटनाहरूको अर्धवार्षिक पूर्व समीक्षा कार्यक्रम सरोकारवाला निकायका बीच ०८० असार १३ गते वीरेन्द्रनगरमा सम्पन्न भएको छ ।

इन्सेक जिल्ला प्रतिनिधिद्वारा ०७९ पुस १७ गतेदेखि ०८० असार १३ गते सम्म ६ महिनामा सङ्कलन गरिएका ५९ ओटा मानव अधिकार हनन तथा ज्यादतीका घटनाहरुमा चार जना राज्यपक्षको गरी ७८ जना पीडित भएको तथ्याङ्कमा प्रस्तुत गर्नुभएको थियो ।

जसमा सबैभन्दा धेरै घरेलु हिंसाका घटना भएका छन् । यो अवधीमा सुर्खेतमा ४४ ओटा घरेलु हिंसाका घटना घटेको इन्सेकले जनाएको छ । सात ओटा बलात्कार, ६ ओटा कुटपिट र दुई ओटा हत्याका घटना भएका छन् । ५९ ओटा मानव अधिकार हननका घटना मध्ये आठ ओटालाई कानुनी दायरामा ल्याइएको छ भने तीन ओटा घटना मिलापत्रमा टुङगिएका छन् भने ४७ ओटा घटना भने अनुसन्धानको क्रममा रहेका छन् ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय सुर्खेतका निमित्त प्रमुख हरिप्रसाद देवकोटाले जिल्लामा हुने गरेका यस्ता खालका घटना हुन नदिनको लागि अब सबै सरोकारवाला पक्ष लाग्नुपर्नेमा जोड दिनुभयो ।




यस्तै कार्यक्रममा बोल्दै जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी योगेन्द्रसिंह थापाले कर्णाली प्रदेशको राजधानी सुर्खेतमा यस्ता खालका घटना दिनप्रतिदिन बढ्दोक्रममा रहेको बताउनुभयो । सुर्खेत जिल्लामा शान्ति सुरक्षामा चुनौती थपिदै गएको बताउनुभयो । प्रहरीमा घरेलु हिंसाका घटना दिनमा ८ देखि १० ओटा आउने गरेको समेत उहाँको भनाइ छ । समाजमा बालविवाह तथा यस्ता खालका घटनाहरु लुकेर रहेका छन । यस्ता विकृति बाहिर ल्याउने मान्छे समेत नभएकाले अझबढी समस्या थप भएको बताउनु भयो । घटना न्युनिकरणका लागि समाजमा सचेतना आवश्यक रहेको समेत उहाँको भनाइ छ ।

यस्तै कार्यक्रममा बोल्दै मानव अधिकार आयोग सुर्खेतका प्रमुख लाकनाथ बास्तोलाले घटना न्युनिकरणका लागि घर परिवार र समाजमा सचेतनाको आवश्यक रहेको बताउनुभएको छ । सरकारी तथा गैरसरकारी सबै निकाय मिलेर यस्ता खालका घटना न्युनिकरणको लागि पहल गर्नुपर्नेमा जोड दिनुभयो । कर्णालीमा बालविवाह र जातिय विभेद धेरै भएकाले यस्ता खालका घटनापनि संकलन गरी निराकरण तर्फ लाग्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा उठेका कुराको जवाफ दिदै इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले सुझावलाई सकारात्मक रुपमा लिएको बताउनुभएको छ । छुटेका घटनााई पुर्णगर्ने प्रयास गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाउनु भयो ।

# मानव अधिकार रक्षकको अधिकार संरक्षणका लागि कानुनको आवश्यकता विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न



अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक कर्णाली प्रदेश कार्यालयको आयोजनामा मानव अधिकार रक्षकको अधिकार संरक्षणका लागि कानुनको आवश्यकता विषयक अन्तरक्रिया कार्यक्रम असार ८ गते वीरेन्द्रनगर सुर्खेतमा सम्पन्न भएको छ ।

मानव अधिकार रक्षकको संरक्षण र सुरक्षाका विषयमा बनाएको विधेयकका विषयमा सुझाव संकलन गरेको छ। सुझाव सङ्कलनका सुरुवातमा इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले कर्णालीमा मानव अधिकार रक्षकको अवस्थाका विषयमा जानकारी गराउनुभएको थियो ।

जसमा कर्णालीमा पाँच वर्षको अवधीमा १ सय १ जना मानव अधिकार रक्षकहरु कुनै न कुनै तहबाट पीडित हुनुपरेको बताउनुभएको थियो । त्यसमा पनि अग्रपंतिमा रहेर काम गर्ने पत्रकार बढी जोखिममा हुने गरेको तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि कर्णाली प्रदेश सभा सदस्य एवम् प्रदेश मामिला समितिकी सभापति कल्याणी खड्काले मस्यौदा कर्णाली प्रदेशको आवश्यकता भन्दा बाहिर गएर निर्माण भएको बताउनुभएको छ । प्रस्तावना ठुलो भएकाले यसलाई परिमार्जन गरेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ । यस्तो मस्यौदाले कार्यान्वयनका क्रममा तहगत रुपमा समस्या आउन सक्ने भएकाले समयमा नै यसलाई परिमार्जन गरी कर्णलीको आवश्यकतालाई मध्यनजर गरेर अगाडि बढ्न सुझाव दिनुभएको छ। मुख्यमन्त्री कार्यालयको सहभागितामा समेत छलफल गर्न आवश्यक रहेको उहाँले बताउनु भयो ।

यसै गरी प्रदेश सभा सदस्य हिक्मत विष्टले मस्यौदा अहिले हतारमा टेवल गरेर ऐनका रुपमा आउनुभन्दा पनि यसको हरेक विषयमा गहन छलफल र परिमार्जन गरेर अगाडि जान सुझाव दिनुभएको छ । यसका विषयमा केही समय धर्य गरेर अति आवश्यक विषयमा मात्र समावेश गर्न उत्तम हुने उहाँको भनाइ छ ।

कार्यक्रममा बोल्दै प्रदेश सभा सदस्य रनसिहं परियारले विधेयक संसदमा टेवल भएमा दफाबर छलफल गरी अगाडी बढाउनका लागि आफूले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ । प्रदेश मामिला समितिमा आएमा क्षेत्राधिकार भित्र रहेर छलफल गर्न आफू तयार रहेको बताउनु भएको छ ।

यसै गरी प्रदेश सभा सदस्य सन्तोषी शाहीले रक्षकका लागि आवश्यक कानुन निमार्णका लागि आफु सकारात्मक रहेको बताउनु भयो । मानव अधिकार रक्षकका लागि छुट्टै पहिचान हुन जरुरी औंल्याउनु भयो ।

कार्यक्रममा बोल्दै प्रदेश सभा सदस्य जानकी सिहंले इन्सेकले बनाएको मस्यौदालाई केही परिमार्जन गरेर पठाउन सुझाव दिनुभएको छ । यो विधेयक निर्माणका लागि आवश्यक सहयोग गर्नका लागि आफू तयार रहेको भन्दै प्रतिबद्धता जनाउनुभएको छ ।

प्रदेश सभा सदस्य शुरेश अधिकारीले कानुन धेरै समय अगाडि देखि नै आवश्यक रहेको भन्दै कानुन बनाउन आवश्यक रहेको बताउनु भयो । तर विधेयकमा धेरै कुरा परिमार्जन गरेर जान सुझाव दिनुभएको छ । प्रदेश सभामा गएको विधेयकलाई दफावार छलफल गरेर अगाडि बढाउनका लागि आफू सकारात्मक रहेको प्रतिबद्धता जनाउनुभएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव निधीराज न्यापानेले मस्यौदालाई वृहत रुपमा परिमार्जन गरेर लैजान सुझाव दिनुभएको छ । विधेयक सरकारी हुने या गैरसरकारी हुने त्यो विषयमा समेत प्रष्ट गराउनुपर्ने उहाँको भनाइ छ । कर्णालीमा आवश्यकताको आधारमा विधेयकलाई परिमार्जन गर्नुपर्नेमा जोड दिनुभयो । इन्सेकले बनाएको विधेयक जिल्लागत रुपमा रहेका सरकारी कार्यालयले मान्ने की नमान्ने त्यो पनि समस्याका विषय रहेका गम्भीरताका साथ यसलाई लिन सुझाव दिनुभयो ।

कार्यक्रममा बोल्दै मानव अधिकार आयोगका अधिकृत मानवहादुर कार्कीले मानव अधिकारकोसम्मान, सुरक्षा र परिपूरण गर्ने कार्य राज्यको भएकाले पहिला केन्द्र सरकारले रक्षकका लागि आवश्यक कानुन निर्माण गरेपछि मात्र अन्य निकायले आवश्यक विधेयक ऐन बनाउन सुझाव दिनुभयो । रक्षकका लागि कानुन आवश्यक रहेको भन्दै उहाँले पहिला केन्द्र सरकारले नै यसको प्रयास गर्न जरुरी रहेको बताउनुभयो ।

मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेश संयोजक पिताम्बर ढकालले

अर्काका अधिकारका विषयमा बोल्ने रक्षक नै असुरक्षित भएको महशुस भएपछि कानुनको आवश्यकता देखिएको बताउनु भएको छ । राष्ट्रिय मानव अधिकार आयोगले समेत रक्षकका विषयमा मस्यौदा तयार पारेका कारण दुबैलाई सगै राखेर तुलनात्मक रुपमा अगाडि बढाउन सकिने उहाँको भनाइ छ ।

मस्यौदाको परिच्छेद -६ उपचारसम्बन्धी हक हुने व्यवस्था गरेको छ । जसमा मानव अधिकार रक्षकहरूलाई प्राप्त हक वा सुविधामा कानुन बमोजिम बाहेक कुनै बन्देज लागेको वा प्रयोग गर्न नपाएको अवस्थामा सम्बन्धित मानव अधिकार रक्षकले आफूलाई त्यस किसिमको कार्य भए गरेको मितिले एक महिनाभित्र सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ । तर, सो अवधिमा थुनामा रहनु परेको कारण दर्शाइ निवेदन दिएमा थुना मुक्त भएको अवधिबाट १५ दिन भित्र निवेदन दिएमा म्याद नाघेको नमानिने उल्लेख छ । कार्यक्रममा सुझाव दिदै अधिवक्ता हिमालयजंग शाही कर्णालीको भौगोलिक बनावटका आधारमा यो अवधीलाइ बढाएर ३० दिन सम्म राख्नुपर्ने सुझाव दिनुभएको छ ।

मस्यौदामा उल्लेख भएको कोषका विषयमा उक्त कोष कहाँ जाने केन्द्र सरकार वा प्रदेश सरकार अथवा पीडित व्यक्तिको सहयोगमा खर्च गर्ने यो विषयमा पनि प्रष्ट हुनुपर्ने उहाँले सुझाव दिनुभयो ।

कार्यक्रममा बोल्दै सिमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) का निर्देशक मधुरानी ढकालले मानव अधिकार रक्षककको सुरक्षा र संरक्षणका लागि बनाइएको प्रस्ताविक मस्यौदामा उमेर दह र पिडितले न्याय पाउनका लागि कहाँ उजुरी गर्ने र सबैको पहुँचमा कसरी ल्याउन सकिन्छ त्यसलाई मध्यनजर गरेर विधेयक ल्याउन सुझाव दिनुभएको छ ।

कार्यक्रममा उपस्थित अधिकाशं प्रतिनिधिले प्रस्ताविक मस्यौदा माथि अझ छलफल र अध्ययन गरेर ल्याउन सुझाव दिएका छन् । मस्यौदामा प्रस्तावना लामो भएकाले आवश्यक कुरा नछुट्ने र नदोहोरिने गरी सरकारी विधेयक हुने गरी ल्याउन सुझाव दिएका छन् । प्रस्ताविक मस्यौदा निमार्णका लागि एउटा छुट्टै समिति बनाएर अगाडि जानुपर्ने सहभागीले सुझाव समेत दिएका छन् ।

कार्यक्रममा उठेका विषयमा जवाफ दिदैं इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले सुझावलाई आगामी दिनमा थप गरी अगाडी जाने बताउनुभयो । अहिले काम गरिरहेका र भविष्यमा आउने पिढीका लागि मानव अधिकार रक्षकका रुपमा काम गर्ने क्रममा सुरक्षित आभास हुने गरी काम गर्ने वातावरण निमार्ण गर्नका लागि कानुन निमार्णको प्रयास थालेको समेत बताउन्भयो । प्रदेश बनाएका कानुन समेत मानव अधिकारमैत्री हनुपर्नेमा उहाँको जोड थियो । कार्यक्रमको सहजीकरण इन्सेकका कार्यक्रम संयोजक किरण पौडेलले गर्नु भएको थियो ।



# मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षासम्बन्धी प्रदेशस्तरीय परामर्श सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश कार्यालय,सुर्खेत र लुथरन विश्व फेड्रेशनको संयुक्त आयोजनामा मानव अधिकारको विश्वव्यापी आवधिक मध्यावधीक समीक्षासम्बन्धी प्रदेशस्तरीय परामर्श जेठ १९ गते सुर्खेतमा सम्पन्न भएको छ ।




इन्सेक केन्दीय कार्यालय बहस, पैरवी विभागका प्रमुख सम्झा श्रेष्ठले संयुक्त राष्ट्रसंघले पारित गरेका नौ ठुला महासन्धी मध्ये सात महासन्धीलाई नेपाल सरकारले अनुमोदन गरी कार्यान्वयन गर्ने प्रतिबद्धता अनुसार मानव अधिकारको अवस्थाका बारेमा अनुगमन गरी संघसंस्थाकोतर्फबाट संयुक्त राष्ट्र संघको महासभामा पठाइने आवधिक छाँया प्रतिवेदनको तयारीका लागि कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो ।

उहाँले यूपिआरको उद्धेश्य, महत्व, यसका संयन्त्र र सैद्धान्तिक पक्ष, यस भन्दा अगाडि महासभाले नेपाल सरकारलाई दिएका सुझाव, त्यसको कार्यान्वयनको अवस्था लगायतका विषयमा प्रस्तुती गर्नु भएको थियो ।

यस्तै कार्यक्रममा बोल्दै राष्ट्रिय मुक्त हलिया समाज महासंघका कार्यक्रम निर्देशक हरीसिंह बोहराले मुक्त हलियाहरुको आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकारसम्बन्धमा गरिएको अध्ययन प्रतिवेदनका आधारमा हलियाहरुको आर्थिक, समाजिक तथा सास्कृतिक अवस्थाका बारेमा प्रस्तुती गर्नु भएको थियो ।

कर्णाली प्रदेशमा सुर्खेत, हुम्ला र जाजरकोट जिल्लाका हलियाको अवस्थाका विषयमा प्रस्तुती राख्नुभएको थियो । अन्य जिल्लाको मुक्त हलियाको तथ्याङ्क भने छैन् । प्रस्तुतीमा मुक्तहलियाहरु आज पनि दैनिक ज्यालादारी गरेर जीविका चलाउँदै आएको बताउनु भएको थियो ।

जातीय विभेदमा परेको मुक्त हलियाको परिवारको एक जना सदस्य कुनै पनि एक रोगबाट ग्रसित,महिलाको प्रजननमा समस्या, अझ पनि हलिया प्रथाका रुपमा काम गर्नुपर्ने बाध्यकारी अवस्था, ३० प्रतिशत बालबालिका विद्यालय भन्दा बाहिर, श्रम गरेवापत महिला र पुरुषमा दिदै आएको ज्यालामा विभेद जस्ता समस्या अहिले पनि मुक्त हलियाहरुले भोक्दै आएको बताउनु भएको छ ।

यस्तै कार्यक्रममा बोल्दै मानव अधिकार रक्षक संजाल कर्णाली प्रदेश संयोजक पिताम्बर ढकालले यूपिआरको प्रतिवेदनमा उठेका विषयवस्तुलाई गम्भीरताका साथ लिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय मुक्त हलिया समाज महासंघका केन्द्रिय उपाध्यक्ष पर्वत सुनारले सरकारले हलिया मुक्त घोषणा गरेको १५ वर्ष पछी पनि आफ्नो अधिकार र स्वातन्त्रताका लागि आन्दोलन नै गर्नुपर्ने बाध्यकारी अवस्था रहेको गुनासो गर्नुभयो । विश्वकै उत्कृष्ट संविधान नेपालमा बनेपनि कार्यान्वयनमा भने सरकार चुकेको उहाँको भनाइ छ । ३० प्रतिशत दलित समुदाय रहेको कर्णाली प्रदेशमा अझैपनि ९५ प्रतिशत दलित हलिया मुक्त हुन नसकेको बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतका प्रमुख लोकनाथ बास्तोलाले अझ पनि कर्णालीमा जातीय विभेद, महिला हिंसा बालविवाह व्यापक मात्रामा रहेकाले यसको न्युनिकरणका लागि सबै तह लाग्नुपर्नेमा जोड दिनुभयो । मानव अधिकारकार विषयमा तीनै तहका सरकार गम्भिर भएर लाग्नुपर्नेमा समेत उहाँले जोड दिनुभयो ।

यस्तै गरी कार्यक्रममा बोल्दै प्रदेश मामिला समितिको सभापति तथा कर्णाली प्रदेश सभा सदस्य कल्याणी खड्काले सरकारले बनाएका कानुनको सही रुपमा कार्यान्वयनमा लाग्ने प्रतिबद्धता जाहेर गर्नुभएको छ । नीति बनाउने तर कार्यान्वयनमा चुक्ने समस्या रहेकाले अबको योजना भनेको कार्यान्यवनमा जान सक्यो भने कुनै पनि नागरिकको मानव अधिकार हनन् हुन नसक्नेमा आफु ढुक्क रहको विश्वास व्यक्त गर्नुभयो ।

सरकारले २०७४ देखि २०७९ सम्म ५४ वटा कानुन बनाएको भन्दै अब यसको कार्यान्वयनका लागि सदनमा कुरा उठाउदै जाने बताउनु भएको छ । कतिपय कानुन कार्यान्वयनमा समस्या रहेकाले काममा बाधा पुर्याउने खालको कानुनलाई संशोधन गरेर समेत अगाडी बढने प्रतिवद्धता जनाउनुभएको छ । नागरिकले साच्चीकै संघियता आएको महशुस हुने गरी काम गर्न तयार रहेको समेत बताउनुभयो ।

यस्तै गरी कार्यक्रममा बोल्दै उच्च अदालत सुर्खेतका वैतनिक वकिल गिता कोइरालाले राज्यले नीति बनाएपनि कार्यान्वयन गर्न नसकेको बताउनुभयो । मानिसको नियति र मानसिकतामा परिवर्तन ल्याउन नसक्दा कतिपय नागरिकलाई न्यायको पहुँचमा ल्याउन समस्या हुने गरेको बताउनुभयो ।

कार्यक्रममा बालविवाहका लागि साझा अभियानका प्रतिनिधि टिकाराम आचार्यले कर्णालीमा मुक्त हलियाको समस्या जस्ताको त्यस्तै रहेको बताउनुभयो । यसको जिम्मा सरकारले लिनुपर्ने समेत उहाँको भनाइ छ । सबैको तथ्याङ्क सङ्कलन गरेर उनीहरुको उचित व्यवस्थापन सरकारले गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

यस्तै दृष्टिविहीन दिपक गौतमले लक्षित वर्गका लागि आउने गरेको बजेट टाठाबाठाले नै खाने गरेको बताउनु भयो । जो बास्तविक पीडित हो उसले नपाउने पहुँचका आधारमा वजेटको दुरुपयोग हुने गरेको दुखेसो पोख्नु भयो । दृष्टिविहीनका लागि गराइएको ब्रेललिपी शिक्षा कहाँ गएर लागु गर्ने भन्दै प्रश्न समेत गर्नुभएको छ । अपाङ्ता भएका व्यक्ति जसमा दृष्टिविहीनका लागि सरकारकाले क्षमता अनुसारको रोजगारीको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ ।

राष्ट्रिय अपाङ्ग महासंघ कर्णाली प्रदेशका अध्यक्ष विष्णुप्रसाद शर्माले कर्णालीमा अपाङगता भएका ८५ प्रतिशत नागरिकले सहायक सामाग्री नभएको बताउनुभयो । ३९ प्रतिशत अपाङगता भएका बालबालिका अझ पनि विद्यालय बाहिर रहेको बताउनु भयो । यस विषयमा प्रदेश तथा स्थानीय सरकारले कुनै पनि भूमिका निर्वाह नगरेको आरोप लगाउनु भयो ।

मुक्त हलिया समाज सुर्खेतका अध्यक्ष यामलाल मल्लले २०६५ देखि आज सम्म मुक्त हलियाका समस्या उस्तै रहेको बताउनु भयो । संविधानमा जारी गरेका मौलिक हक र अधिकारबाट समेत वञ्चित हुनुपरेको उहाँको भनाइ छ । न्यायिक पुनःस्थापना आजको आवश्यकता रहेको समेत औल्याउनु भयो ।

यस्तै गरी कार्यक्रममा बोल्दै राष्ट्रिय मुक्त हलिया समाज जाजरकोटका प्रतिनिधि प्रसाद नेपालीले मुक्त हलियाको अवस्था नाजुक बन्दै गएको तर सरकार मुखदर्शक भएको बताउनु भयो । मुक्त हलिया परिवारमा पनि केही व्यक्ति शिक्षित भएकाले उनीहरुको रोजगारको व्यवस्था सरकारले गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सम्बन्धी अभिमुखीकरण तालिम वीरेन्द्रनगर नगरपालिका-२ कोलडाडामा सम्पन्न भएको छ ।

पछिल्लो समयमा बढी जोखिममा पर्ने गरेका किशोर किशोरीहरूले आफूलाई कसरी सुरक्षित राख्न सकिन्छ र उनीहरुलाई आफ्नो सुरक्षा आफै कसरी गराउन सकिन्छ भन्ने उदेश्यले सञ्चालन भएको हो ।

अभिमुखीकरण कार्यक्रममा नयाँ बस्ती ठुलो किशोरी समूहकी सचिव भावना सुनारले अहिलेको समयमा धेरै समस्याहरु बढीरहेको र आफ्नै परिवारको मान्छेबाट हिंसामा पर्नुपरेको बताउनु भयो । साथै उहाँले आफूलाई कसरी सुरक्षित राख्ने भन्ने कुरा आत्मा सुरक्षासम्बन्धी तालिमले पूर्ण बनाएको पनि बताउनु भयो ।

यस्तै गरी, सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापक सरिता शर्माले यस्ता कार्यक्रम हरेक विद्यालयमा गर्न आवश्यक रहेका औल्याउनु भयो ।

अभिमुखीकरण कार्यक्रममा ७३ जना किशोर किशोरीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण वीरेन्द्रनगर नगरपालिका स्तरिय मानव अधिकार सक्षक संजालका अध्यक्ष पबिता भियाल र सम्झना सुनारले गर्नुभएको थियो ।

# १३ बुँदे घोषणा पत्र जारी गर्दै प्रदेश स्तरीय मानव अधिकार रक्षक सम्मेलन सम्पन्न

"मानव अधिकार रक्षकको सरोकार, हरेक व्यक्तिको मानव अधिकार" भन्ने मुल नाराका साथ जेठ १२ गतेदेखि सुरु भएको प्रदेशस्तरिय मानव अधिकार रक्षक सम्मेलन जेठ १३ गते १३ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा भएको सम्मेलनमा १० ओटै जिल्लाका रक्षकहरुको उपस्थित रहेको थियो । दुई दिनको छलफल पछि प्रदेशमा रहेका मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण लाई मध्यनजर गर्दै १३ बुँदे घोषणापत्र जारी गरिएको हो ।

हरेक नागरिकले मर्यादित र सम्मानपूर्वक बाँच्न पाउनु मानव अधिकार भएकाले नागरिकले जन्मसिद्ध तथा नैसर्गिक अधिकार उपभोग भएको महशुस गराउनका लागि घोषणा पत्र जारी गरेको मानव अधिकार रक्षक संजाल कर्णाली प्रदेशका संयोजक पिताम्बर ढकालले बताउनुभयो ।

मानव अधिकार र सामाजिक न्यायका लागि लोकतान्त्रिक गणतन्त्र स्थापनामा अहम् भूमिका निर्वाह गरेका मानव अधिकार रक्षकहरुको आफ्नै संरक्षण र सुरक्षामा राज्य संवेदनशील हुनु पर्ने भन्दै विगत, वर्तमान र भविष्यमा समेत मानव अधिकार रक्षकहरुलाई पर्न सक्ने चुनौती तथा असुरक्षाको अन्त्यको लागि प्रयास थालेको इन्सेकका कर्णाली प्रदेश सयोजक नारायण सुवेदीले बताउनुभयो ।

वीरेन्द्रनगर सुर्खेतमा कर्णाली प्रदेशमा दुई सय जना मानव अधिकार रक्षकहरुको सहभागितामा जारी भएको घोषणा पत्रमा मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धी तीनै तहका सरकारलाई कानुन निर्माण गर्नका लागि माग गरिएको छ ।

मानव अधिकार संरक्षण एवं प्रवर्धनका लागि भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुलाई कार्यान्वयन




गर्न, प्रदेश स्तरमा विद्यमान वर्गीय, धार्मिक, सामाजिक, सांस्कृतिक र लैङ्गिक विभेद तथा असमानता अन्त्य गर्न र उपेक्षित, उत्पीडित तथा लक्षित वर्गका नागरिकहरुलाई मानव अधिकारको प्रत्याभूती गराउन ठोस पहलकदमी चाल्न,जोखिममा काम गरिरहेका मानव अधिकार रक्षकहरुको सुरक्षा तथा पहिचान गर्नका निमित्त खोज, उद्धार साथै मानव अधिकार रक्षकहरुको स्वास्थ्य वीमाका लागि आवश्यक कदम चाल्न माग गरेको छ ।

यस्तै, मानव अधिकार रक्षकहरुको सुरक्षा र संरक्षण सम्बन्धी आदेश २०७७ को प्रभावकारी कार्यान्वयनको लागि सवै सम्बन्धित निकायहरुमा ध्यानाकर्षण समेत गराएको छ ।

मानव अधिकार रक्षकहरुले पीडितहरुलाई न्यायिक पहुँचमा ल्याउन, मानव अधिकारको प्रत्याभूती दिलाउन खेलेको भूमिकाको उच्च कदर गर्दै उनीहरुको संरक्षण, सुरक्षा तथा प्रोत्साहन गर्न, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने मानव अधिकार रक्षकहरुलाई मानव अधिकारको सुरक्षा सहित भय रहित वातावरण निर्माण, मानव अधिकार रक्षकहरुका लागि कर्णाली प्रदेशमा रहेको जातीय भेदभाव तथा छुवाछूत अन्त्यको कानुन प्रभावकारी रुपमा कार्यान्वयन गर्न, नेपाल सरकारको राष्ट्रिय मानव अधिकार कार्ययोजना प्रभावकारी कार्यान्वयनका लागि सरकार समक्ष माग गरेको छ ।

साथै, प्रदेश र स्थानीय सरकारलाई मानव अधिकार रक्षकहरुको सूची (रोष्टर) बनाई विषयविज्ञको आधारमा कामको जिम्मेवारी दिई सीप विकास सहित क्षमता अभिवृद्धि, सवै प्रकारका अपाङ्गता भएका मानव अधिकारकर्मीहरुलाई सम्मान पूर्वक काम गर्न उपयुक्त संचार ( ब्रेल,सांकेतिक भाषा दोभाषे, ईजी टु रिड,क्याप्सनिङ्ग) तथा पहुँचयुक्त वातावरण तयार गरी ऐन नियम कार्यान्वयन गर्न माग गरेको छ ।

प्रदेश स्तरीय मानव अधिकार रक्षकहरुको दुई दिने सम्मेलनले पारित गरेको मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धी विधेयकको मस्यौदा कानुनलाई यथाशीघ्र पास गर्न र महिला, बालबालिका, जेष्ठ नागरिक, लोपोन्मूख समुदाय, दलित, आदिवासी जनजाति,मूस्लिम तथा पछाडि पारिएका वर्ग समुदायका अधिकारका लागि कार्यरत मानव अधिकार रक्षक सुरक्षाको प्रत्याभूती गराउन माग गरेको छ ।

कार्यक्रमको समापनमा बोल्दै सामाजिक विकास मन्त्री खड्क बहादुर पोखरेलले प्रदेश सरकारले मानव अधिकारका क्षेत्रमा गर्नुपर्नेमा कामको लागि आफू तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको छ । मानव अधिकारका लागि सबै आफ्नो क्षेत्रबाट काम गर्न अनुरोध गर्नुभएको छ । मानव अधिकार हननका विषयमा हरेक क्षेत्रमा ख्याल राखेर काम गर्नुपर्नेमा मन्त्री पोखरेलले जोड दिनु

भयो । अर्को व्यक्तिलाई न्यायदिने उद्देश्यले काम गर्नुपर्ने उहाँको भनाइ छ । कर्णाली भौगोलिक रुपमा विकट क्षेत्र भएकाले यहाँ हरेक नागरिकले एक अर्काको मानव अधिकारको रक्षा गर्दै अगाडी बढ्नुपर्ने बताउनु भयो ।

मानव अधिकारको पालना गर्ने सबै तहको दायित्व भएकोले प्रत्येक स्थानीय तहमा मानव अधिकारका विषयमा बुझाउन समेत अनुरोध गर्नुभएको छ ।

समापन कार्यक्रममा बोल्द जिल्ला समन्वय समिति प्रमुख गंगाराम सुनारले जारी गरेको घोषणा पत्र सरकारले पास गर्नेमा आशावादी रहेको बताउनु भएको छ । इन्सेकले हरेक क्षेत्रमा मानव अधिकारको रक्षा गर्ने प्रयास जारी राखेको भन्दै धन्यबाद समेत ज्ञापन गर्नुभएको छ ।

यस्तै गरी कार्यक्रममा बोल्दै इन्सेकका व्यवस्थापक प्रमुख शुभेक्षा खड्काले मानव अधिकार संवेदनशिल क्षेत्र भएकाले सवै गम्भीर बन्नुपर्नेमा जोड दिनु भयो । विषेश गरेर रक्षकले आफ्नो अधिकारको उपभोग गर्ने क्रममा अरुको अधिकारको पनि ख्याल गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले मानव अधिकारका क्षेत्रमा काम गर्नका लागि आफु सधैं तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभएको छ । दुई दिन सम्म चलेको सम्मेलनबाट बनाइएको प्रस्ताविक विधेयक र घोषणापत्र कर्णाली प्रदेश सरकारलाई बुझाउने समेत बताउनु भयो । प्रदेश सरकारले छिटो भन्दा छिटो सभाबाट विधयकलाई पास गरेको खण्डमा रक्षकहरुलाई काम गर्न पनि सहज हुने उहाँले बताउनु भयो ।

# मानव अधिकार रक्षकका लागि आवश्यक कानुन निर्माण गर्न प्रतिबद्धः कानुन मन्त्री जिसी

कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णबहादुर जिसीले मानव अधिकार रक्षकका लागि आवश्यक कानुन निर्माण गर्न सरकार तयार रहेको प्रतिबद्धता जनाउनु भएको छ ।

कर्णालीमा मानव अधिकार रक्षकहरु बढी प्रभावित भएका कारण प्रदेश सरकार त्यसका लागि रक्षकको सुरक्षाका लागि सरकार कानुन निमार्णमा प्रतिबद्ध रहेको बताउनु भएको हो ।

“मानव अधिकार रक्षकहरुको सरोकार, हरेक व्यक्तिको मानव अधिकार” भन्ने नाराका साथ अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकको आयोजनामा सुर्खेतमा जेठ १२ गतेबाट सुरु भएको प्रदेश स्तरीय मानव अधिकार रक्षक सम्मेलनमा बोल्दै मन्त्री जिसीले यस्तो बताउनु भएको हो ।

जेठ १२ र १३ गते २ दिन सम्म चल्ने सम्मेलनमा मानव अधिकार रक्षकका सवालमा गम्भीरताका साथ छलफल गरी निकालेको निस्कर्षका आधारमा सरकारले कानुन निर्माणमा लाग्ने प्रतिबद्धता जनाउनुभएको हो । मन्त्री जिसीले सम्मेलनमा आएको सल्लाह र सुझावका आधारमा प्रदेशमा रक्षकका लागि आवश्यक कानुन बनाउनका लागि थप सहज हुनेमा विश्वास व्यक्त गर्नुभएको छ। सम्मेलनमा आएको निस्कर्षले सरकारलाई




बाटो देखाउन सघाउने भन्दै संस्थागत गरी आगामी दिनमा अगाडि बढ्न सहयोग पुग्ने आशा समेत व्यक्त गर्नु भएको छ ।

यस्तै सम्मेलनको शुभकामना दिदै कर्णाली प्रदेश सरकारका उपसभामुख यसोदा न्यौपानेले प्रदेश सरकार रक्षकहरुको अधिकार र संरक्षणमा सकारात्मक रहेको बताउनुभएको छ । रक्षकले गरेका कामको मुल्याङ्कन गर्दै आवश्यक कानुन निमार्णका लागि सदनमा पहल गर्ने प्रतिबद्धता जनाउनु भएको छ ।

सम्मेलनमा बोल्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष डा. कुन्दन अर्यालले मानव अधिकारका क्षेत्रमा इन्सेकले नेपाललाई विश्वमा चिनाउने प्रयास गरेको बताउनुभएको छ । त्यसका लागि नेपालमा रक्षकको सुरक्षा र कामको मुल्याङ्कनका लागि कानुन निमार्णमा जोड दिनुपर्ने बताउनुभयो । देशभर पाँच महिनाको अवधीमा २४ जना मानव अधिकार रक्षकहरु पीडित भएको भन्दै उहाँले यस तर्फ सरकार गम्भीर बन्नुपर्ने बेला तर्फ सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

इन्सेकले रक्षकका लागि आवश्यक कानुन निर्माणका लागि लुम्बिनी प्रदेश, सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा विधेयक अगाडि बढाएको जानकारी दिनुभएको छ । राज्य एक्लैले रक्षकको संरक्षण गर्न नसक्ने भएकाले राज्यसँगै नै

सहयात्रा गर्ने प्रयास इन्सेकले गरेको पनि उहाँले बताउनु भयो ।

यस्तै गरी, कार्यक्रममा बोल्दै इन्सेकका संस्थापक अध्यक्ष तथा मानव अधिकार आयोगका पुर्व आयुक्त सुशिल प्याकुरेलले प्रदेश सरकार मानव अधिकार रक्षका जिम्मा सरकारले लिन सक्नुपर्नेमा जोड दिनुभयो । रक्षकका लागि सरकार किन पछाडी पर्ने भन्दै कर्णाली बाट नै कानुन निर्माण गरी रक्षकको सुरक्षा र कामको मुल्याङ्कनमा लाग्नुपर्ने बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका प्रमुख लोकनाथ बास्तोलाले मानव अधिकार रक्षकका लागि काम गर्ने क्रममा धेरै चुनौती र समस्या रहेको जानकारी गराउनुभयो । रक्षकका लागि चुनौती रहेको समेत सरकारले पनि स्विकार गरिसकेका कारण यस्ता चुनौतीको निराकरणका लागि लाग्नुपर्नेमा जोड दिनभयो ।

कार्यक्रममा बोल्दै कर्णाली प्रदेश प्रमुख सचिव गोपिकृष्ण खनालले घरघरमा टोलटोलमा मानव अधिकार रक्षकको अधिकार र सुरक्षाका विषयमा जानकार हुनुपर्ने बताउनु भयो । यसै गरी , कर्णाली प्रदेश प्रहरी कार्यालयका एसएसपी तथा प्रवक्ता गोपाल चन्द भण्डारीले ७६.७ प्रतिशत रक्षकहरु सुरक्षाका लागि पुग्ने गरेको बताउनुभयो ।

यस्तै कार्यक्रममा बोल्दै कर्णाली प्रदेश मानव अधिकार रक्षक संजालका संयोजक पिताम्बर ढकालले कर्णाली भौगोलिक रुपमा विकट र शिक्षाका दृष्ट्रिकोणले पछाडि परेको भएकाले मानव अधिकार रक्षक बढी प्रभावित हुने गरेको बताउनुभयो ।

कार्यक्रममा स्वागत तथा उद्देश्यका बारेमा इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले प्रकाश पार्नुभएको थियो भने सहजीकरण इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले गर्नुभएको थियो ।

# सवारी दुर्घटनाको रोकथाम तथा न्यूनीकरण लगायतको माग गर्दै उच्च अदालतमा रिट

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेतको समन्वयमा कानुन व्यवसायी अधिवक्ता उत्तम आचार्य र अधिवक्ता शेरबहादुर खत्रीले निषेधाज्ञा/परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ भन्दै उच्च अदालत सुर्खेतमा रिट दर्ता गराउनु भएको छ ।

कर्णाली प्रदेशमा बढ्दो सवारी साधन दुर्घटनाको रोकथाम तथा न्युनीकरण लगायतको मागगर्दै वैशाख २५ गते उच्च अदालत सुर्खेतमा रिट निवेदन पेश गरेको इन्सेकका कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले जानकारी दिनु भएको हो ।

कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेत, भौतिक पूर्वाधार, उर्जा तथा जलस्रोत मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत, उर्जा तथा जलस्रोत मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, वीरेन्द्रनगर सुर्खेत लगायत कर्णालीका ७० वटा सरोकारवाला निकायलाई विपक्ष बनाई उच्च अदालत सुर्खेतमा रिट निवेदन पेश गरेको हो । स्वतन्त्र रुपमा बाँच्न पाउनुपर्ने नागरिकको अधिकारको कार्यान्वयनका लागि रिट निवेदन पेश गरेको इन्सेकका प्रदेश संयोजक सुवेदीले बताउनुभयो ।

वर्षेनी कर्णालीमा सवारी दुर्घटनाका कारण धेरै नागरिकले अकालमा नै ज्यान गुमाएका कारण यस्ता खालका दुर्घटनामा कमी ल्याउनका लागि सरोकारवाला निकायको ध्यानाकर्षणका लागि रिट निवेदन पेश गरेको अधिवक्ता उत्तम प्रसाद आचार्यले बताउनुभयो । प्रदेशका विभिन्न जिल्लामा सार्वजनिक यातायात सेवाको गुणस्तर कमजोर भएको र यातायात सम्बन्धी मौजुदा कानूनको प्रभावकारी कार्यान्वयन नहुँदा दिनप्रतिदिन हुने सवारी दुर्घटनाले जनधनको क्षति बढ्दो क्रममा रहेकाले उच्च अदालत सुर्खेतमा निषेधाज्ञा /परमादेशको रिट दायर गरेको उहाँले बताउनुभयो ।

कर्णाली प्रदेश ट्राफिक कार्यालय, सुर्खेतका अनुसार ७० दशकको नौ आर्थिक वर्षमा मात्रै कर्णालीमा १ हजार ८ सय २१ सडक दुर्घटना भएका छन् । यी दुर्घटनामा परि ९ सय ९१ जनाले ज्यान गुमाएका छन्, १ हजार ५ सय २७ जना गम्भीर घाइते भएका छन् । यी दुर्घटनाबाट नागरिकको सामाजिक, मानवीय र भौतिक क्षतिको हिसाब किताब गर्न कठिन भएको रिटमा उल्लेख छ । जिल्लागत रुपमा सुर्खेतमा सबैभन्दा बढी सवारी साधन दुर्घटना हुने गरेको रिटमा उल्लेख छ ।

कर्णालीमा भएका सडक दुर्घटनाका कारणको आधारमा विश्लेषण गर्ने हो भने सबैभन्दा बढी तीव्र गतिको कारणले दुर्घटना हुने र दोस्रो कारण यान्त्रिक कारणले दुर्घटना हुने गरेको पाइएको पनि रिटमा जनाइएको छ ।

कर्णाली प्रदेश ट्राफिक कार्यालय सुर्खेत, विभिन्न पत्रपत्रिका तथा अनलाइन खबरमा विभिन्न मितिमा प्रकाशित समाचारलाई आधार मान्ने हो भने कर्णाली प्रदेशमा सवारी दुर्घटनाबाट भएको जनधनको क्षति अपूरणीय रहेको समेत रिटमा जनाइएको छ ।

सवारी दुर्घटनाका कारण मानिसको ज्यान जाने, अङ्गभङ्ग हुने तथा दीर्घकालीन अपाङ्गता हुने दर दिनानुदिन बढ्दै गएको र यसबाट राज्यलाई पनि सवारी दुर्घटनाको कारण उपचार, अनुसन्धान, बिमा, क्षतिपूर्ति लगायतका विभिन्न आर्थिक पक्षमा र अनुत्पादक दायित्वमा वृद्धि भएको समेत जनाइएको छ ।

सवारी दुर्घटनाबाट हुन सक्ने

सम्भाव्य कारणहरूलाई रोकथाम गरी नागरिकहरूको सम्मानपूर्वक बाँच्न पाउने हक अधिकारको संरक्षण गर्न र यातायात सेवालाई सरल र भरपर्दो बनाउन विभिन्न कानूनी व्यवस्था गरिएको भएतापनि कानून कार्यान्वयनको जिम्मा लिएका विपक्षी निकायहरूले भ्काराटार्ने प्रवृत्तिले कानूनलाई व्यवहारमा पालना नगर्दा र नगराउँदा तथा उत्पादन आयु २० वर्ष नाघिसकेका सार्वजनिक सवारी साधनलाई विस्थापित नगरी सञ्चालन गरेका कारण कर्णाली प्रदेशमा दिनानुदिन हुने सवारी दुर्घटनाले भयावह रुप ग्रहण गर्नुका साथै अपूरणीय जनधनको क्षति हुने गरेको रिटमा उल्लेख छ ।

यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधित) दफा २९ मा सार्वजनिक सवारी साधन दर्ता गर्दाको अवस्थामा उक्त सवारी साधनको आयु उत्पादन वर्षले २० वर्ष मात्र हुने उल्लेख छ । २० वर्षको गणना उत्पादन मितिबाट गरिनेछ । सवारीको उत्पादन वर्ष निर्धारण गर्ने आधार समेत दिइएको छ ।

सम्भावित सार्वजनिक सवारी साधनको दुर्घटनाको रोकथाम र नियन्त्रणको लागि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को उद्देश्यलाई ध्यानमा राखी ऐनमा भएको व्यवस्थाको बर्खिलाप सार्वजनिक सवारी साधन सञ्चालन गर्न नदिनु, सञ्चालन गर्न नलगाउनु भनी विपक्षी निकायहरूका नाममा निषेधाज्ञाको आदेश जारी गरि पाउँ भनि रिटमा माग गरिएको छ ।

यस्तै, यातायात सम्बन्धी विद्यमान कानून कार्यान्वयन गर्न, यातायात सञ्चालनको क्रममा भईरहेका गैरकानूनी कृयाकलाप रोक्न र सम्भावित सवारी दुर्घटना रोकथाम तथा नियन्त्रणको लागि आवश्यक र उपयुक्त व्यवस्था गर्नु गराउनु, लामो दूरीको यात्रुबाहक सार्वजनिक सवारीमा दुई जना चालक राखी बिश्राम र आलोपालोको व्यवस्था नगरी सवारी नचलाउन र चलाउन नलगाउन तथा सार्वजनिक हित र सरोकारलाई ध्यानमा राखी ऐनमा भएको कानूनी व्यवस्थालाई व्यवहारमा लागू गर्नु र त्यसको प्रभावकारी अनुगमन समेत गर्नु, गर्न लगाउनु उल्लेख छ ।

साथै, यातायात तथा व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० (संशोधित) दफा २९ मा सार्वजनिक सवारी साधन दर्ता गर्दाको अवस्थामा उक्त सवारी साधनको आयु उत्पादन वर्षले २० वर्ष तोकिएको हुँदा २० वर्ष अवधि पुगेका सवारी साधन सञ्चालनमा पूर्ण रुपमा रोक लगाउनु, सञ्चालन गर्न नदिनु, सञ्चालन नगराउनु भनी विपक्षी निकायहरूका नाममा परमादेशको आदेश समेत जारी गरि पाउँ भनि रिटमा उल्लेख छ ।

विगतमा सार्वजनिक सवारी साधन दुर्घटनामा परि ठूलो मात्रामा जनधनको हानी नोक्सानी भई अपूरणीय क्षति पुगेको र कर्णाली प्रदेशका विभिन्न जिल्लामा सार्वजनिक यातायात सेवाको गुणस्तर कमजोर भएका कारण आम उपभोक्तालाई सवारी दुर्घटनाबाट बचाउँन र सम्भावित दुर्घटनालाई रोक्नको लागि एक अध्ययन समिति गठन गरि अध्ययन समितिले दिएको प्रतिवेदनलाई कार्यान्वयन गर्न गराउनु भनी विपक्षी कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा आदेश जारी गरी पाउँ भनि रिटमा माग गरिएको छ ।

दायर रिट निवेदनमा उठाईएका विषयवस्तुको गम्भीरता र शिघ्र सुनुवाईको आवश्यकता रहेकाले प्रस्तुत सार्वजनिक महत्वको निवेदनलाई अग्राधिकारमा राखी सुनुवाई गरी पाउँ भनि जोडदार माग गरिएको अधिवक्ता शेरबहादुर खत्रीले जानकारी दिनु भएको छ ।

# बाल सुधार गृह स्थापनाको माग सहित प्रदेश स्तरीय मानव अधिकार रक्षक सञ्जालद्धारा मुख्य मन्त्री शर्मालाई ज्ञापन पत्र

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक द्वारा गठित कर्णाली प्रदेश स्तरीय मानव अधिकार रक्षक सञ्जालले कर्णाली प्रदेशमा बाल सुधार तथा सुरक्षित आवास गृह स्थापनाको माग गर्दै वैशाख १३ गते कर्णाली प्रदेश सरकारका मुख्य मन्त्री राजकुमार शर्मालाई ज्ञापना पत्र बुझाएको छ ।

विभिन्न क्रियाकलापमा आरोपित बालबालिकालाई अन्य प्रदेशको सुधार गृहमा पठाउनु पर्ने बाध्यता रहेकाले प्रदेश सरकारले आफ्नो प्रदेशमा बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुरुप बाल सुधार गृहलाई सम्पूर्ण पूर्वाधारको उचित व्यवस्थापनका लागि कर्णाली प्रदेश सरकारको आव २०८०/०८१ को वजेटमा समेटनुपर्ने माग राखी मुख्यमन्त्री शर्मालाई ज्ञापनपत्र बुझाइएको हो ।

कर्णाली प्रदेशमा घरेलु हिंसाबाट पीडित महिला तथा बालबालिका समेतलाई तत्काल अल्पकालीन सेवा र सुविधा पुर्‍याउन प्रदेश स्तरीय सुरक्षित आवास गृह सञ्चालनका लागि आवश्यक स्थायी पूर्वाधार (भवनसमेत) तयार गर्नका लागि तत्काल नीतिगत निर्णय गरी कार्यान्वयनमा लैजानुपर्ने माग गरिएको मानव अधिकार रक्षक संजालका संयोजक पिताम्बर ढकालले बताउनु भयो ।

इन्सेकको तथ्यांक अनुसार कर्णाली प्रदेशमा पछिल्लो तीन महिनामा मानव अधिकार उल्लङ्घनका घटनामा महिला र बालबालिका बढी पीडित भएको प्रतिवेदनमा उल्लेख गरेको छ । इन्सेकको पछिल्लो अभिलेख अनुसार कर्णाली प्रदेशका १० जिल्लामा सन् २०२३ जनवरीदेखि मार्चसम्मको अवधिमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र पाँच जना पुरुष पीडित

भएका छन् । जसमध्ये कुटपिटबाट पाँच जना र धम्कीबाट एक जना पीडित भएको इन्सेकमा अभिलेखमा छ । यस अवधिमा महिला अधिकारका घटनामा ५७ जना महिला पीडित भएका छन् । यस अवधिमा १९ जना बालिका पीडित भएका छन् ।

यस अवधिमा कर्णाली प्रदेशमा बालिका बलात्कारको घटनाबाट ११ जना शारीरिक दण्ड सजायबाट दुई जना र बालविवाह घटनामा छ जना, घरेलु हिंसाबाट ३९ जना, बलात्कार घटनामा आठ र बहुविवाहको घटनामा सात जना कथित बोक्सीको आरोपमा एक जना, बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यव्हारका घटनामा १० जना पीडित भएको इन्सेकको अभिलेखमा उल्लेख छ ।

महिला अधिकार उल्लङ्घनका घटनामा घरेलु हिंसा प्रमुख कारण रहेको छ । कर्णालीमा मानव अधिकार ज्यादतीका घटनामा वर्षेनी वृद्धी भइरहेको इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले बताउनुभयो । त्यसमा पनि महिला बढी पीडित हुने गरेको सुवेदीले जानकारी दिनुभयो ।

## सुदूरपश्चिम प्रदेश

# मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने दायित्व राज्यले लिनु पर्छः मुख्य न्यायाधिवक्ता उपाध्याय

मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपुर्ति गर्ने प्रमुख दायित्व राज्यले लिनु पर्ने सुदूरपश्चिम प्रदेशका मुख्य न्यायाधिवक्ता कुलानन्द उपाध्याय बताउनु भयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले ०८० असार १९ गते धनगढीमा आयोजना गरेको सुदूरपश्चिम प्रदेशमा मानव अधिकारको अवस्था विषयक अन्तरक्रिया तथा उत्कृष्ट इन्सेक जिल्ला प्रतिनिधिलाई पुरस्कार वितरण कार्यक्रममा सो कुरा बताउनु भएको हो ।

उहाँले मानव अधिकारप्रति राज्य गम्भिर नएकाले प्रदेश सरकारले निर्माण गरेका कानुनहरुको प्रभावकारी कार्यान्वयन गराउन पटक–पटक छलफल गर्दै आइरहेको बताउनु भयो ।

उहाँले भन्नु भयो- 'सुदूरपश्चिम प्रदेशमा रहेका कारागार र बाल सुधार गृहको स्तरउन्नतिका लागि प्रयासहरु भएका छन् । सुधार गृह तथा कारागार सुधार तथा निर्माण गर्न प्रतिवेदन समेत बुझाइएको छ । यसका लागि संघीय तथा प्रदेश सरकारले नीति तथा कार्यक्रम र प्रयाप्त बजेटको व्यवस्था गर्न आवश्यक छ ।'




इन्सेक सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जाशीले सुदूरपश्चिम प्रदेशको मानव अधिकारको अवस्था, हिराशत र यातना, कारागार र वन्दी, संक्रमणकालिन न्याय, आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकार अन्तर्गत शिक्षा तथा स्वास्थ्यको अवस्थाका बारेमा तत्यतथ्याङ्क सहित कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हरी ज्ञवालीले राज्यले नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्बोधान गर्न नसकेको खण्डमा नागरिक समाजले मानव अधिकारको संरक्षण, संवर्द्धनका लागि मुख्य विषय र सवालको छनौट गरेर राज्यलाई दवाव दिन आवश्यक रहेको बताउनु भयो ।

इन्सेकका साधारण सदस्य चित्रा पनेरुले सरकारले मानव अधिकारको संरक्षण, संवर्द्धन गर्न नसकेको अवस्थामा संघसंस्थाहरुले एकजुट भएर सार्वजनिक ओहदामा बसेका नजप्रतिनिधिलाई खबरदारी गर्नु पर्ने बताउनु भयो ।

एडभोकेसी फोरमका संयोजक पुष्पबिक्रम शाहीले सक्रमणकालिन न्यायलाई टुङ्गोमा पुऱ्याउन नसकेका कारण द्वन्द्वपीडितहरु न्याय पाउनबाट वञ्चित हुनु परेको बताउनु भयो ।

जिल्ला प्रहरी कार्यालय, कैलालीका इन्स्पेक्टर सन्तोष बस्यालले वजेट अभावका कारण कारागारको भौतिक संरचनाको व्यवस्थापन गर्न नसकिदा कैदीबन्दीहरुलाई बस्न र सुत्न समस्या भइरहेको बताउनु भयो ।

पत्रकार अर्जुन शाहले कारागार भित्र लागु औषधको कारोवार सहज बनाउन कारागारका कर्मचारी तथा सुरक्षाकर्मीको नै संलग्नता हुने तर कार्वाही गर्ने सयन्त्र कमजोर भएकाले न्यूनीकरणमा समस्या भइरहेको बताउनु भयो ।

गैरसरकारी संस्था महासंघ सुदुरपश्चिम प्रदेशका सचिव लोकमान धामीले इन्सेकले संकलन गरेका घटनाका पीडितहरुको पछिल्लो अवस्थाका सन्दर्भमा अद्यावधिक गरी वर्ष पुस्तकमा समावेश गरिनु पर्ने बर्ताउनु भयो ।

ओरेक नेपालकी जयकला चौधरी न्यायीक निकायबाट पीडितले दिएको बयान फेरबदल गरेका कारण पीडितले न्याय पाउनबाट वञ्चित हुनु परेको बताउनु भयो ।

मुक्त कमैया विकास मञ्चका प्रतिनिधि जगदिश रानाले राज्यको लापरवाहीका कारण लामो समय बितिसक्दा पनि मुक्त हलिया, कमैया तथा कम्लहरीहरुको पुनर्स्थापना हुन नसकेको बताउनु भयो ।

कार्याक्रममा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ का लागि सुदूरपश्चिच प्रदेशबाट उत्कृष्ट जिल्ला प्रतिनिधि दार्चुलाका नरेन्द्रसिंह कार्कीलाई कदर-पत्र, मायाको चिनो र ७ हजार रुपियाँ नगद पुरस्कार सहित सम्मान गरिएको छ ।

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ प्रकाशन पूर्व अर्धवार्षिक समीक्षा सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजनामा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ प्रकाशन पूर्व अर्धवार्षिक समीक्षा कार्यक्रम असार १३ गते धनगढीमा सम्पन्न भएको छ ।

सन् २०२३ जनवरीदेखि सन् २०२३ जुनसम्म कैलाली जिल्लामा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरुको पुष्टि तथा पुनर्पुष्टि गर्ने र सरोकारवाला पक्षबाट सुझाव सङ्कलन गर्ने उद्धेश्यले कार्यक्रमको आयोजना गरिएको हो ।

इन्सेक प्रदेश संयोजक खडकराज जोशीले सन् २०२३ जनवरीदेखि जुन महिनासम्मको अवधीमा कैलाली जिल्लामा सङ्कलन गरिएका १ सय ८६ घटनामा १ सय ८२ महिला र ८ जना पुरुष गरी १ सय ९० जना पीडित भएको तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो ।



उहाँले यस ६ महिनाको अवधीमा महिला अधिकारबाट १ सय ६१ जना पीडित भएका र घरेलु हिंसाबाट १ सय २० जना, बलात्कारबाट १७ जना, बलात्कार प्रयासबाट एक जना, यौन दुर्व्यवहारबाट एक जना, बेचविखनबाट तीन जना र बहुविवाहबाट १५ जना महिला पीडित भएको जानकारी गराउनु भयो ।

यसैगरी बाल अधिकारबाट २० जना पीडितमध्ये बलात्कारबाट १०, बेचविखनबाट दुई, यौन दुर्व्यवहारबाट सात र बाल विवाहबाट एक जना पीडित भएको र परिवारजनबाट दुई जना महिलाको हत्या तथा एक जना सुत्केरी महिलाको अस्पतालमा मृत्यु भएको तथा राज्यपक्षबाट दुई जना पीडित भएको इन्सेकले अभिलेख गरेको उहाँले बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हरी ज्ञवालीले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र जातीय छुवाछुत, बालविवाह हुने सिमित क्षेत्र छनौट गरेर सम्बन्धित स्थानीय तहसँगको समन्वयमा अनुसन्धानात्मक अध्ययन तथा घटना बाहिर ल्याउने बिभिन्न अभियान सञ्चालन गर्नु पर्ने सुझाव दिनु भयो ।

जिल्ला कारागार, कैलालीका जेलर पदमराज तिमल्सिनाले कारागार भित्रका कैदीबन्दीहरुको आधारभूत मानव अधिकार संरक्षण र सम्बर्द्धनका सवाललाई उजागर गरिनु पर्ने बताउनु भयो ।

दलित महिला अधिकार मंञ्चकी अध्यक्ष सावित्रा घिमिरेले इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तक विश्वाशिलो स्रोतको रुपमा रहेकाले सङ्कलित घटनाहरुको अध्यावधिक सहित अघिल्लो वर्षको घटनाको परिणाम र विश्लेषणात्मक विवरण वर्ष पुस्तकमा समावेश गरिनु पर्ने सुझाव दिनु भयो ।

महिला मानव अधिकार रक्षक सञ्जालकी अध्यक्ष अम्बिका भण्डारीले समाजमा यथावत रहेको जातीय बिभेदका घटना बाहिर ल्याउन सम्यन्त्र बनाउनु पर्ने बताउनु भयो ।

# प्रदेशस्तरीय मानव अधिकार सञ्जालको बैठक सम्पन्न

सुदूरपश्चिम प्रदेशस्तरीय मानव अधिकार सञ्जालको बैठक जेठ २९ गते धनगढीमा सम्पन्न भएको छ ।

अनौपचारिक क्षेत्र सवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले तीनै तहका सरकारले नीति तथा कार्यकम सार्वजनीकिकरण गरिरहेको अवस्थामा मानव अधिकार सञ्जालका पदाधिकारीहरुले सब्य र शिष्ट तरिकाले मानव अधिकार तथा वातावरण संरक्षणका सवाललाई नीति तथा कार्यक्रममा पार्न र बजेटका लागि खबरदारी गर्न आग्रह गर्नु भयो ।



उहाँले भन्नु भयो- 'मानव अधिकारको सवालमा स्थानीय तहले सार्वजनिक गर्ने नीति तथा कार्यक्रमका लागि मानव अधिकार सञ्जालले स्थानीय सरकारलाई जवाफदेही बनाउनु सक्नु पर्छ ।'

मानव अधिकार सञ्जालका अध्यक्ष सावित्रा आचार्यले सबै स्थानीय तहबाट आएका समस्या मानव अधिकारका साँझा समस्या भएकाले एकल रुपमा भन्दा समूहिक रुपमा काम गरे सहज हुने बताउनु भयो ।

मानव अधिकार सञ्जालका उपाध्यक्ष गोविन्द सापकोटाले मानव अधिकार समुहलाई बेलौरी नगरपालिकामा दर्ता गरिएको र नीति तथा कार्यक्रममा वातावरणीय, शिक्षा, स्वास्थ्य लगायतका सवालहरुलाई समेट्न दवाव दिइएको र त्यसका लागि बजेट समेत माग गरिएको बताउनु भयो ।

उहाँले बेलौरी नगरपालिका-१० स्थित चिनी मिलबाट निस्कने फोहरको कारण जैविक विविधतामा र वरीपरीको वातावरण दुर्गन्धित भइ मानव स्वास्थ्यमा प्रतिकुल असर परिरहेकाले मानव अधिकार समूहद्वारा फोहर व्यवस्थापनका लागि नागरपालिका र उद्योगहरुको ध्यानाकर्षण गरिने बताउनु भयो ।

मानव अधिकार समुह सञ्जालका सदस्य मानबहदुर चौधरीले वातावरण संरक्षण र विद्यालयको अनुगमन गरी विद्यालयमा देखिएका समस्या समाधानका लागि स्थानीय तहको ध्यानाकर्षण गरेको बताउनु भयो ।

मानव अधिकार सञ्जालका सदस्य रुपेश खरेलले कक्षा पाँच मुनिका विद्यार्थीहरुका लागि आएको दिवा खाजा सुविधा शिक्षकहरुले लिने गरेको गुनासो आएपछि मानव अधिकार समूहले नगरपालिका शिक्षा शाखा प्रमुखलाई ध्यानाकर्षण पत्र दिएको बताउनु भयो ।

सुदुरपश्चिम प्रदेशस्तरीय मानव अधिकार सञ्जालका सदस्य सोमनाथ रानाले लालझाडी गाउँपालिकामा कार्यविधि नहुँदा तथा कानुन अभावमा मानव अधिकार समूह दर्ता गर्न समस्या भएकाले नीति तथा कार्यक्रमका लागि बजेट माग गर्न नसकिएको बताउनु भयो ।

# प्रदेशस्तरीय बाल अधिकार चेतना समूहको बैठक सम्पन्न

सुदूरपश्चिम प्रदेशस्तरीय बाल अधिकार चेतना समूहको बैठक जेठ २६ गते धनगढीमा सम्पन्न भएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले बालबालिकाहरु मानसिक, शारीरिक र सम्बेगात्मक रुपमा कमजोर हुने भएका कारण बाल अधिकार चेतना समूहका पदाधिकारीहरुले सामुहिक रुपमा आफू सचेत भई पढाईसँगै घर, टोल र विद्यालयमा हुने बाल हिंसा, बालश्रम, बालविवाह लगायतका विषयमा सचेतना फैलाउने काम गर्नु पर्ने बताउनु भयो ।

उहाँले विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन समेत बाल अधिकार समूहले शिक्षक र अभिभावकलाई प्रेरित गर्नु पर्ने बताउनु भयो ।

डिसिए परियोजनाका संयोजक किरण पौडेलले बाल अधिकार चेतना समूहका पदाधिकारीहरुले विद्यालय तथा समुदायमा देखिएका समस्यालाई पहिचान गरेर समूहमा छलफल गरी सामुहिक रुपमा समाधानको उपाय अपनाउदा सहज

हुने बताउनु भयो ।

बाल अधिकार चेतना समूहका प्रदेश अध्यक्ष आरती सेटीले इन्सेकद्वारा सञ्चालित कार्यक्रम वाहेक विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप र विद्यालयमा समस्यामा परेरहरुको समस्यालाई समाधान गर्न सहज हुने उद्देश्यले गुनासो पेटिकामा राख्ने व्यवस्था गरेको बताउनु भयो ।

बाल अधिकार चेतना समुहका सदस्य एलिजा चौधरीले बाल अधिकार चेतना समूहको सडक नाटक प्रदर्शनपछि विद्यालय वरिपरी र चौकमा रातिसम्म जाँडरक्सी खाएर हल्ला गर्नेको सङ्ख्यामा कमी आएको बताउनु भयो ।

बाल अधिकार चेतना समूहका उपाध्यक्ष बिमल लामिछानेले विद्यालयमा बाल अधिकार चेतना समूह गठन भइसकेपछि शिक्षकहरुको सहयोगमा वातावरण संरक्षणका लागि नियमित सरसफाई र प्लाष्टिक निषेध गर्न



विद्यार्थीहरुलाई डस्विनको प्रयोग गर्न सिकाइरहेको बताउनु भयो ।

बाल अधिकार चेतना समूहका सदस्य अनमीका चौधरीले आफू भन्दा साना कक्षाका भाईबहिनीहरुलाई साबुन पानीले हात धुन सिकाउन धारामा साबुन राखिदिएको र बाल अधिकार चेतना समूह गठन भइसकेपछि विद्यालयमा कक्षा छोडेर भाग्ने विद्यार्थीको सङ्ख्यामा कमी भएको बताउनु भयो ।

बाल अधिकार चेतना समूहका कोषाध्यक्ष निशा सञ्ज्याललले आर्थिक रुपमा बिपन्न मुटु रोगी विद्यार्थीलाई बाल अधिकार चेतना समूहको निर्णय अनुसार आर्थिक रकम संकलन गरेर सहयोग प्रदान गरेको बताउनु भयो ।

# मानव अधिकारका सवालमा अन्तरक्रिया सम्पन्न

इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजनामा घोडाघोडी नगरपालिका र गौरीगंगा नगरपालिकास्तरीय मानव अधिकार समुहसँग मानव अधिकारका सवालमा अन्तरक्रिया तथा छलफल कार्यक्रम जेठ २२ गते सम्पन्न भएको छ ।

इन्सेक सुदूरपपिश्चम प्रदेश कार्यालय, धनगढीका कार्यक्रम फोकल पर्सन राजकुमार चौधरीले जिल्लाका विभिन्न स्थानीय तहहरुले वातावरणमैत्री नीति तथा कार्यक्रमहरु तयार गरी कार्यान्वयनमा ल्याई सकेकाले गौरीगंगा नगरपालिकास्तरीय मानव अधिकार रक्षक सञ्जालले पनि गौरीगंगा नगरपालिकालाई वातावरणसम्बन्धी नीति तयार गर्न ध्यानार्षण-पत्र दिन आवश्यक रहेको बताउनु भयो ।

डिसिएको सहयोगमा सञ्चालित अधिकार तथा संरक्षण परियोजनाका संयोजक किरण पौडेलले नागरिकहरुका आधारभूत आवश्यकता परिपुर्ति गर्ने



जिम्मेवारी राज्यको भएकोले स्थानीय तहले पनि मानव अधिकारमैत्री कानुन निर्माण गरी कार्यान्वयन गर्न आवश्यक रहेको र यसका लागि मानव अधिकार रक्षक सञ्जालले स्थानीय तहसँग समन्वय गरी मानव अधिकारमैत्री कानुन निर्माण तथा निर्माणाधिन कानुनको कार्यान्वयन गर्न दवाव दिन आवश्यक रहेको बताउनु भयो ।

घोडाघोडी नगरपालिकास्तरीय मानव अधिकार समुहकी अध्यक्ष सावित्रा आचार्यले मानव अधिकार समुहद्वारा घोडाघोडी नगरपालिकामा रहेका मानव अधिकारका समस्याहरुको पहिचान तथा बिभिन्न विद्यालयको अनुगमन गरी समस्या समाधानका लागि नगरपालिका र वडा कार्यालयको ध्यानाकर्षण गर्दै आइरहेको बताउनु भयो ।

उहाँले आगामी दिनमा नगरपालिकाले निर्माण गरेका वातावरणसम्बन्धी नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाबारे अनुगमन गरिने बताउनु भयो ।

गौरीगंगा नगरपालिकास्तरीय मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष टेकराज ओझाले गौरीगंगा नगरपालिकाको नीति तथा कार्यक्रममा प्लाष्टिक प्रयोगलाई रोक लगाउने लगायतका वातवरणसम्बन्धी कार्यक्रमहरु पनि नभएको बताउनु भयो ।

उहाँले नगरपालिका क्षेत्रमा प्रसस्त सालका रुखहरु भएकोले सालका पातबाट दुनाटपरी उद्योग सञ्चालन गरेर प्लास्टीकलाई प्रतिस्थापन गर्न सकिने र स्थानीयहरुले पनि रोजगारीको अवसर पाउने भएकोले यससम्बन्धमा नगरपालिकाको ध्यानकर्षण गराइने बताउनु भयो ।

# मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षासम्बन्धी प्रदेशस्तरीय परामर्श सम्पन्न

अनौपचासरक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी र लुथरन विश्व फेड्रेशनको संयुक्त आयोजनामा मानव अधिकारको विश्वव्यापी आवधिक मध्यावधीक समीक्षासम्बन्धी प्रदेशस्तरीय परामर्श कार्यक्रम जेठ १७ गते धनगढीमा सम्पन्न भएको छ ।



इन्सेक केन्दीय कार्यालय बहस, पैरवी विभागका प्रमुख सम्झा श्रेष्ठले संयुक्त राष्ट्रसंघले पारित गरेका नौ ठुला महासन्धी मध्ये सात महासन्धीलाई नेपाल सरकारले अनुमोदन गरी कार्यान्वयन गर्ने प्रतिवद्धता अनुसार मानव अधिकारको अवस्थाका बारेमा अनुगमन गरी संघसंस्थाकोतर्फबाट संयुक्त राष्ट्र संघको महासभामा पठाइने आवधिक छाँया प्रतिवेदनको तयारीका लागि कार्यक्रममो आयोजना गरिएको बताउनु भयो ।

उहाँले यूपिआरको उद्धेश्य, महत्व, यसका सयन्त्र र शैदान्तीक पक्ष, यसभन्दा अगाडी महासभाले नेपाल सरकारलाई दिएका सुझाव, त्यसको कार्यान्वयनको अवस्था लगायतका विषयमा प्रस्तुती गर्नु भएको थियो ।

यसैगरी राष्ट्रिय मुक्त हलिया समाज महासंघका कार्यक्रम निर्देशक हरीसिंह बोहराले मुक्त हलियाहरुको आर्थिक, सामाजिक तथा संस्कृतिक अधिकारसम्बन्धमा गरिएको अध्ययन प्रतिवेदनका आधारमा हलियाहरुको आर्थिक, समाजिक तथा सास्कृतिक अवस्थाका बारेमा प्रस्तुती गर्नु भएको थियो ।

इन्सेक सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले मुक्त कमैया, मुक्त हलिया, मुक्त कम्लहरी, अपाङ्गता भएका व्यक्ति, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, दलित तथा सिमान्तकृत समुदायको मानव अधिकारको अवस्था बारे छलफल आवश्यक रहेकाले कार्यक्रमको आयोजना गरिएको बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीका प्रमुख हरी ज्ञवालीले प्रदेश तथा सथानीय सरकार मुक्त कमैया, मुक्त हलिया, मुक्त कम्लहरी, अपाङ्गता भएका नागरिकहरुको मानव अधिकारप्रति गम्भिर नभएको अवस्थामा सबै संघसंस्था मिलेर दवाव दिन आग्रह गर्नु भयो ।

सुदूरपश्चिम समाजका पुष्पराज पुनमगरले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको समलिङ्गी विवाहलाई राज्यले मन्यता नदिदा यस समुदायका व्यक्तिहरुले विभिन्न समस्या भोग्नु परको बताउनु भयो ।

एडभोकेसी फोरमका संयोजक पुष्पविक्रम शाहीले कानुनको कार्यान्वयन नहुँदा सामाजिक विभेद तथा जातीय वभेद कायमै रहेकाले राष्ट्रिय मानव अधिकार आयोगले सक्रिय भई अनुगमन गर्नु पर्ने बताउनु भयो ।

मुक्त हलिया समाज महासंघका प्रतिनिधि जानकी लावडले कमैया र हलिया मुक्त गरेको वर्षौ वितिसक्दा पनि राज्यको उदासिनताका कारण पुनर्स्थापना हुन नसकेको गुनासो गर्नु भयो ।

मक्त कमैया महिला विकास मञ्चका प्रतिनिधि कौशिला चौधरीले पहिचान गरेका मुक्त कमैयाहरुलाई सरकारले पुनर्स्थापना गर्न नसकेको कारण मुक्त कमैयाहरुले समस्या झेल्नु परेको र कम्लहरीहरुलाई उच्च शिक्षासम्म निःशुल्क तथा रोजगारीको व्यवस्था गरिनु पर्ने बताउनु भयो ।

फेडो, कौललीका अध्यक्ष सबिना

सुनारले अन्तरजातीय विवाहलाई कानुनी मान्यता दिइएको भएपनि व्यवहारिक रुपमा समाजले अझै पनि स्विकार गर्न नसक्दा दलित समुदायका युवायुवतीहरुले जातकै कारण विभेद र कानुनी झमेलामा पर्नु परेको बताउनु भयो ।

गैर सरकारी संस्था महासंघका लोकमान धामीले राज्यले मौलिक हकलाई कार्यान्वयन गर्न नसकेकाले नागरिकहरु शिक्षा, स्वास्थ्य, रोजगारी तथा आवासबाट वञ्चित हुदै आइरहेको बताउनु भयो ।

नन्दराज भट्टले अपाङगता भएका नागरिकहरुको लागि निर्माण गरिएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न नसकेर हरेक वर्ष वजेट फ्रीज हुने गरेको गुनासो गर्नु भयो ।

जिल्ला बार कैलाली सदस्य कृष्णप्रसाद सेवेदीले उच्च अदालतको व्यवस्थापन नहुँदा पीडितहरुले सर्वसुलभ न्यायबाट वञ्चित हुनु पर्ने अवस्थामा राज्यले नीतिगत सुधार गर्नु पर्ने बताउनु भयो ।

कार्यक्रमका सहभागि बासुदेव चौधरीले इटे भट्टामा मजदुरी गर्ने श्रमिकहरुको बालबालिका शिक्षाबाट वञ्चित हुनुका साथै बालश्रममा पर्ने गरेकाले स्थानीय सरकारले रोजगारको व्यवस्था गर्नु पर्ने बताउनु भयो ।

# घरेलु हिंसा घटनाका पीडितलाई इन्सेकद्वारा सहयोग प्रदान

घरेलु हिंसा घटनाका चार जना पीडित महिलालाई इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले जेठ ११ गते न्यायीक प्रक्रियालाई सहज बनाउन सहयोग प्रदान गरेको छ ।

धनगढी उपमहानगरपालिका-५ जाईकी २३ वर्षीया खिमा रावल, गोदावरी नगरपालिका-५ गेटाकी ३० वर्षीया पुजाकुमारी देवी, कञ्चनपुर जिल्ला पुर्नवास नगरपालिका-५ की २३ वर्षीया मन्धरीकुमारी ठकुल्ला र बर्दगोरिया गाउँपालिका-२ कुम्भियाकी २३ वर्षीया गाजल विकलाई सहयोग रकम प्रदान गरेको छ ।

घरेलु हिंसा घटनाका पीडितहरुले आर्थिक अभावका कारण घटनापश्चात जिल्ला अदालतमा उजुरी दर्ता गरेपछि पटकपटक पेशीको लागि आउन-जान आर्थिक समस्या भइरहेको अवस्थामा एडभोकेसी फोरमले मानव अधिकार सहायता कक्षमा सिफारिस गरेपछि इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालयले आर्थिक सहयोग स्वरुप जनही ८ हजार रुपियाँ प्रदान गरेको हो ।

पतिबाट पीडित चारै जनाले सम्बन्ध विच्छेदको मुद्दा जिल्ला अदालतबाट चालु अवस्थामा रहेकाले पटकपटक पेशीको कारण पीडितलाई आउन-जान यातायातको समस्याले तोकिएको समयमा तारेख लिन नसक्दा मुद्दाको प्रक्रियामा ढिलाई हुने एडभोकेसी फोरमका संयोजक पुष्पबिक्रम शाहीले बताउनु भयो ।

आर्थिक अभावका कारण पीडितहरुले न्याय पाउनबाट वञ्चित हुन नपरोस् र पीडितको न्यायमा सहज पहुँच पुगोस् भन्नका लागि इन्सेकले मानव अधिकार सहायता कक्षमार्फत आर्थिक सहयोग प्रदान गर्दै आएको इन्सेक सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले बताउनु भयो ।

इन्सेकले गरेको आर्थिक सहयोगका कारण आफूहरुलाई न्याय पाउन सहज हुने र आर्थिक अभावको अवस्थामा यो सहयोगले ठुलो राहत हुने भन्दै पीडित पुजाकुमारी देवीले इन्सेकलाई धन्यवाद व्यक्त गर्नु भयो ।

# वातावरणीय अधिकारसम्बन्धी अन्तरक्रिया तथा क्षमता अभिबृद्धि तालिम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजना तथा डिसीएको सहयोगमा वैशाख २१ र २२ गते आयोजित दुई दिने वातावरणीय अधिकारसम्बन्धी अन्तरक्रिया तथा क्षमता अभिबृद्धि तालिम वैशाख २२ गते धनगढीमा सम्पन्न भएको छ ।

इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले वातावरणीय अधिकार मानव जिवनसँग प्रत्यक्ष जोडिएको हुनाले राज्यले यस विषयप्रति गम्भिर नभएका कारण मानव अधिकार रक्षकहरुले नीतिगत तहमा पैरवी गर्न आवश्यक रहेको बताउनु भयो ।

इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले संवैधानिक व्यवस्था अनुसार वातावरणीय अधिकार पनि मौलिक हकको रुपमा रहेकाले वातावरण अधिकारसम्बन्धी समस्या पहिचान गरी मानव जिवनमा पारेको प्रभावको अध्ययन गरी कानुनी प्रकृयामा जान सकिने बताउनु भयो ।

इन्सेक सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले वातावरण अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन बारे मानव अधिकार रक्षकहरुलाई जानकारी गराइ स्थानीय तहमा नीतिगत




ऐन कानुन निर्माण गर्न पैरवी गर्ने उद्देश्यले यो तालिमको आयोजना गरिएको बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हरीप्रसाद ज्ञवाली, इन्सेकका प्रदेश संयोजक खडकराज जोशी, सचितानन्द जोशी, कृष्णबहादुर विश्वकर्माले वातावरणीय अधिकारसँग सम्बन्धीत विषय तथा मानव अधिकारका राष्ट्रिय तथा अन्तराष्ट्रिय सयन्त्र तथा मानव अधिकार अनुगमन, अभिलेखिकरण र प्रसारका सन्दर्भमा सहजीकरण गर्नु भएको थियो ।

दुई दिनसम्म सञ्चालित तालिममा कैलाली र कञ्चनपुरका बिभिन्न स्थानीय तहका मानव अधिकार समुह, जिल्ला र प्रदेशस्तरीय मानव अधिकार रक्षक सञ्जालका पदाधिकारी तथा मानव अधिकार रक्षकहरुको सहभागीता रहेको थियो ।

# मानव अधिकार सहायता कक्ष प्रभावकारीतासम्बन्धी छलफल सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढिको आयोजनामा मानव अधिकार सहायता कक्ष प्रभावकारीतासम्बन्धी छलफल कार्यक्रम वैशाख ११ गते सम्पन्न भएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले मानव अधिकार रक्षकहरु समस्यामा परेको अवस्थामा उनीहरुको संरक्षण, सम्बर्द्धन र उद्धारका लागि स्थापना गरिएको मानव अधिकार सहायता कक्ष कोषलाई आगामी दिनमा कसरी थप प्रभावकारी बनाउन सकिन्छ भनेर छलफल कार्यक्रमको आयोजना गरिएको बताउनु भयो ।

उहाँले कुनै पनि मानव अधिकार रक्षकहरु जोखिममा परेपछि सूचना दिने प्रचलन नभएका कारण न्यायको लागि पहल गर्न असहज भइरहेको बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीका प्रमुख हरी ज्ञवालीले मानव अधिकार सहायता कक्षमार्फत नागरिकको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको सवाललाई उठान गर्न सुक्ष्म अनुगमन गरी तथ्यमा आधारित रहेर राज्यको जिम्मेवार निकायलाई जवाफदेही बनाउनु पर्ने बताउनु भयो ।




मानव अधिकार सहायता कक्ष सञ्चालन समितिका अध्यक्ष देवी खनालले मानव अधिकार सहायता कक्षमार्फत बिभिन्न प्रकारका हिंसामा परेका पीडितलाई गरिएको सहयोग अनुमोदन गर्न र सिफारिस प्रणालीलाई प्रभावकारी बनाउन सबैको सहयोग महत्वपूर्ण रहने बताउनु भयो ।

पत्रकार महासंघ सुदूरपश्चिम प्रदेशका सचिव हरि जोशीले मानव अधिकार सहायता कक्षमार्फत सेवा प्रदायक निकायलाई पारदर्शिता र जवाफदेही बनाउनका लागि अनुगमन गर्नु पर्ने बताउनु भयो ।

एडभोकेसी फोरमका संयोजक पुष्पविक्रम शाहीले आवश्यक तथ्य प्रमाण संकलन गर्न सकिएको खण्डमा शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका सवाललाई प्रभावकारी बनाउनका लागि न्यायीक प्रक्रियामा जान सकिने बताउनु भयो ।

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८० जेठ २ गते

## सङ्गठित अपराधको निर्भीकतापूर्वक अनुसन्धान गर्ने कार्यमा व्यवधान खडा नहोस्

नक्कली भुटानी शरणार्थी प्रकरणको छानविन प्रकृया प्रमुख दलहरूका उच्चस्तरीय राजनीतिक नेतृत्वको तथाकथित सहमतिका कारण टुङ्गोमा नपुग्ने सर्वव्यापक आशङ्का गम्भीर चिन्ताको विषय बन्न पुगेको छ । यस मामिलामा गहन र निष्पक्ष छानविन गरी संसारको नजरमा नेपाल राष्ट्रको प्रतिष्ठा पूर्णतः धराशायी हुन नदिने अवसर गुमाउनु हुँदैन । तर, सरकारको नेतृत्व र राज्यका विभिन्न निकायहरूकै भ्रष्टाचार र अनियमिता विरुद्धको प्रतिबद्धतामा समेत प्रश्न उठिरहेको आजको अन्योलपूर्ण अवस्थामा आमजनता, नागरिक समाज र सार्वभौम सत्ता सम्पन्न जनताको प्रतिनिधिमूलक संस्था संसदले अझ जागरुक हुँदै प्रभावकारी भूमिका निर्वाह गर्नु जरुरी छ ।

विधायक र उच्च पदस्थ राजनीतिक व्यक्तित्वहरूसहित राज्य संयन्त्रको संलग्नतामा भएको नेपाली नागरिकलाई भूटानी शरणार्थी बनाएर अमेरिका पठाउने अपराधको जरासम्मै छानविन भई सम्पूर्ण आरोपितहरूमाथि कानुनी कारबाही हुन सकेन भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमासमेत आउनसक्ने गम्भीर परिणामको अन्तिम जिम्मेवारी लोकतन्त्र र गणतन्त्र स्थापनाको अगुवाइ गर्ने दलहरूले नै लिनुपर्ने प्रष्ट छ ।

नेपाल प्रहरी तथा राज्यका अन्य अङ्गबाट हालसम्म भएको अनुसन्धान कार्यको सराहना गर्नैपर्छ । तसर्थः यो सङ्गठित अपराधको निर्भीकतापूर्वक अनुसन्धान गर्ने कर्तव्य पालनाका लागि राज्यका संयन्त्रमाथि कुनै पनि किसिमको व्यवधान खडा नहोस् भन्नेमा सजग रहन सबै दलका नेतृत्वसँग माग गर्दछौं ।

**डा. कुन्दन अर्याल**
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

इन्सेक बुलेटिन

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्युचाटार, काठमाडौं

प्रेस विज्ञप्ति

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८० जेठ १३ गते

## टीकापुर घटनाका दोषीको सजाय माफ नगर

गणतन्त्र दिवसका अवसरमा आममाफी दिन गृह मन्त्रालयले ज्यान मुद्दामा आरोप प्रमाणित भई जेलमा रहेका रेशम चौधरीको नाम सिफारिस गरेर जघन्य अपराधका घटनामा दोषी सावित भइसकेका कुनै पनि व्यक्तिलाई आममाफी दिनु हुँदैन भन्ने न्यायको सर्वमान्य मान्यतालाई लत्याएको छ। कैलालीको टीकापुरमा २०७२ भदौ ७ गते एक बालकसहित आठजना सुरक्षाकमीको ज्यान जाने गरी भएको घटनामा दोषी ठहर भई जेलमा रहेका व्यक्तिलाई सजाय माफीका लागि सिफारिस गर्नु दण्डहीनतालाई प्रश्रय दिनु हो।

सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्ने कार्यविधि २०७१ ले कसैले आफूलाई भएको सजाय माफी, मुलतवी, परिर्वतन वा कम गराउन चाहेमा कारण खुलाई निवेदन दिन सक्ने उल्लेख छ। तर भ्रष्टाचार, जबरजस्तीकरणी, सरकारी कीर्ते, सङ्गठित अपराध, युद्ध अपराध, क्रुर हिंस्रक वा विभत्स तरिकाले गरिएको हत्या, लागु औषध लगायतका अपराधमा सजाय कम नहुने कार्यविधिको दफा ३ मा स्पष्ट उल्लेख छ।

नेपालको संविधानको धारा ५८ को २ मा यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भनिएको छ। तर, मुद्दा फिर्ताबारे केही उल्लेख गरिएको छैन।

मुलुकी फौजदारी कार्यविधि ९संहिता० ऐन, २०७४ को दफा १५९ मा यसबारे व्यवस्था गरिएको छ। यस व्यवस्थाअनुसार सजाय माफीको प्रक्रियाका लागि 'अदालतको फैसलाबमोजिम तोकिएको सजाय पाएको व्यक्तिले सो सजाय माफी पाउन, त्यसलाई मुल्तबी राख्न, परिवर्तन गर्न वा कम गर्न गृह मन्त्रालयमार्फत राष्ट्रपतिसमक्ष निवेदन दिन सक्नेछ' भन्ने व्यवस्था छ। निवेदनमा अन्तिम फैसलाको प्रतिलिपि संलग्न गर्नुपर्ने व्यवस्था छ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीश कल्याण श्रेष्ठ, न्यायाधीशहरू सुशीला कार्की, वैद्यनाथ उपाध्याय, गोपाल पराजुली र ओमप्रकाश मिश्रको संवैधानिक इजलासले २०७२ पुस २३ गते गरेको आदेशमा मुद्दा फिर्ता लिँदा निश्चित कानुनी मापदण्ड अवलम्बन गर्न, प्रचलित कानुनी व्यवस्थाको भावना कानुनसरह लागु हुने तथा सरकारले यस सम्बन्धमा आफैँले बनाएको मापदण्डसमेत पालना गर्नुपर्ने उल्लेख छ।

अतः हामी जघन्य मानव अधिकार उल्लङ्घन घटनाका दोषीलाई राजनीतिक आवरणमा उन्मुक्ति दिने दुष्प्रयासबाट पछाडि हट्दै टीकापुर घटनाका दोषीहरूको सजाय माफ गर्ने प्रक्रिया फिर्ता लिन सरकारसँग जोडदार माग गर्दछौँ।

डा. कुन्दन अर्याल
अध्यक्ष



दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं, फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org

## प्रेस विज्ञप्ति

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७८

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

इन्सेक
INSEC

२०८० जेठ २३ गते

**सन्दर्भ:बाँदरमुढे घटना**

### अवरुद्ध सङ्क्रमणकालीन न्यायको प्रकृयालाई न्यायसङ्गत ढङ्गले अघि बढाउने गरी कानुन तर्जुमा गरियोस्

तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले चितवन जिल्लाको माडी क्षेत्रमा पर्ने कल्याणपुर गाविसको बाँदरमुढे खोलामा यात्रुबाहक बसमा विद्युतीय धराप विष्फोट गराएको आज १८ वर्ष पूरा भएको छ । विस्तृत शान्ति सम्झौता र विगतमा पीडितहरुसँग भएका सहमतिलगायत कैयौं राजनीतिक सहमतिहरूमा बाँदरमुढेलगायत घटनाका द्वन्द्व पीडितहरूको न्यायका सम्बन्धमा चर्चा गरिँदै आएको छ । तर, द्वन्द्वकालका अन्य घटनाहरूमा झैं बाँदरमुढे घटनाका सन्दर्भमा पनि बितेका १८ वर्षहरूमा न्याय र परिपूरणका व्यवस्था हुन सकेको छैनन् ।

साबिकको कल्याणपुर गाविस-१ र ४ को सीमानामा पर्ने बाँदरमुडे खोलामा ना १ ख ३२४५ नं. को बसमा २०६२ साल जेठ २३ गते नेकपा माओवादीका कार्यकर्ताले विद्युतीय धराप विष्फोट गराउँदा ३५ जना सर्वसाधारण र तीन जना सुरक्षाकर्मीसहित ३८ जनाको ज्यान गएको थियो । घटनामा ७२ जना गम्भीर घाइते भएका थिए । घाइतेमध्ये चार जनाको घटनाको केही समयपछि मृत्यु भएको थियो । यसरी घटनामा मृत्यु हुनेको सङ्ख्या ४२ रहेको छ । घाइतेमध्ये १० जना अहिले पनि नियमित औषधी सेवन गर्नुपर्ने अवस्थामा छन् ।

सङ्क्रमणकालीन न्यायको प्रकृया सुरु हुन नसकेका कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनको पूर्णरूपमा उल्लङ्घन भएका यस्ता घटनाहरूका सन्दर्भमा न सत्यतथ्य सार्वजनिक भएको छ, न पीडितलाई न्याय प्राप्त भएको छ । स्मरणीय छ, घटनालगत्तै २०६२ जेठ २३ गते नेकपा ( माओवादी) का अध्यक्ष पुष्पकमल दाहालद्वारा जारी विज्ञप्तिमा घटनामा गल्ती भएको स्वीकार गर्दै घटनाको छानबिन गरी सत्य तथ्य सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

हामी द्वन्द्वको समयमा भएका यस्ता जघन्य अपराधका घटनाका सम्बन्धमा सत्यको निरूपण गरी पीडकलाई कानुनको दायरामा ल्याउने न्यायसङ्गत प्रकृया अविलम्व सुरु गरियोस् भन्ने पीडितहरूको मागप्रति संवेदनशील हुन सरकारलाई आह्वान गर्दछौं । साथै, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक द्वन्द्वकालीन घटनाका पीडितहरूको रायको सम्मान गर्दै उनीहरूलाई न्याय प्रदान गर्ने ध्येयका साथ पारित गर्न संसदमा प्रतिनिधित्व गर्ने सबै दलहरूको ध्यानाकर्षण गर्दछौं ।

**डा. कुन्दन अर्याल**
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

इन्सेक बुलेटिन

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं, फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np, वेबसाइट: www.insec.org.np, www.inseconline.org